# उच्च तथा न्यून सिकाइ उपलब्धिसँग सम्बद्ध तत्वहरू :

# विद्यालय केस/मामला अध्ययन–१ (२०७३)

शैक्षिक गुणस्तर परीक्षण केन्द्र

सानोठिमी, भक्तपुरका लागि


शैक्षिक परिवर्तन प्रतिष्ठान

बानेश्वर, काठमाडौँद्वारा गरिएको अध्ययनको प्रतिवेदन

# उच्च तथा न्यून सिकाइ उपलब्धिसँग सम्बद्ध तत्वहरू :

# विद्यालय केस/मामला अध्ययन–१ (२०७३)


अध्ययनकर्ताहरु

प्रा. डा. अरविन्दराम भोमी (संयोजक)

डा. अग्निप्रसाद काफ्ले

शोभियतराम विष्ट

इन्द्रबहादुर श्रेष्ठ



शैक्षिक गुणस्तर परीक्षण केन्द्र

सानोठिमी, भक्तपुरका लागि

शैक्षिक परिवर्तन प्रतिष्ठान

बानेश्वर, काठमाडौँद्वारा गरिएको अध्ययनको प्रतिवेदन

असार २०७३

# कृतज्ञता ज्ञापन

नेपाल सरकार, शिक्षा मन्त्रालयअन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विद्यालय शिक्षाको गुणस्तर परीक्षण गर्ने सन्दर्भमा आ.व. २०७२/७३ का लागि सिकाइ उपलब्धि उच्च र न्यून भएका काभ्रे र रुकुमका दुई जिल्लाहरूका ४ विद्यालयहरूका विद्यार्थीहरूमा लिइएको उपलब्धि परीक्षाबाट प्राप्त नतिजालाई आधार मानी विद्यार्थीको सिकाइ उपलब्धि उच्च र न्यून हुनाका कारणहरूको पहिचान गरी सुझावसहितको सिफारिस पेस गर्न हाम्रो संस्था शैक्षिक परिवर्तन प्रतिष्ठानलाई छनोट गरिएकोमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रप्रति हाम्रो संस्था, शैक्षिक परिवर्तन प्रतिष्ठान हार्दिक आभार व्यक्त गर्न चाहन्छ ।

विद्यालय तहको शिक्षा सन्तुलित र स्तरीय रुपमा हासिल गराउन पाठयक्रम विकास केन्द्रले प्रत्येक कक्षाको प्रत्येक विषयको सिकाइ उपलब्धि निधार्रण गरेको छ । उक्त सिकाइ उपलब्धि हासिल गर्न शिक्षा मन्त्रालयको विभिन्न निकायहरूले प्रयास गरिरहेका छन् । राष्ट्रको ठूलो लगानी शिक्षा क्षेत्रमा भए तापनि अपेक्षित उपलब्धि हासिल हुन नसकेको कुरा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले बेलाबेलामा गरेको विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणबाट पुष्टि हुन्छ । सन् २०१३ (वि.सं २०७०) मा कक्षा आठको नेपाली, गणित र विज्ञान बिषयमा गरेको अध्ययनबाट विषयगत औसत सिकाइ उपलब्धि क्रमशः ४८%, ३५ %, र ४१ % मात्र ल्याउन सकेको देखिन्छ, जुन अपेक्षित उपलब्धि भन्दा अत्यन्त कम हो ।

अध्ययन/अनुसन्धानको क्रममा हामीले अनुसन्धानकर्ता टोली गठन गरी टोलीका प्रत्येक सदस्यले विद्यालयमा स्थलगत रूपमा नै उपस्थित भई अध्ययन अनुसन्धान गर्ने कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्‍यौं । अध्ययनका लागि विद्यालय अवलोकन फाराम, प्रश्नावली, अन्तर्वार्ता र लक्षित समूह छलफलका लागि गाइडलाइन तयार पारी विद्यालय पुगेका थियौं । अध्ययनको क्रममा विद्यालय अवलोकन, कक्षा अवलोकन, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीसँगको अन्तर्वार्ता र छलफल, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र अभिभावकसँग अन्तरक्रिया जस्ता विविध कार्यहरू गरिएका थिए ।

मामला अध्ययनमा संलग्न गरिएका विद्यालयहरूमा रुकुम जिल्लाका दुईओटा र काभ्रेपलाञ्चोक जिल्लाका दुईओटा गरी जममा चारओटा विद्यालयहरु रहेका थिए ।

अन्तमा, मामला अध्ययनमा सहयोग प्रदान गर्नु हुने सम्बन्धित जिल्लाका जिल्ला शिक्षा कार्यालयका पदाधिकारीहरू, स्रोतव्यक्तिहरू, विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, शिक्षक अभिभावक संघका पदाधिकारीहरू, अभिभावक तथा विद्यार्थीहरूलाई शैक्षिक परिवर्तन प्रतिष्ठान हार्दिक धन्यवाद ज्ञापन गर्दछ । आवश्यक सल्लाह सुझाब दिई फिल्ड कार्यमासमेत सरिक हुनु भएकोमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख, सहसचिव डा. लेखनाथ पौडेलप्रति विशेष आभार प्रकट गर्दछौं । साथै केस/मामला अध्ययनलाई अवधारणागतरुपमा स्पष्ट पार्न सहयोग पुर्‍याउनु हुने शैक्षिक गुणस्तर परीक्षण केन्द्रका उपसचिव श्री गोपाल भट्टराई र उहाँका सहयोगीहरूलाई धन्यवाद दिन चाहन्छौं ।

**अध्ययनकर्ताहरु**

**२०७३, असार** **शैक्षिक परिवर्तन प्रतिष्ठान, काठमाडौं**

# विषयसूची


| विषयवस्तु | पृष्ठ |
|---|---|
| कृतज्ञता ज्ञापन | अ |
| विषय सूची | आ |
| तालिका र चित्रहरुको सूची | इ |
| सारसङ्क्षेप | १ |
| परिच्छेद १: परिचय | १२ |
| परिच्छेद २: अध्ययन विधि | १६ |
| परिच्छेद ३: विद्यालयका केस अध्ययनहरु | २० |
| ३.१ श्री ज्योति विद्यालय, काभ्रे | २० |
| ३.२ श्री जीवनपुर विद्यालय, काभ्रे | ३० |
| ३.३ श्री हिमालय विद्यालय, रुकुम | ३९ |
| ३.४ श्री सरोवर विद्यालय, रुकुम | ४७ |
| परिच्छेद ४: क्रस चेक विश्लेषण तथा प्राप्तिहरु | ५८ |
| परिच्छेद ५: निष्कर्ष तथा सिफारिसहरु | ६७ |
| सिफारिस एवम् सुझावहरु कार्यान्वयनको चरण | ७५ |
| सन्दर्भ ग्रन्थहरुको सूची | ८८ |
| अनुसूची १ तथ्याङ्क सङ्कलनका साधनहरु | ९० |
| अनुसूची २ अध्ययनमा संलग्न अनुसन्धानकर्ता तथा जिम्मेवारी | ११५ |
| अनुसूची ३ अध्ययनको कार्यतालिका | ११६ |

## तालिका सूची


| **क्र.सं** | **विषयवस्तु** | **पृष्ठ** |
|---|---|---|
| तालिका १.१ | शिक्षा प्रक्रियासित विभिन्न तत्वहरुको विश्लेषण | १५ |
| तालिका ३.१ | विद्यार्थी सहयोग कार्यक्रम | २६ |
| तालिका ३.२ | विद्यार्थी सहयोग कार्यक्रम | ३५ |
| तालिका ३.३ | विद्यार्थी सहयोग कार्यक्रम. | ४३ |
| तालिका ३.४ | जनसङ्ख्या र विद्यालयमा बालबालिकाको वितरण | ४७ |
| तालिका ३.५ | विषयगत शिक्षकको उपलब्धता र विद्यार्थीको उपलब्धिस्तर | ५० |
| तालिका ४.१ | केस अध्ययनमा परेका विद्यालयका शिक्षकका प्रकार | ६६ |
| तालिका ४.२ | योग्यताका आधारमा केस अध्ययनमा परेका विद्यालयका शिक्षकका प्रकार | ६७ |


## चित्र सूची


| क्र.सं | विषयवस्तु | पृष्ठ |
|---|---|---|
| चित्र २.१ | बहु केस अध्ययन अवधारणात्मक खाका | १९ |
| चित्र ३.१ | प्रधानाध्यापकको सिकाइप्रतिको चासो | ४९ |
| चित्र ४.१ | प्रधानाध्यापकको सिकाइ उपलब्धिको चासो | ५९ |

# सारसङ्क्षेप (Executive Summary)

## सन्दर्भ

नेपालमा "सबैका लागि शिक्षा कार्यक्रम" सन् २००१–२०१५ ले पहुँचमा विशेष जोड दिइएको थियो । हालै शिक्षाको गुणस्तरमा सुधारमा विशेष जोड दिन थालिएको छ । शिक्षा सन् २०३० का लागि इन्चेन घोषणाले आउने १५ वर्षका लागि शिक्षामा नयाँ दूरगामी सोच बनाएको छ । यस घोषणाले शिक्षालाई सबैका लागि समावेशी, समतामूलक, गुणस्तरयुक्त र जीवनपर्यन्त सिकाइतिर लैजान कार्य योजनाको खाका तयार पारेको छ ।

शिक्षामा गुणस्तर निर्धारण गर्ने तत्वहरूमध्ये विद्यार्थीहरूको सिकाइ उपलब्धि एक हो । विद्यालय तहको सुरुका कक्षामा निरन्तर मूल्याङ्कन प्रणाली वा परम्परागत परीक्षा प्रणाली मार्फत सिकाइ उपलब्धि मापन गर्ने कार्य भइरहेको छ । यसका साथै समय समयमा भएका विद्यार्थी सिकाइ उपलब्धिका राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement) हरूले नेपालका विद्यालयहरूको कक्षा ३, ५ र ८ का विद्यार्थीहरूको विभिन्न विषयमा औसत सिकाइ उपलब्धि उजागर गरेको छ । यी लेखाजोखाहरूले केही विद्यालयहरूमा सिकाइ उपलब्धि राम्रो भएको देखाए तापनि समग्रमा सिकाइ उपलब्धि सन्तोषजनक नभएको देखाएको छ । सन् २०१५ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रकाशन गरेको प्रतिवेदनमा कक्षा ८ का विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि गणितमा ३५ %, नेपालीमा ४८ % र विज्ञानमा ४१ % रहेको कुरा उल्लेख गरिएको छ (Education Review Office, 2015) । यस नतिजालाई ध्यानमा राख्दा शिक्षा क्षेत्रमा गरिएको लगानीअनुरूप विद्यार्थी सिकाइ उपलब्धिमा सुधार हुन नसकेको स्पष्ट हुन्छ । यही तथ्यलाई ध्यानमा राखी देशका विभिन्न भौगोलिक क्षेत्र, जातजाति र भाषाभाषि बसोवास गरेका क्षेत्रमा अवस्थित विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरू पहिचान गर्ने र सिकाइ उपलब्धिमा सुधार ल्याउनका लागि आवश्यक उपायहरूको खोजी गर्ने मुख्य अभिप्रायले यो केस/मामला अध्ययन गरिएको हो ।

## अध्ययनका उद्देश्यहरू

यस अध्ययनका तीन उद्देश्यहरू रहेका छन् : पहिलो, अध्ययनमा परेका विद्यालय प्रभावकारी (राम्रो कार्य प्रदर्शन गर्ने) हुनाका सम्बद्ध अवस्थाहरू/तत्वहरू तथा अप्रभावकारी (न्यून कार्य प्रदर्शन गर्ने) हुनाका बाधकहरूको खोजी गर्नु ; दोस्रो, अध्ययनमा परेका विद्यालय मा अध्ययनरत विद्यार्थीको उच्च

र न्यून सिकाइ उपलब्धिसँय सम्बद्ध तत्वहरूको पहिचान गर्नु; र तेस्रो, विद्यार्थीहरूको सिकाइ उपलब्धि र विद्यालय प्रभावकारितामा सुधार ल्याउन सुझावहरू प्रस्तुत गर्नु ।

## अध्ययन विधि

यो अध्ययन बहु केस अध्ययन (Multiple Case Study) प्रकारको छ । यो अध्ययन मूलतः गुणात्मक विधिमा आधारित छ । गुणात्मक सूचनालाई अनुपूरण गर्न आवश्यकतानुसार परिमाणात्मक तथ्याङ्क प्रयोग गरिएका छन् ।

केस अध्ययनका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तोकिदिएका काभ्रेपलाञ्चोक र रुकुम जिल्लाका एक/एक प्रभावकारी र एक/एक कम प्रभावकारी विद्यालय गरी जम्मा चारओटा विद्यालय समावेश गरिएको थियो । ती विद्यालयहरू NASA को गणितको नजितालाई ध्यानमा राखी अभिप्रायपूर्ण विधिअनुरूप छानिएका थिए (Education Review Office, 2015) ।

विद्यालय र विद्यार्थीहरूको केस अध्ययनका लागि आवश्यक जानकारी प्राप्त गर्न ४ जना प्रधानाध्यापक, १२ जना शिक्षकहरू, ३२ जना विद्यार्थीहरू (समूह छलफलका लागि), ८ जना विद्यार्थीहरू (प्रत्येक विद्यालयबाट २ जना केस अध्ययनका लागि), ३२ जना विद्यालय व्यवस्थापन समिति र शिक्षक–अभिभावक संघका अध्यक्ष/सदस्यहरू र ४ जना जिल्ला शिक्षा कार्यालयका अधिकृतको यस अध्ययनमा सहभागिता रहेको थियो ।

यस अध्ययनका लागि सूचना/तथ्याङ्क सङ्कलनका लागि १. विद्यालय सर्वेक्षण फाराम र प्रश्नावली, २. प्रधानाध्यापक, शिक्षकहरू र विद्यार्थीका लागि बेग्लाबेग्लै अर्धसंरचित अन्तरवार्ता प्रश्नावली, ३. जिल्ला शिक्षा कार्यालयका अधिकृतका लागि असंरचित अन्तर्वार्ता प्रश्नावली, ४. प्रत्यक्ष अवलोकन तथा पार्टिसिपेन्ट अवलोकनका लागि मार्गनिर्देशन, ५. विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र शिक्षक–अभिभावक संघका पदाधिकारीका लागि लक्षित समूह छलफलका लागि मार्ग निर्देशन तयार गरिएको थियो । यी साधनहरूलाई सम्बन्धित विज्ञहरूको सुझाबहरू समेत समावेस गरी अन्तिम रूप दिइएको थियो ।

यस अध्ययनका लागि सूचना तथा तथ्याङ्क सङ्कलन गर्नका लागि प्रत्येक जिल्लाका लागि परामर्शदाता संस्थाको तर्फबाट बनाइएको दुई/दुई जनाको टोलीले जिल्ला शिक्षा कार्यालय र विद्यालयमा आफै उपस्थित भई निर्मित साधनहरू प्रयोग गरी सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो ।

विभिन्न स्रोतबाट सङ्कलित सूचना/तथ्याङ्कलाई विभिन्न शीर्षकमा राखी तार्किक विश्लेषण गरी अध्ययनमा समावेश गरिएका प्रत्येक विद्यालयको अलग्ग अलग्ग केस अध्ययन प्रतिवेदन तयार गरिएको

छ । यसरी नै प्रत्येक विद्यालयबाट कम्तीमा दुईजना विद्यार्थीको केस अध्ययन प्रतिवेदन तयार गरिएको छ । यी केस अध्ययनको आधारमा Cross Case Findings को एक अलग्ग परिच्छेद तयार गरिएको छ । प्राप्तिहरूको सम्भावित अर्थहरू निकाली नीतिगत तह, अभ्यास तह र थप अनुसन्धानका लागि आवश्यक सुझावहरू प्रतिवेदनमा समावेश गरिएका छन् ।

## निष्कर्षहरू

केस अध्ययनमा परेका विद्यालयमा उपलब्ध आगत (Input) लाई भौतिक संरचना (भवन, कक्षाकोठा, फर्निचर, शैक्षिक सामग्री), शिक्षक सङ्ख्या, विद्यार्थी सङ्ख्याको आधारमा राम्रै मान्न सकिन्छ । शिक्षक योग्यता पुगेका छन्, अधिकांश शिक्षक तालिम प्राप्त छन् र पाठ्यपुस्तक उपलब्ध भएका छन् । आगत (Input), प्रक्रिया (Process) र उपलब्धि (Output) का आधारमा हेर्दा, आगत राम्रै भए तापनि चारमध्ये तीन विद्यालयको सिकाइ उपलब्धि सन्तोषजनक छैन । यसको अर्थ प्रक्रियामा कमी कमजोरी भएको स्पष्ट छ । प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिको राम्रो टोली कार्य (Team work) नहुनु र कक्षाभित्र शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी नहुनु सिकाइ उपलब्धि कमजोर हुनुको प्रमुख कारण हुन् ।

केस अध्ययनमा समावेश गरिएका विद्यालयमा जुन विद्यालय्का प्रधानाध्यापक र शिक्षक विद्यार्थीको सिकाइ उपलब्धि प्रति सचेत छन् र जुन विद्यालयले विद्यार्थीको सिकाइ र परीक्षाको नतिजाको विश्लेषण गरी पृष्ठपोषण दिने काम गर्छन् सो विद्यालयमा सुधार देखिएको छ र त्यस्तो विद्यालय को सिकाइ उपलब्धि राम्रो भएको छ । जुन विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन र कक्षोन्नति नीतिको नाममा त्यसको मूल मर्म नै नबुझिकन विद्यार्थीहरूलाई कक्षा चढाउने गरेको छ, त्यस्तो विद्यालयको सिकाइ उपलब्धि न्यून रहेको देखिन्छ ।

हालको सन्दर्भमा विद्यालयको अस्तित्व जोगाउनु सामुदायिक विद्यालयका लागि ठूलो चुनौती भएको छ । यस परिस्थितिलाई बुझेर र अभिभावकको चाहनाअनुसार केस अध्ययनमा परेका दुईओटा सामुदायिक विद्यालयले विद्यार्थीहरूको सिकाइ उपलब्धि राम्रो पार्न संस्थागत विद्यालय सरहको अङ्ग्रेजी माध्यमबाट शिक्षा दिने किसिमले आफूलाई परिणत गरेको छ । यसलाई ठूलो र महत्वपूर्ण परिवर्तन (Paradigm Shift) को रूपमा लिन सकिन्छ । यस परिवर्तनले शिक्षकले प्रभावकारी किसिमले अध्यापन गर्न मिहिनेत गरेका छन् । यस किसिमको पढाइका लागि विद्यालय योग्य शिक्षक छनोट गर्न बाध्य भएको छ । सरकारको तर्फबाट शिक्षक नियुक्ति गर्न राहत कोटा वा दरवन्दि नपाएकोले योग्य शिक्षकको व्यवस्था गर्न अभिभावकहरू शुल्क तिरिरहेका छन् । सरकारले माध्यमिक तहसम्म निशुल्क शिक्षा दिने व्यवस्था गरेपनि अनुमति पाएका विद्यालयलाई राहत कोटा वा शिक्षक दरबन्दि दिन

नसकेको अवस्थामा शुल्क लिनुको विकल्प भएन ।

विद्यालयमा ठूलो र महत्वपूर्ण परिवर्तन ल्याउनका लागि सिकाइ उपलब्धि राम्रो भएको विद्यालयमा दूरगामी सोच भएको, विद्यालय प्रति समर्पित (विद्यालयका लागि पर्याप्त समय दिन सक्ने) र शैक्षणिक नेतृत्व दिन सक्ने प्रधानाध्यापक नियुक्ति गरिएको छ र यस्तो प्रधानाध्यापक भएको विद्यालयमा सिकाइ उपलब्धि राम्रो भएको छ । समर्पण विना जेष्ठता र शैक्षिक योग्यताको आधारमा मात्र नियुक्त प्रधानाध्यापकले सिकाइ उपलब्धिमा सुधार ल्याउन सक्छ भन्ने सुनिश्चित गर्न सकिंदैन ।

"आफ्नो विद्यालय  आफै बनाऔं ।" भन्ने उत्तम विचार राख्ने विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भएको विद्यालयमा पनि प्रधानाध्यापकको समर्पणको कमीले विद्यार्थी सिकाइ उपलब्धि राम्रो पार्न सकिएको देखिंदैन । कुनै विद्यालयमा प्रधानाध्यापकको समर्पणको कमी र कुनै विद्यालयमा प्रधानाध्यापक नरम मिजासको भएको कारणले शिक्षकहरूको पूर्ण क्षमताको सर्वोत्तम उपयोग गर्न सकेको देखिंदैन । यसले सिकाइ उपलब्धि उच्च बनाउने काममा सहयोग पुर्‍याउन सकेको छैन ।

विद्यालय  व्यवस्थापन समितिको अध्यक्ष पहुँचवाला भएको विद्यालयमा सिकाइ उपलब्धि  उच्च बनाउन आवश्यक पुर्वाधार तयार भएको छ । पहुँचवाला अध्यक्षले भवन निर्माणका लागि स्रोत जुटाई दिएको, सूचना तथा सञ्चार प्रविधिका उपकरणको प्राप्त गरी तत्सम्बन्धी ल्यावको व्यवस्था गरिदिएको र सक्षम शिक्षकको व्यवस्था गरिदिएको कारणले सिकाइ उपलब्धि राम्रो भएको छ ।

केस अध्ययनमा समावेश गरिएका चारओटै विद्यालयहरुमा शिक्षक सहयोग कार्यक्रमको व्यवस्था गरिएको नभए तापनि विद्यार्थी सहयोग कार्यक्रमको व्यवस्था गरिएको छ । निसन्देह बढी विद्यार्थी सहयोग कार्यक्रम भएको विद्यालयको सिकाइ उपलब्धि राम्रो नै देखिएको छ ।

सामुदायिक विद्यालयमा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्नु पर्दछ तर सिकाइ उपलब्धि राम्रो भएको सामुदायिक विद्यालयमा अङ्ग्रेजी  माध्यममा शिक्षा दिनका लागि शुल्क लिइरहेको अवस्था छ ।

परिवारको साँस्कृतिक पुँजी वा गैर आर्थिक पुँजीले पनि विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई ठूलै प्रभाव परेको छ । परम्परागत साँस्कृतिक पुँजी जस्तै सामाजिक तथा धार्मिक रीतिरिवाज (धेवा, विवाह, चाँडपर्व) र हालै विद्यालयको सेवा क्षेत्रमा विकृतिको रूपमा विकसित अभ्यासहरू र पैसा कमाउने ( वोधिचित्त रुङ्ने र यार्सा टिप्ने) कार्यले विद्यार्थीहरूको सिक्ने अभिरुचिमा ह्रास आएको छ । यसले सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव परेको छ । अर्कोतिर जुन विद्यालयको सेवा क्षेत्रका अभिभावकको राम्रो साँस्कृतिक पुँजी बनाएको छ, यसले सिकाइमा सकारात्मक प्रभाव पनि पारेको छ ।

## सिकाइ उपलब्धि सुधारका लागि नीतिगत सुझावहरू

विद्यालयको प्रभावकारिता र विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च बनाउन देहायका सुझावहरू दिइएका छन् ।

- विद्यालयलाई विकास गर्ने दूरगामी सोच, विद्यालयप्रति समर्पण र शैक्षणिक नेतृत्व दिन सक्ने क्षमतालाई मूल आधार मानी सक्षम प्रधानाध्यापक नियुक्तिको लागि नाम सिफारिस गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिलाई दिने व्यवस्था गर्ने ।
- स्रोत जुटाउन सक्ने, विभिन्न संस्थाहरूसँग समन्वय गरी सहयोग प्राप्त गर्न सक्ने र शैक्षणिक अभ्यासबारे जानकारी भएको अभिभावक वा समुदायका प्रभावशाली व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाउन सकिने व्यवस्था गर्ने ।
- विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च पार्नका लागि विद्यार्थी सहयोग कार्यक्रम र शिक्षक सहयोग प्रणाली तयार गरी कार्यान्वयन गर्ने ।
- परिवर्तित शैक्षिक सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति नीतिलाई पुनर्विचार गरी परिमार्जन र परिष्कृत गर्ने ।
- नेपालको संविधान, २०७२ मा उल्लेख भएअनुसार बालबालिकाहरूलाई माध्यमिक तहसम्म निशुल्क शिक्षा उपलब्ध गराउनका लागि अनुमति प्राप्त विद्यालयलाई शिक्षकको तलब भत्ता उपलब्ध गराउने अथवा विद्यालयले निशुल्क शिक्षा लगायत विद्यार्थीका लागि थप सिकाइसम्बन्धी कार्यक्रम चलाउन चाहेमा अभिभावकहरूकै परामर्श र स्वीकृतिमा थप शुल्क लिन पाउने व्यवस्था गर्ने ।

## सिकाइ उपलब्धि सुधारका लागि अभ्यास तहका सुझावहरू

- **प्रधानाध्यापकका लागि सुझाव**

सैद्धाान्तिक रूपमा प्रधानाध्यापकले शिक्षकप्रतिको चासो (Concern for teachers) र विद्यार्थीको सिकाइ उपलब्धि प्रतिको चासो (Concern for students' achievement) दुवैमा यथेष्ट ध्यान राख्नु पर्दछ । प्रधानाध्यापक आफैले सिकाइ उपलब्धि, निरन्तर मूल्याङ्कन प्रणाली र कक्षोन्नति नीतिबारे पर्याप्त जानकारी प्राप्त गरी यसबारे शिक्षक र विद्यार्थीलाई स्पष्ट रूपमा जानकारी गराउनु पर्दछ । यसलाई सही रूपमा कार्यान्वयन गर्नु पर्दछ ।

वर्तमानमा प्रधानाध्यापकले प्रजातान्त्रिक शैली अपनाई सम्पूर्ण शिक्षकहरूलाई टोली कार्य (Team work) मा संलग्न गराई Synergistic effect निकाल्नु पर्दछ ।

शिक्षकको कार्य प्रदर्शन र कार्य सन्तुष्टिबीच सकारात्मक सम्बन्ध छ भन्ने कुरामा प्रधानाध्यापक सचेत हुनु पर्दछ। यसका लागि शिक्षकहरूलाई उत्प्रेरित गर्दै उनीहरूको कार्य सन्तुष्टिलाई उच्च राख्न अत्यन्त जरुरी छ। प्रधानाध्यापकले शिक्षकको कार्य संलग्नता (Job Involvemment) कति छ बुझ्न उनीहरू शिक्षण कार्यमा कति डुबेर कार्य गरेका छन् लेखाजोखा गर्नु पर्दछ।

शिक्षकको कक्षा भारले गर्दा व्यक्ति विद्यार्थीलाई ध्यान दिन नसक्ने बारेमा प्रश्न उठ्ने गर्दछ। यसका लागि विद्यालय तहमा गृहकार्य र परियोजना कार्य जस्ता कार्यलाई दैनिक/साप्ताहिक कार्यतालिकामा समावेश गर्ने प्रावधान राख्न सकिन्छ कि ?

- **शिक्षकका लागि सुझाब**

विद्यालय केस अध्ययनको आधारमा शिक्षकहरूमा Reflective Practice बारे कम मात्र ज्ञान भएको र यसको प्रयोग भएको पाइएन। यसर्थ उनीहरूलाई Reflective Practitioner हुन प्रोत्साहन गर्नु अत्यन्त जरुरी छ। मूलतः सिकाइ उपलब्धिमा सुधार ल्याउनका लागि शिक्षकहरू आफै सिकाइ उपलब्धि कै बारे स्पष्ट हुन जरुरी छ। यसका लागि उनीहरू पाठ्यक्रम र पाठ्यक्रम सामग्रीसँग परिचित रहनुपर्ने र निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिबारे स्पष्ट हुनु पर्दछ। शिक्षकले आफूले पढाएको विषयमा विद्यार्थीको सफलता र असफलताबारे जवाफदेहिता लिने अभ्यासको थालनि गर्नु जरुरी भइसकेको छ। यसले सिकाइ उपलब्धि सुधारमा पर्याप्त सहयोग पुग्ने निश्चित छ।

- **विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई सुझाब**

विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई शिक्षा ऐन तथा नियमावलीमा उल्लिखित कार्य प्रति सचेत गराउने, विद्यार्थी उच्च सिकाइ उपलब्धि बारे जानकारी दिने र त्यसका लागि उनीहरूले गर्न सक्ने योगदान बारे जानकारी दिई आवश्यक सहयोग दिन तत्पर बनाउनु अति सान्दर्भिक र आवश्यक हुन्छ।

- **स्थानीय निकायलाई सुझाब**

स्थायी शिक्षकको व्यवस्था नभएसम्म विज्ञान र गणित जस्ता विषयमा स्थानीय निकाय जस्तै गाउँपालिका र नगरपालिकाले आफूलाई प्राप्त बजेटको केही हिस्सा शिक्षा क्षेत्रमा प्रयोग गरेमा विषयगत शिक्षकको समस्या समाधान हुन्छ। यस प्रकारको स्रोतबाट शिक्षक राख्न सकेमा यी विषयमा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन उल्लेखनीय भूमिका खेल्न सक्छ।

- **विद्यार्थी सहभागिता**

शिक्षणसिकाइको मुख्य सक्रिय कर्ता भनेका विद्यार्थी हुन्। कम प्रभावकारी विद्यालयको कक्षा अवलोकनको क्रममा देखिएको सानो कुराले ल्याउने ठूलो प्रभावको उदाहरण पृष्ठ ६२ मा प्रस्तुत

गरिएको छ । यस उदाहरणलाई ध्यानमा राख्दा कम्तीमा कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई गुणस्तरयुक्त कापी र सिसाकलमको व्यवस्था गर्नु अत्यावश्यक देखिन्छ । यस्का साथै विद्यार्थीहरूलाई Role Model का प्रशस्त उदाहरणमार्फत सिकाइप्रति उत्प्रेरित गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

- **स्रोतकेन्द्र र जिल्लाबाट अनुगमन तथा मूल्याङ्कन**

जिल्ला शिक्षा कार्यालय तथा स्रोतकेन्द्रको मुख्य भूमिका भनेको गुणस्तर सुधारका लागि नवीनतम प्रविधि विद्यालयमा पठाउने, पुगेनपुगेको अनुगमन गर्ने, शिक्षणसिकाइको सुधारका लागि निरन्तर मूल्याङ्कन प्रणाली, परीक्षा र सिकाइ उपलब्धि जस्ता विषयमा शिक्षकहरूको तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने, कक्षा अवलोकन र पृष्ठपोषण सञ्चालनमा प्रधानाध्यापकलाई तालिम प्रदान गर्नुपर्दछ ।

- **शिक्षकहरूको पेसागत सङ्घ सङ्गठनलाई सुझाब**

शिक्षकहरूको पेसागत सङ्घ सङ्गठनहरूले आफ्नो पेसागत हकहितमा मात्र सीमित नरही कक्षाकोठामा गरिने शिक्षण सिकाइको गुणस्तर उठाउनमा आफ्ना क्रियाकलाप फैलाउने गर्नु आजको माग हो र यो कार्यबाट तत्काल शिक्षाको गुणस्तरमा सुधार हुनसक्ने र विद्यार्थी तथा शिक्षकको प्रिय हुने तथा राज्यले गर्व गर्ने ठाउँ पनि रहने हुन्छ । किनभने कक्षामा पढाउने शिक्षक हन्, शिक्षाको गुणस्तर सुधारमा उनीहरू कै अग्रणी भूमिका रहनु पर्छ शिक्षा मन्त्रालयको होइन ।

## सिकाइ उपलब्धि सुधारका लागि अनुसन्धान तहका सुझाबहरू

विद्यालयहरूमा शिक्षकहरूको शिक्षण सुधार गरी विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च बनाउन क्रियात्मक अनुसन्धान (Action research) गर्ने समय आइसकेको छ । परामर्शदाताले परामर्श मात्र दिने नभई आफै शिक्षक र विद्यार्थीसित घुलमिल भई काम गर्ने व्यवस्था मिलाउनु पर्दछ । अभ्यास-उन्मुख अर्थात Intervention गर्ने खालको क्रियात्मक अनुसन्धान गर्ने सुझाब दिइन्छ । अर्थात् शिक्षकको शिक्षण सीप विकास गर्ने र विद्यार्थीको सिकाइ उपलब्धि बढेको प्रदर्शन गर्ने गरी क्रियात्मक अनुसन्धान गर्न सुझाब दिइएको छ ।

## परिच्छेद एक

## परिचय

### १.१ अध्ययनको सन्दर्भ

नेपालमा विद्यालय शिक्षामा सुधार ल्याउने प्रयासहरू भइरहेको परिणामस्वरूप हालै प्राथमिक (कक्षा १ देखि ५) र आधारभूत (कक्षा १ देखि ८) तहहरूमा खुद भर्ना दर क्रमशः ९६.२% र ८७.५% पुगेको छ । यसरी नै माध्यमिक तहमा खुद भर्ना दर (कक्षा ९ देखि १०) ५६.१% छ (Department of Education, 2014) । प्राथमिक तथा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच उल्लेख्य देखिए तापनि माध्यमिक तहमा अझै सुधार गर्न आवश्यक भएको स्पष्ट देखिन्छ ।

विद्यालय शिक्षाको गुणस्तर मापनका आधारहरूमध्ये सिकाइ उपलब्धिलाई एउटा प्रमुख आधारको रूपमा लिइन्छ । विद्यार्थीहरूको सिकाइ उपलब्धि निर्धारण गर्नका लागि विद्यालय तहमा शिक्षक निर्मित परीक्षा अथवा आधारभूत तहमा निरन्तर मूल्याङ्कन प्रणाली प्रयोग गरिन्छ । त्यसैको आधारमा विद्यार्थीहरूलाई तल्लो कक्षाबाट माथिल्लो कक्षामा चढाइन्छ । यसका साथै राष्ट्रिय स्तरमा विद्यार्थीहरूको सिकाइ उपलब्धि पत्ता लगाउन **विद्यार्थी सिकाइ उपलब्धिका राष्ट्रिय परीक्षण** (National Assessment of Student Assessment - NASA) गरिएका छन् । यस प्रकारको लेखाजोखा विशेषतः कक्षा ३, ५ र ८ को नेपाली, गणित, सामाजिक अध्ययन, विज्ञान र अङ्ग्रेजीमा गरिएका छन् । यी अध्ययनहरूले देशमा शैक्षिक सुधारका लागि गरिएका प्रयासहरूले विद्यार्थीहरूको सिकाइ उन्नत भएको प्रमाण दिन पर्याप्त आधार नभएको औँल्याएका छन् (EDSC, 2008) । सन् २०११ मा गरिएको NASA को प्रतिवेदन अनुसार कक्षामा ८ मा विद्यार्थीहरुको औसत उपलब्धि गणितमा ४३ %, नेपालीमा ४९ % र सामाजिक अध्ययनमा ४७ % मात्र रहेको छ । सन् २०१२ मा गरिएको NASA को प्रतिवेदन अनुसार कक्षामा ५ मा विद्यार्थीहरूको औसत उपलब्धि गणितमा ५३.३ %, नेपालीमा ५९.७ % र अङ्ग्रेजीमा ५३.६ % रहेको छ । यसरी नै सन् २०१२ मा गरिएको NASA अनुसार कक्षामा ३ मा विद्यार्थीहरूको औसत उपलब्धि गणितमा ५९.४ % र नेपालीमा ६२.२ % पाइएको छ (Department of Education, 2014)।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रकाशित गरेको प्रतिवेदनमा कक्षा ८ का विद्यार्थीहरूको सिकाइ उपलब्धि गणितमा ३५%, नेपालीमा ४८% र विज्ञानमा ४१ % रहेको कुरा उल्लेख गरिएको छ (Education Review Office, 2015) । यी विषयहरूमध्ये नेपाली र गणितमा विद्यार्थीको सिकाइ उपलब्धि २०११ को NASA को नतिजाको तुलनामा कम भएको पाइएको छ । यसरी सिकाइ

उपलब्धि  बढनुको सट्टा घटनुको मूल कारण पत्ता लगाउन यो अध्ययन गर्न उक्त केन्द्रले गरेको NASA प्रतिवेदनले सुझाब दिएको छ (Education Review Office, 2015)। उक्त अध्ययनले जिल्ला जिल्ला बीच, विद्यालय  विद्यालय  बीच र विद्यार्थी विद्यार्थी बीच सिकाइ उपलब्धि फरक रहेको कुरा समेत औँल्याएको छ। अर्थात् कुनै विद्यालयको कार्य प्रदर्शन राम्रो हुनु, कुनैको नराम्रो हुनु, कुनै विद्यार्थीको सिकाइ उपलब्धि  राम्रो र कुनैको नराम्रो हुनुमा शिक्षक विद्यार्थीमा राम्रो सञ्चार नभएको, उनीहरूको मनोवृति सकारात्मक हुन नसकेको र उपयुक्त तथा आधुनिक प्रविधि प्रयोग भए/नभएको कारणले के कस्तो भूमिका खेल्न सक्दछ भन्ने कुरा अध्ययनको विषय भएको छ।

उल्लिखित तथ्यहरूले प्राथमिक तथा आधारभूत तहमा विद्यार्थीको पहुँच राम्रै भए तापनि सिकाइ उपलब्धि मा आशातित सुधार नभएको देखाउँछ। तसर्थ कुनै विद्यालयको सिकाइ उपलब्धि राम्रो हुनु र कुनैको कमजोर हुनु, कुनै विद्यार्थीको सिकाइ उपलब्धि राम्रो हुनु र कोहीको कमजोर हुनाका कारण पत्ता लगाउन सकेमा सिकाइ उपलब्धिमा सुधार ल्याउन सहयोग पुऱ्याउन सकिने कुरालाई ध्यानमा राखी यो अध्ययन गर्न सान्दर्भिक र समसामयिक भएको हो। विशिष्ट रूपमा व्यक्त गर्दा एउटै जिल्लामा र एकै परिवेशमा रहेका विद्यालय विद्यालय बीचको प्रभावकारिता र विद्यार्थीहरूको सिकाइ उपलब्धिमा रहेको भिन्न अवस्थालाई केस अध्ययन गरी समस्याको मुल जरो पहिचान गर्नु पर्ने आवश्यकता रहेको छ।

## १.२ अध्ययनको औचित्य

विद्यालयको प्रभावकारिता विद्यालयको कार्यप्रदर्शनले निर्धारण गर्दछ। विद्यालयको कार्यप्रदर्शन विद्यार्थीहरूको सिकाइ उपलब्धिले झल्काउँछ। विद्यालय प्रभावकारितासम्बन्धी प्रश्न यो सर्न्दभमा अभिरुचिपूर्ण छ कि विद्यालयहरूका कार्यप्रदर्शन फरक फरक हुन्छन्। विद्यालयका कार्यप्रदर्शन फरक हुनु भनेको कुनै विद्यालयका विद्यार्थीहरू सिकाइ उपलब्धि उच्च भने कुनैको न्यून हुनु हो। अझै उस्तै सिक्ने क्षमता र सामाजिक–आर्थिक पृष्ठभूमिबाट आएका बालबालिकाको सिकाइ उपलब्धि  फरक फरक पाइएको छ। किन एउटा विद्यालयको कार्यप्रदर्शन अर्को विद्यालयको तुलनामा फरक हुन्छ भन्ने प्रश्नको उत्तर प्राप्त गर्नु महत्वपूर्ण छ। नेपालको सन्दर्भमा उल्लेख गर्दा समग्रमै विद्यालयहरूको प्रभावकारिता सन्तोषजनक नभएको विभिन्न समयमा भएका विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले स्पष्ट पारेको छ (EDSC, 1997: EDSC, 1999: EDSC, 2001: EDSC, 2003: EDSC, 2008; ERO, 2013)। यस निष्कर्षलाई ध्यानमा राख्दा विभिन्न पक्षबाट भइरहेका प्रयासहरू र लगानीबाट यथोचित उपलब्धि हासिल गर्न विद्यार्थी सिकाइ उपलब्धि न्यून हुनुका कारणहरू पहिचान गरी तिनीहरूलाई सम्बोधन गर्नु अत्यन्त आवश्यक छ।

विद्यालय प्रभावकारितासम्बन्धी भएका अध्ययनहरूले विद्यार्थीको सिकाइ उपलब्धि सम्बन्धित प्रश्नहरूलाई सम्बोधन गर्न विभिन्न तत्वहरू पहिचान गरेका छन् । अर्थशास्त्रीहरूले स्रोतको आगत अर्थात् प्रति विद्यार्थी खर्चलाई जोड दिएका छन् । शैक्षणिक मनोवैज्ञानिकहरूले कक्षाकोठा व्यवस्थापन अर्थात् शिक्षक विद्यार्थीले शिक्षण सिकाइमा लगाएको समय र शैक्षणिक प्रविधिहरूलाई औँल्याएका छन् । यसरी नै शिक्षाशास्त्रका विज्ञहरू र समाजशास्त्रीहरूले विद्यालयको सङ्गठन अर्थात् नेतृत्व शैलीलाई पहिचान गरेका छन् (Scheerens, 2000) । समाजशास्त्री विशेषत: Bourdieu को धारणा साँस्कृतिक पूँजी अर्थात् गैर आर्थिक पूँजी जस्तै एउटा सामाजिक वर्गको सीप, रुचि, लवाइ खवाइ, चालचलन, सरसामानको स्वामित्व आदिले पनि विद्यार्थीहरूको सिकाइलाई प्रभाव पार्दछ । Bourdieu ले सामाजिक असमानताको मुख्य स्रोत सामाजिक पूँजी हो भन्ने कुरा औँल्याएका छन् । साँस्कृतिक पूँजीका केही रूप एक वर्गलाई केही रूप अर्को वर्गलाई मुल्यवान हुन्छ । त्यसले सामाजिक गतिशीलतालाई प्रोत्साहन दिन वा बाधा दिन सक्दछ । सामाजिक गतिशीलतामा आम्दानी वा धनलाई सङ्केत गर्दछ । यसका साथै साँस्कृतिक पूँजीले कुनै सामाजिक वर्ग विशेषका बालबालिकाहरूको शिक्षा प्राप्ति वा सिकाइलाई प्रभाव पार्न सक्दछ ।

Bourdieu का अनुसार साँस्कृतिक पुँजी तीन रूपमा आउँछ : प्रतिनिधित्वमुखी (embodied), वस्तुमुखी (objectified), र संस्थागत (institutionalized) । कसैको भाषाको उच्चारण वा भाषिका प्रतिनिधित्वमुखी साँस्कृतिक पुँजीको उदाहरण हो । वस्तुमुखी साँस्कृतिक पुँजीको उदाहरणको रूपमा आरामदायी कारको रूपमा लिन सकिन्छ भने प्रमाणपत्र र योग्यता जस्तै डिग्री वा उपाधिहरूलाई संस्थागत साँस्कृतिक सक्षमता र प्राधिकारको संकेतको रूपमा लिइन्छ file:///C:/Users/DELL/Downloads/Cultural%20capital%20-%20Wikipedia,%20the%20free%20encyclopedia.html.) ।

Bourdieu को अर्को अवधारणा Habitus ले साँस्कृतिक पुँजीको भौतिक प्रतिरूपलाई जनाउँछ । यसले मानिसको अनुभवबाट प्राप्त जीवनमा गहिरोसँग जरो गाडेको बानी, सीप तथा मनोवृत्तिलाई पनि जनाउँछ । तसर्थ साँस्कृतिक पुँजीले पनि बालबालिकाहरूको सिकाइलाई प्रभाव पार्ने तथ्य स्पष्ट छ । यसका साथै पाठ्यक्रम आफैलाई विद्यार्थीको सिकाइ उपलब्धिलाई प्रभाव पार्ने एउटा मुल आधारको रूपमा विश्लेषण गर्नु पर्ने हुन्छ । उल्लिखित पक्षहरूको आधारहरूलाई लिखित खाकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका १.१ : शिक्षा प्रक्रियाभित्रका विभिन्न तत्वहरू**

| लगानी (Inputs) | प्रक्रिया (Process) | नतिजा (Outputs) | उपलब्धि (Outcomes) |
|---|---|---|---|
| आर्थिक लगानी<br>मानवीय लगानी | शैक्षणिक प्रविधिहरूको प्रयोग | तहगत अन्तिम परीक्षामा विद्यार्थीहरूको प्राप्ताङ्क | श्रम बजारमा र दैनिक जीवनमा उपयोग |

स्रोत : Scheerens, 2000

यी पक्षहरूलाई विश्लेषण गरी विद्यालयहरूको केस अध्ययन गरी विद्यार्थीहरूको सिकाइलाई सहज पार्ने र सिकाइलाई बाधा दिने मुल कारक तत्वहरू पत्ता लगाउन सकेमा विद्यार्थीहरूको सिकाइ सुधार गर्न यथेष्ट सहयोग पुग्नेछ ।

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

- अध्ययनमा परेका विद्यालय प्रभावकारी (राम्रो कार्य प्रदर्शन गर्ने) हुनाका सम्बद्ध अवस्थाहरू/तत्वहरू तथा अप्रभावकारी (न्यून कार्य प्रदर्शन गर्ने) हुनाका बाधकहरूको खोजी गर्नु ।
- अध्ययनमा परेका विद्यालयमा अध्ययनरत विद्यार्थीको उच्च र न्यून सिकाइ उपलब्धि सित सम्बद्ध तत्वहरूको पहिचान गर्नु,
- विद्यार्थीहरूको सिकाइ उपलब्धि र विद्यालय प्रभावकारितामा सुधार ल्याउन सुझावहरू प्रस्तुत गर्नु ।

# परिच्छेद दुई
# अध्ययन विधि

यस परिच्छेदमा प्रस्तुत अध्ययनका उद्देश्यहरू हासिल गर्नका लागि अपनाइएका विधिहरू वर्णन गरिएको छ ।

## २.१ अनुसन्धानको ढाँचा

यो अध्ययन बहु केस अध्ययन (Multiple Case Study) प्रकारको छ । यो अध्ययन गर्न बहु विधि र उपायहरू (Multiple Methods and Approaches) प्रयोग गरिएका छन् । यो अध्ययन मूलतः गुणात्मक विधिमा आधारित छ । गुणात्मक सूचनालाई अनुपूरण गर्न आवश्यकतानुसार परिमाणात्मक तथ्याङ्क प्रयोग गरिएका छन् ।

## २.२ केस तथा उत्तरदाताको छनोट

अध्ययनका लागि विद्यालय तथा उत्तरदाताको छनोटबारे यस खण्डमा वर्णन गरिएको छ ।

### विद्यालयको छनोट

केस अध्ययनका लागि शैक्षिक गुणस्तर परीक्षा केन्द्रले तोकिदिएका काभ्रेपलाञ्चोक र रुकुम प्रत्येक जिल्लाका एक/एक प्रभावकारी र एक/एक कम प्रभावकारी विद्यालय गरी जम्मा चारओटा विद्यालयहरु समावेश गरिएको थियो । ती विद्यालयहरू NASA को गणितको नजितालाई ध्यानमा राखी अभिप्रायपूर्ण विधिअनुरूप छानिएका थिए (शैक्षिक गुणस्तर परीक्षण केन्द्र, २०१५) ।

### विद्यार्थीको छनोट

अध्ययनमा परेका राम्रा विद्यार्थीहरू र सिकाइ कठिनाइ भएका विद्यार्थीको अलगअलग केस अध्ययन गरिएको छ । यस्ता विद्यार्थीहरूमा छात्र र छात्रा, विपन्न परिवारका विद्यार्थीसमेत समावेश गरिएका थिए ।

### उत्तरदाताको छनोट

विद्यालय र विद्यार्थीहरूको केस अध्ययनका लागि आवश्यक जानकारी प्राप्त गर्न विद्यालयका प्रधानाध्यापक (४), शिक्षकहरू (प्रत्येक विद्यालयबाट ३ जना), विद्यार्थीहरू (प्रत्येक विद्यालयबाट ८ जना), विद्यालय व्यवस्थापन समिति र शिक्षक–अभिभावक संघका अध्यक्ष/सदस्यहरू (प्रत्येक विद्यालयबाट ८ जना) यस अध्ययनमा समावेश गरिएको थियो । यसका साथै जिल्ला शिक्षा कार्यालयका

पदाधिकारीहरूबाट पनि आवश्यक जानकारी प्राप्त गरिएको थियो ।

## ३.३ सूचना सङ्कलनका साधन

यस अध्ययनका लागि देहायका सूचना/तथ्याङ्क सङ्कलनका साधनहरू तयार गरिएका छन् । विद्यार्थीहरूको सिकाइ उपलब्धि र विद्यालय प्रभावकारितासित सम्बद्ध तत्वहरू पत्ता लगाउनका लागि अन्तरवार्ता प्रश्नावलीमा शैक्षणिक/पेडागोगिकल प्राक्टिसेज, परिवारको सामाजिक–आर्थिक स्थिति, परिवारको सहयोग, आमाबुबाको पेसा, विद्यार्थीको जन्मजात क्षमताबारे प्रश्न समेत अन्तरवार्ता/प्रश्नावली राखिएका थिए । यसका साथै केही सैद्धान्तिक पक्षहरू जस्तै Larry F. Guthrie and William S. Hall को Cultural Continuity/Discontinuity र Bourdieu को Cultural Capital/Habitus सम्बन्धी प्रश्नहरू समावेश गरिएका थिए । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको परामर्श, सम्बन्घित विज्ञहरूको सुझावहरूसमेत समावेश गरी यी साधनहरूलाई अन्तिम रूप दिइएको थियो । ती साधनहरूको सूची तल प्रस्तुत गरिएको छ ।

**१. विद्यालय सर्वेक्षण प्रश्नावली**

**२. इन्टरभ्यू प्रोटोकल**

- प्रधानाध्यापक
- शिक्षकहरू
- विद्यार्थी
- जिल्ला शिक्षा कार्यालयका पदाधिकारी

**३. अवलोकनका मार्गनिर्देशन**

- प्रत्यक्ष अवलोकन
- पार्टिसिपेन्ट अवलोकन

**४. लक्षित समूह छलफलका लागि मार्ग निर्देशन**

- विद्यार्थी
- विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र शिक्षक अभिभावक संघका पदाधिकारी

ती साधनहरू अनुसूची १ मा दिइएका छन् ।

## ३.४ सूचना/तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनका लागि सूचना तथा तथ्याङ्क सङ्कलन गर्नका लागि प्रत्येक जिल्लाका लागि परामर्शदाता संस्थाको तर्फबाट दुई/दुई जनाको टोली बनाइएको थियो । (अध्ययनमा संलग्न अनुसन्धानकर्ता र उनीहरूको जिम्मेवारी अनुसूची २ मा दिइएको छ ।) तथ्याङ्क सङ्कलनको क्रममा सर्वप्रथम छनोटमा परेका जिल्ला शिक्षा कार्यालयमा गई जिल्ला शिक्षा अधिकारी, सम्बन्धित पदाधिकारी तथा स्रोत व्यक्तिसँग परामर्श गरी विद्यालयको स्थिति पहिचान गरिएको थियो । सो टोली विद्यालयमा आफै उपस्थित भई निर्मित साधनहरू प्रयोग गरी सूचना तथा तथ्याङ्क सङ्कलन गरेको थियो । प्रारम्भिक प्रतिवेदन (Inception Report) मा उल्लेख भएअनुसार प्रधानाध्यापक तथा शिक्षकहरूसँग अन्तरवार्तामार्फत् आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरियो । विद्यालय  व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारी/सदस्यहरूसँग संयुक्त रूपमा लक्षित समूह छलफल गरी सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको थियो भने विद्यार्थीहरूसँग छुट्टै लक्षित समूह छलफल गरिएको थियो । यसरी नै व्यक्ति विद्यार्थीको केस अध्ययनका लागि छुट्टै अन्तरवार्ता समेत लिइएको थियो ।

कक्षा शिक्षणसम्बन्धी जानकारी प्राप्त गर्न अङ्ग्रेजी, नेपाली तथा गणित विषयका कक्षा शिक्षणको अवलोकन गरिएको थियो भने कक्षा व्यवस्थापनसम्बन्धी जानकारी प्राप्त गर्न अन्य कक्षाहरूको सामान्य अवलोकन गरिएको थियो र विद्यार्थीहरूको कपि तथा पुस्तकको जाँच गरिएको थियो ।  यसका साथै विद्यालय  व्यवस्थापन समिति, शिक्षक–अभिभावक संघ, शिक्षक बैठकको अभिलेखबाट सूचना सङ्कलन गरिएको थियो । समग्रमा अनुसन्धान टोलीका सदस्यहरूले प्राप्त गरेका विद्यालय को वस्तुस्थितिको प्रत्यक्ष अनुभव (First Hand Experience) ले प्रतिवेदन लेखनमा यथेष्ट सहयोग पुगेको छ ।

## ३.५ सूचना/तथ्याङ्क विश्लेषण र अभिव्यक्ति विधि

विभिन्न स्रोतबाट सङ्कलित सूचना/तथ्याङ्कलाई शीर्षकगत रूपमा तार्किक विश्लेषण गरी अध्ययनमा समावेश गरिएका प्रत्येक विद्यालयको अलगअलग केस अध्ययन प्रतिवेदन तयार गरिएको छ । यसरी नै प्रत्येक विद्यालयबाट कम्तीमा दुईजना विद्यार्थीको केस अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

यी केस अध्ययनको आधारमा Cross Case Findings को एक अलग्ग परिच्छेद तयार गरिएको छ । प्राप्तिहरूको सम्भावित अर्थहरू निकाली नीतिगत तह, अभ्यास तह र थप अनुसन्धानका लागि आवश्यक सुझावहरू प्रतिवेदनमा समावेश गरिएका छन् ।


व्यक्तिगत विवरणहरु गोप्य राख्नका लागि सूचना तथा तथ्याङ्क विश्लेषणका क्रममा र यस

प्रतिवेदनमा विद्यालयहरुको नाम तथा विद्यार्थीहरुको वास्तविक नाम प्रयोग नगरी काल्पनिक नाम प्रयोग गरिएको छ ।

## ३.६ अवधारणात्मक खाका

यस अध्ययनलाई सञ्चालन गर्नका लागि विद्‍यालयका नजिता किन राम्रा वा नराम्रा हुन्छन् भन्ने बारे वर्णन गर्ने आधारभूत विचारहरू विकास गरिएका थिए । त्यसको आधारमा अध्ययन गर्न केस विद्‍यालयहरू छनोट गरियो र ती प्रत्येक विद्‍यालयको अलग्ग अलग्ग केस अध्ययन गरियो । प्रत्येक विद्‍यालयमा अध्ययन गरिरहेका एकजना छिटो र एकजना ढिलो सिक्ने विद्‍यार्थीहरूको केस अध्ययन गरियो । चारओटा विद्‍यालयहरूको केस अध्ययनको आधारमा क्रस केस निष्कर्ष र अध्ययनका सम्भाव्य प्रयोजन निकाली Cross Case Report तयार गरियो । अध्ययनको अवधारणात्मक खाकाको चित्रात्मक प्रस्तुति चित्र नं. २.१ मा प्रस्तुत गरिएको छ ।

**चित्र २.१ : बहु–केस अध्ययन अवधारणात्मक खाका**




**स्रोत :** Yin, 2014

# परिच्छेद तीन

# विद्यालयका केस अध्ययनहरू

यस परिच्छेदमा रुकुमका दुई र काभ्रेका दुई गरी जम्मा चारओटा विद्यालयहरूको केस अध्ययन प्रस्तुत गरिएको छ । ती चारओटा विद्यालयमध्ये काभ्रेपलाञ्चोक जिल्लाका श्री ज्योति विद्यालय र श्री जीवनपुर विद्यालय रहेका छन् भने रुकुम जिल्लाका श्री सरोवर विद्यालय र श्री हिमालय विद्यालय रहेका छन् । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको NASA, २०१५ अनुसार यी चारओटा विद्यालयमध्ये दुईओटा बढी प्रभावकारी र दुईओटा कम प्रभावकारी रहेका छन् । यी विद्यालयहरू प्रभावकारी हुनुका सम्बद्ध अवस्था/कारक तत्वहरू र कम प्रभावकारी हुनुका बाधक तत्वहरू यस परिच्छेदमा विश्लेषण तथा व्याख्या गरिएको छ ।

## ३.१ श्री ज्योति विद्यालय, काभ्रेपलाञ्चोक

### सन्दर्भ

काभ्रेपलाञ्चोक जिल्लाको श्री ज्योति विद्यालय एउटा राम्रो विद्यालयको रूपमा पहिचान गरी केस अध्ययन गरिएको छ। यस विद्यालयलाई केस अध्ययनको रूपमा छानिनुको मुख्य कारण यस विद्यालय को कक्षा ८ को विद्यार्थीहरूले वि.स. २०१३ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले लिएको कक्षा ८ का **विद्यार्थीको उपलब्धिको राष्ट्रिय परीक्षण**को परीक्षामा नेपाली विषयमा औसत सिकाइ उपलब्धि ७० प्रतिशत प्राप्त गरेका थियो । यस जिल्लामा सोही परीक्षामा एक अर्को विद्यालयको सोही कक्षाका विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि २९ प्रतिशत मात्र थियो । दुवै विद्यालय सामुदायिक विद्यालय भए तापनि यस विद्यालयको सिकाइ उपलब्धि राम्रा हुनाका कारक तत्वहरू पहिचान गर्नु उपयोगी र सान्दभिक हुने भएकोले यो अध्ययन गरिएको हो ।

### उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य यस विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि राम्रो हुनुमा योगदान पुऱ्याउने तत्वहरूको खोजी गरी अन्य विद्यालयरूका लागि सिकाइ उपलब्धि उन्नत गर्ने उपायहरू प्रस्तुत गर्नु रहेको छ । यसरी नै व्यक्ति विद्यार्थीको सिकाइ उपलब्धि राम्रो हुनुमा के के तत्वहरूले भूमिका खेलेका छन् भन्ने बारे लेखाजोखा गर्नु यस अध्ययनको अर्को उद्देश्य हो ।

## विधि

तथ्याङ्क सङ्कलनका साधनहरूमार्फत अध्ययन टोलीका सदस्यहरू नै विद्यालयमा पुगी आवश्यक गुणात्मक तथा परिमाणात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो । (विधि सम्बन्धी विस्तृत विवरण परिच्छेद दुईमा दिइसकिएको छ ।)

## नतिजा

सङ्कलित तथ्याङ्कको आधारमा यस विद्यालय को उच्च सिकाइसित सम्बद्ध तत्वहरूको पहिचान गरियो जुन देहायबमोजिम विश्लेषण तथा व्याख्या गरिएका छन् ।

- ***विद्यालय प्रति समर्पित प्रधानाध्यापकको दूरगामी सोच***

११ जना शिक्षक शिक्षिका भएको यस विद्यालयमा वि.एड. भएका २ जना स्थायी शिक्षक र एम.एड. भएका १ जना स्थायी महिला शिक्षक, वि.एड. भएका १ जना प्रावि राहत शिक्षक, एम.एड. भएका १ जना प्रावि राहत महिला शिक्षक, प्रविणता प्रमाण प्राप्त १ जना राहत महिला  शिक्षक र ५ जना निजी स्रोतमा नियुक्त शिक्षक कार्यरत छन् । तर ती शिक्षकमध्ये स्थायी शिक्षक हुँदा हुँदै गुण/सक्षमताको आधारमा प्रावि राहत शिक्षकलाई प्रधानाध्यापकमा नियुक्त गरिएको छ । विद्यालयको उच्च सिकाइ उपलब्धिसित सम्बद्ध पहिलो तत्व दूरगामी सोंच भएको र विद्यालयप्रति समर्पित प्रधानाध्यापकको नियुक्ति नै मान्नु पर्दछ । प्रधानाध्यापकसँगको अन्तरवार्तामा उहाँको यी दुई गुण स्पष्ट रूपमा देखिएको थियो । उहाँकै भनाईअनुसार प्रधानाध्यापकको अगुवाइमा यस विद्यालयले संस्थागत विद्यालयले प्रदान गरिरहेको शिक्षा सरहको शिक्षा प्रदान गर्न खोजेको छ । यस विद्यालयमा विद्यार्थीहरूलाई नर्सरी देखि भर्ना लिई एल केजि र यु केजिको पूर्व विद्यालय  शिक्षा प्रदान गरी विद्यार्थीहरूको सिकाइको जगलाई बलियो पारेको छ । नजिकै अवस्थित संस्थागत विद्यालयहरूसित प्रतिस्पर्धा गरी विद्यालयलाई दिगो रूपमा चलाउन कक्षा १ देखि ८ सम्म नै यस विद्यालय ले अङ्ग्रेजी माध्यममा शिक्षा प्रदान गर्ने प्रयास गर्नु एउटा सकारात्मक सोच हो । यसको सफल कार्यान्वयनले विद्यार्थी र अभिभावकलाई यो संस्थागत विद्यालय जस्तै छ भन्ने विश्वास दिलाउन सहयोग पुऱ्याएको छ ।

विद्यार्थीको सिकाइ उपलब्धि  उच्च बनाउन प्रधानाध्यापकले तत्सम्बन्धी उच्च चासो राखेको छ र तत्सम्बन्धी जानकारी शिक्षकलाई सदैव सचेत गराइएको छ । यसका साथै उत्तीर्ण वा अनुत्तीर्ण हुनुका साथै सिकाइ उपलब्धि स्तरको जानकारी विद्यार्थीहरूमा प्रदान गरिएको छ । यस प्रकारको चासोले सिकाइ उपलब्धि  उन्नत गर्न सहयोग पुऱ्याइरहेको हुन्छ ।

सिकाइ उपलब्धि उच्च राख्ने प्रतिस्पर्धामा लाग्दा प्रधानाध्यापकले शिक्षकप्रतिको चासोलाई उत्तिकै ध्यान दिएको छ । विद्यालय रहेमात्र हामी रहन्छौ भन्ने प्रधानाध्यापकको भनाई शिक्षकलाई आफ्नो शिक्षणलाई प्रभावकारी बनाउन उत्प्रेरणाको बाण भएको छ । प्रत्येक शिक्षकको व्यक्तिगत क्षमता पहिचान गरी त्यसको प्रयोग गर्नु, उनीहरूसित मित्रवत र सहयोगीको व्यवहार गर्नु, शिक्षक मैत्री वातावरण तयार गर्नु, शैक्षणिक नेताको रूपमा आफै उदाहरण भई प्रस्तुत हुनु विद्यार्थीहरूको सिकाइ उपलब्धि राम्रो पार्न शिक्षकका लागि उत्प्रेरणाको स्रोत भएको छ ।

प्रधानाध्यापकले व्यक्त गरेअनुसार उहाँको भित्रि सत्मन, वचन र कर्म तथा सरोकारवालासित राख्ने उहाँको बाहिरी समभाव, समदृष्टि र समदूरीले विद्यालयको विकासका लागि उहाँको प्रतिवद्धता झल्काउँछ । उहाँ भन्नु हुन्छ : "म मेरो अन्तरआत्माबाट सत्मन, वचन र कर्मको आधारमा काम गर्छु र बाहिरी रूपमा समभाव, समदूरी र समदृष्टि राख्छु ।

- ***शिक्षक व्यवस्थापन र शिक्षकको भूमिका***

सरकारको तर्फबाट राहत कोटा अपर्याप्त भएको तथा निम्न माध्यमिक तहको दरवन्दि नै नभएको र विद्यालयको आर्थिक स्रोतको कमीको कारण गणित र विज्ञान विषयको शिक्षक नहुनुको बावजुद शिक्षकको कार्यप्रदर्शन सन्तोषजनक भएको जानकारी प्रधानाध्यापकबाट प्राप्त भएको छ । शिक्षक सहयोगका लागि रु ४ लाखको शिक्षक कोषको व्यवस्था गरिएको छ । तर सो कोष पनि अपर्याप्त भएकोले गणित तथा विज्ञान विषयको योग्य तथा तालिम प्राप्त शिक्षक आन्तरिक स्रोतमा व्यवस्था गर्न कठिनाइ भएको विद्यालय व्यवस्थापन समितिले जनाएको छ ।

विद्यार्थीहरूको सिकाइ उपलब्धि राम्रो पार्न शिक्षकको नै मुख्य भूमिका रहेको हुन्छ । यस सम्बन्धमा प्रधानाध्यापक तथा शिक्षकहरूको नै भनाइअनुसार उनीहरूले उल्लेख्य कार्य गरिरहेका पाइएको छ । उदाहरणका लागि औसतमा विद्यालय वर्षमा २२५ दिन खुल्छ । उनीहरूको दैनिक उपस्थिति एकदम सन्तोषजनक छ । उनीहरू शिक्षणका लागि तयारी गर्दछन् र सो अनुरूप शिक्षण गर्दछन्, कक्षा कार्य तथा गृह कार्य जाँच्ने गर्दछन् । शिक्षण तयारीको सिलसिलामा उनीहरू पाठ्यक्रम हेर्छन् । तसर्थ उनीहरू पाठ्यक्रममा उल्लिखित सिकाइ उपलब्धिसित परिचित छन् । उनीहरू वार्षिक शिक्षण योजना र शिक्षण सुधार योजना बनाउँछन् र ती योजनाको आधारमा शिक्षणलाई प्रभावकारी बनाउँछन् । शिक्षकसित भएको सूचना तथा सञ्चार प्रविधिको ज्ञानले शिक्षणलाई थप प्रभावकारी बनाउन सहयोग पुगेको छ ।

हप्तामा एक पटक शुक्रबारमा हुने शिक्षक बैठकमा शिक्षणसिकाइ तथा विद्यालयका अन्य समस्याबारे

छलफल हुन्छ । बैठकको निर्णयको कार्यान्वयनले विद्यार्थीको सिकाइमा सुधार ल्याउन सहयोग गरेको जानकारी प्रधानाध्यापक तथा शिक्षकहरूले दिएका छन् । टर्मिलन परीक्षाको उत्तर पुस्तिका जाँच्ने, परीक्षा नतिजाको तयारी गर्ने र प्रकाशन गर्ने नियमित कार्य समय मै सम्पन्न गर्दछन् ।

- ***कक्षा वातावरण तथा अध्यापनसम्बन्धी अभ्यासहरू* (Pedagogical Practices)**

कक्षा अवलोकनको सिलसिलामा यस विद्यालयमा शिक्षणलाई विद्यार्थी उन्मुख बनाउने प्रयास भइरहेको पाइएको छ । फर्निचरको व्यवस्था समूह कार्य गर्न मिल्ने गरी राखिएका छन् । यस व्यवस्थाले विद्यार्थीहरूले एक आपसमा सिक्न सक्ने वातावरण तयार गरिदिएको छ । यसका साथै कक्षाको सरसफाइ, कालोपाटीसम्म विद्यार्थी र शिक्षकको पहुँच, कक्षाकोठामा प्रदर्शित चित्र तथा पोष्टर आदि राम्रै अवस्थामा रहेका छन् । अध्ययनको दौरानमा यस विद्यालय मा ६ ओटा कक्षा शिक्षण अवलोकन गरिएको थियो ।

समग्रमा यस विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:१० पर्न आउँछ । यसर्थ थोरै विद्यार्थी भएका कारणले शिक्षकको ध्यान सबै विद्यार्थीमा पुगेको छ । कक्षा अवलोकनको क्रममा सस्वर वाचन, ड्रिल, कक्षा अभ्यास र प्रश्नोत्तर शिक्षकले प्रयोग गर्ने शैक्षणिक प्रविधिहरू हुन् । यसका साथै शिक्षकहरूसित भएका अन्तरवार्ताबाट शिक्षकहरू शिक्षक केन्द्रित विधिहरू (जस्तै व्याख्यान, प्रदर्शन, प्रश्नोत्तर, मस्तिष्क मन्थन/Brain storming); विद्यार्थी केन्द्रित विधिहरू (जस्तै कार्यक्षेत्र भ्रमण/field trip, सानो प्रायोजना, समस्या समाधान, समूह कार्य, पारस्परिक सिकाइ/Collaborative learning, भूमिका अभिनय) र सामग्री केन्द्रित र कार्य उन्मुख विधिहरू (जस्तै प्रदशनी, चलचित्र/भिडियो प्रदर्शन, पुतली प्रदर्शन/Puppet show, पहेली र खेलहरू/Puzzles and games) प्रविधिहरू प्रयोग गरी कक्षा लिने बारे जानकार हुनु हुन्छ। तर यी सबै प्रविधिहरू प्रयोग गरेको खण्डमा विद्यार्थीहरूको सिकाइ उपलब्धि अझै राम्रो हुने सुनिश्चित छ ।

विषयअनुसारको प्रविधि प्रयोग गर्न नसक्नुको मुख्य कारण समय नभएको भन्ने शिक्षकहरू भनाइ रहेको छ । तर उहाँहरू सबै रिफ्लेक्टिभ प्राक्टिसनर (Reflective Practitioner) बन्न खोजेको प्रतिवद्धता व्यक्त गरेका छन् । कक्षाभित्र आनन्ददायक किसिमले सिकाउने र सिक्ने विधि (Joyful Learning) र अभ्यास गराउने विधि प्रयोग गरिरहेको शिक्षकहरूले जानकारी दिए । यसका साथै कण्ठ गर्ने बानीलाई निरुत्साहित गरी अर्थपूर्ण सिकाइ गर्ने गरेको कुरा पनि शिक्षकहरूले व्यक्त गरे ।

मूलतः प्रत्येक विद्यार्थीले सिके नसिकेको नतिजाको ज्ञान प्राप्त गरी यदि कुनै विद्यार्थीहरूले सिक्न सकेन भन्ने विश्लेषण गरी के कति कारणले सिकाइ कठिनाइ भएको हो पहिचान गरी उनीहरूलाई

आफ्नै गतिमा सिक्ने अवसर प्रदान गरेका कारणले गर्दा पनि सिकाइ उपलब्धि राम्रो हुन गएको हो । शिक्षकहरूले छलफलको क्रममा भन्नु भयो : “हाम्रो विद्यालय बाटकक्षा ८ उत्तीर्ण गरेर गएका विद्यार्थीहरूले नजिकैको संस्थागत विद्यालयको विद्यार्थीहरूले भन्दा कक्षा ९ र १० मा बढी अङ्क प्राप्त गरी उत्तीर्ण भएका छन् । ”

- ***परीक्षा तथा मूल्याङ्कन : निरन्तर मूल्याङ्कन प्रणाली तथा उदार कक्षोन्नति नीति***

विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई असर पार्ने अर्को महत्वपूर्ण तत्व विद्यालयमा हुने परीक्षा तथा मूल्याङ्कन प्रणाली हो भन्ने तथ्य यस विद्यालयका प्रधानाध्यापक र शिक्षकहरूले बुझेको कुरा उनीहरूको भनाइबाट स्पष्ट हुन्छ । नियमित अध्यापन पश्चात् विद्यार्थीहरूले सिके वा सिकेनन् त्यसको नजिजाको ज्ञान शिक्षक तथा विद्यार्थीहरूले लिने प्रणाली भएकोले सिकाइ उपलब्धि राम्रो हुनु स्वाभाविक नै हो । विद्यार्थीहरू कै भनाइअनुसार उनीहरूले सिके वा सिकेनन् कक्षा शिक्षण कै बेला प्रश्न गरेर शिक्षकले जाँच्ने गर्दछन् र नसिकेको भएमा पाठ दोहोऱ्याएर सिकाउनुका साथै अभ्यास बारम्बार गर्न लगाउने गरेका छन् । यसका साथै कक्षा कार्य र गृह कार्य गराउने र त्यसको नियमित परीक्षण गरी विद्यार्थीहरूलाई पृष्ठपोषण दिने अभ्यासले पनि सिकाइ उपलब्धि  राम्रो पार्न अत्यन्त सहयोग गरेको कुरा विद्यार्थीहरू बताउँछन् ।

यस विद्यालयले तल्लो कक्षामा सरकारको नीति अनुरूप निरन्तर विद्यार्थी मूल्याङ्कन तथा उदार कक्षोन्नति नीति मात्र अपनाई कक्षा चढाउने कार्य गरेका छैनन् । अपितु कक्षामा नियमित मौखिक तथा लिखित परीक्षा लिने, तिन पटक टर्मिनल परीक्षा लिने, सरकारले उपलब्ध गराएको निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम प्रयोग गरी विद्यार्थीको सिकाइलाई बढावा दिई कक्षा चढाउने कार्य गरेका छन् । परीक्षा नतिजाको विश्लेषण गरी विद्यार्थी तथा शिक्षकहरूलाई पृष्ठपोषण दिने अभ्यासले सिकाइ उपलब्धिप्रति सबैलाई सचेत गराएको पाइएको छ । यस अर्थमा हेर्दा शिक्षकहरूले आफूले शिक्षणको दायित्व लिनुका साथै विद्यार्थीको सिकाइ उपलब्धिको जवाफदेहिता समेत लिएका छन् ।

- ***विद्यालयको कार्यतालिका र सोको कार्यान्वयन***

विद्यालयको वार्षिक कार्यतालिका र पाठ्यक्रमअनुसार तयार गरिएको साप्ताहिक कार्यतालिकाअनुसार प्रधानाध्यापक तथा शिक्षकहरूले अध्यापन गरिहेका छन् । साप्ताहिक कार्यतालिका शिक्षकको पहुँचमा छ र त्यसको स्पष्ट जानकारी विद्यार्थीहरूमा छ । यसरी विद्यार्थीहरूलाई दैनिक कार्यतालिकाको जानकारी दिइएकोले उनीहरू सिकाइप्रति जागरुक छन् । कार्यतालिकाअनुसार कक्षा नभएको अवस्थामा समेत विद्यार्थी कुनै न कुनै प्रकारले सिकाइमा संलग्न गराइएको हुन्छ ।

- ***वार्षिक कक्षा सञ्चालन दिन***

विद्यालय  वर्षमा २२५ खुल्छ र कक्षा भएको दिन औसतमा २१५ दिन पुगेको छ। विद्यार्थीको वार्षिक औसत उपस्थिति दिन २०० माथि नै रहेको तथ्य विद्यार्थी उपस्थिति तालिकामा उल्लेख छ। यसरी विद्यार्थी शिक्षक शिक्षणसिकाइ क्रियाकलापमा (Teachers' time on task and students' time on task) सन्तोषजनक भएकोले यस विद्यालयमा सिकाइ उपलब्धि  राम्रो भएको अर्को महत्वपूर्ण कारक तत्व हो।

- ***विद्यालय  व्यवस्थापन समितिको सक्रियता***

सिकाइ उपलब्धि  उकास्न अत्यावश्यक पूर्वाधार जस्तै विद्यालयको योजनाको विकास र कार्यान्वयन, भौतिक संरचना निर्माण र आर्थिक स्रोत जुटाउने कार्यमा विद्यालय  व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरूको योगदान उल्लेख्य रहेको छ। प्रधानाध्यापकको भनाइअनुसार विद्यालय  व्यवस्थापन समितिका अध्यक्षको दातासितको पहुँच र विद्यालयको विकासप्रतिको समर्पणले अप्रत्यक्ष रूपमा विद्यार्थीको सिकाइ उपलब्धि  राम्रा पार्न यथेष्ट सहयोग पुगेको छ।

शिक्षा नियमावली २०५९ अनुसार विद्यालय  व्यवस्थापन समितिको कार्यहरूमध्ये विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने एक हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/सदस्यहरूको भनाइअनुसार स्थानीय स्रोत, शिक्षक, दाताबाट शैक्षिक सामग्री सङ्कलन गरिएको छ र अवलोकनको क्रममा यस विद्यालयमा शैक्षिक सामग्री पर्याप्त मात्रामा भएको पाइएको छ। यसका साथै विद्यालय  व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरूले विद्यालयको विकास, सिकाइ वातावरण तयार गर्न तथा शिक्षण सुधारका लागि योगदान दिइरहेको जानकारी उनीहरूसित भएको छलफलको क्रममा प्राप्त भएको छ। यसरी नै शिक्षा नियमावली २०५९ अनुसार विद्यालय  व्यवस्थापन समितिले शिक्षाको गुणस्तर कायम गर्न शिक्षक अभिभावक संघ गठन गरेको छ।

- ***शिक्षक अभिभावक संघको सहयोग***

शिक्षक अभिभावक संघको कार्यकारी समितिले विद्यालय शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने कार्य नियमित रूपमा भइरहेको छ।

- ***शैक्षिक गुणस्तर सुधारमा सरोकारवालाहरूको चासो***

विद्यालयमा भएका विभिन्न बैठकमा सरोकारवालाहरूले शैक्षिक गुणस्तर सुधार प्रति चासो देखाएका

छन् । वर्षमा ११ पटक भएको विद्यालय व्यवस्थापन समितिको बैठक, १२ पटक भएको शिक्षक–प्रधानाध्यापक बैठक, ३ पटक भएको शिक्षक–प्रधानाध्यापक–विद्यालय व्यवस्थापन समितिको संयुक्त बैठकमा शैक्षिक गुणस्तर सुधारसम्बन्धी छलफल तथा निर्णय भई कार्यान्वयन भएको कुरा सरोकारवाला आफैले जानकारी दिएका छन् । यसरी विद्यार्थीहरूको सिकाइ उपलब्धि राम्रा पार्नका लागि सरोकारवाला सबै सचेत भई क्रियाशील भएका छन् ।

- ***विद्यार्थी सहयोग कार्यक्रम***

विद्यार्थीको सिकाइ उपलब्धिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्न यस विद्यालयमा ४ विद्यार्थी सहयोग कार्यक्रम सञ्चालन भइरहेको छ । ती कार्यक्रम र तिनीहरूको प्रभाव तालिका सङ्ख्या ३.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१ : विद्यार्थी सहयोग कार्यक्रम**

| कार्यक्रमको नाम | कार्यक्रमको उपलब्धि |
|---|---|
| १) छात्रवृत्ति | गरिब विद्यार्थीले शिक्षा प्राप्त गर्ने अवसर पाएको |
| २) खाजा | विद्यार्थी नियमित भएको र विद्यार्थीको स्वास्थ्यमा सकारात्मक प्रभाव परेको |
| ३) घरदैलो भेटघाट | विद्यार्थी नियमित भएको |
| ४) उपचारात्मक शिक्षण | सिकाइ कठिनाइ भएका विद्यार्थीको सिकाइमा सुधार भएको |

- ***परिवारको साँकृतिक पुँजी अर्थात गैर आर्थिक सम्पति***

विद्यार्थीहरूको परिवारको आफ्नै **साँस्कृतिक पुँजी अर्थात गैर आर्थिक सम्पति जस्तै** सदस्यहरूको शिक्षा, बोलिचालिको शैली, भेषभुषा हुन्छ । ती सम्पतिले उनीहरूको सिकाइ उपलब्धि मा कुन किसिमले पार्दछ भन्ने खोजी गर्नु एउटा अर्को महत्वपूर्ण पक्ष हो । विद्यार्थीहरू विभिन्न जात/जाति, धर्म, सामाजिक–आर्थिक स्थिति र परिवेशबाट आएका छन् । यस विद्यालयमा विशेषतः बाहुन, क्षेत्री (६३ प्रतिशत), जनजाति (२१ प्रतिशत) र दलित (१६ प्रतिशत) परिवारका बालबालिकाहरू अध्ययनरत छन् । विद्यालयको सेवा क्षेत्र अर्ध सहरी क्षेत्रमा परेकाले उनीहरूको परिवारलाई सहरी जनजीवनले प्रभाव पारेको छ तर आर्थिक स्थिति भने कमजोर देखिंदैन । विद्यालयमा प्रयोग हुने भाषासम्बन्धमा भाषिक समस्या देखिंदैन । उनीहरू आफ्नो बालबालिकाको शिक्षाप्रति जागरुक भइसकेका छन् । यो सामुदायिक विद्यालय भए तापनि अङ्ग्रेजी माध्यममा सञ्चालन भइरहेको छ । यसलाई अङ्ग्रेजी

माध्यममा सञ्चालन गर्न र निजी स्रोतमा नियुक्त शिक्षकहरूलाई तलनभत्ता प्रदान गर्ने प्रयोजनका लागि अभिभावकले एक जना विद्यार्थीका लागि वार्षिक शुल्क रु ८,५००।०० सम्म तिरिरहेका छन् ।

विद्यार्थीहरूको परिवारको साँस्कृतिक पुँजीको प्रभाव नर्सरी, एल केजि, यु केजि, कक्षा १, २ र ३ सम्म प्रत्यक्ष प्रभाव परेको र माथिल्लो कक्षाहरूमा परिवारको प्रभाव भन्दा विद्यालयको वातावरण कै बढी परेको कुरा प्रधानाध्यापकले जानकारी दिनु भयो ।

- ***विद्यार्थीहरूको जन्मजात गुणहरू***

सिकाइ उपलब्धि  विद्यार्थीहरूको सिक्ने क्षमतामा पनि भर पर्दछ। समाजमा जन्मने सबै बालबालिका उही क्षमता लिएर जन्मेका हुदैनन् । कोही विलक्षण प्रतिभा भएका, छिटो सिक्ने र सिर्जनशील हुन्छन् त कोही सिकाइ क्षमता कम भएका हुन्छन् र उनीहरू ढिलो बुझ्दछन् र ढिलो सिक्दछन् त कोही सामान्य सिकाइ क्षमता भएका हुन्छन्। कोही त बौद्धिक रूपमै असक्षम हुन्छन्। यस सन्दर्भमा विलक्षण प्रतिभा भएका बालबालिकाहरूको सिकाइ उपलब्धि  अति उत्तम हुनु स्वाभाविकै हो ।

प्रधानाध्यापकको भनाइअनुसार यस विद्यालयमा सामान्यतः गत केही वर्षमा निम्न माध्यमिक तहमा प्रतिभाशाली विद्यार्थीहरू थिए र उनीहरूको उपलब्धि उच्च नै थियो । हालै कक्षा ८ को कार्यप्रदर्शन हेर्दा कमै मात्रा प्रतिभाशाली विद्यार्थी भएकोमा प्रधानाध्यापक चिन्तित हुनु भएको छ। यस परिस्थितिमा कम प्रतिभाशाली विद्यार्थीको सिकाइ उपलब्धि  उकास्न अर्को विकल्प हो उनीहरूको मिहिनेत गर्ने तहलाई उच्च बनाउने । अर्थात मिहिनेत र प्रतिभाको सन्तुलनले सिकाइ उपलब्धि लाई उच्च बनाउने प्रयास गर्नु पर्दछ भन्ने कुरा यस विद्यालयका शिक्षकहरूले बुझेका छन् ।

यही सिलसिलामा जिज्ञासा व्यक्त गर्दा विद्यार्थीको सिक्ने क्षमतालाई उच्च राख्न पूर्व विद्यालय  तहलाई संस्थागत विद्यालयमा जस्तै तीन तह नै राखिएको छ : नर्सरी, एलकेजि र युकेजि । बालमैत्री वातावरण कायम गर्दै बालबालिकाहरूलाई सिक्ने बानी बसाली सिकाइ उपलब्धि  राम्रो पार्न प्रयास भइरहेको जानकारी प्रधानाध्यापकले दिनु भयो । माथिल्लो कक्षामा समेत शिक्षकको अथक प्रयासबाट बौद्धिकले कमजोर विद्यार्थीलाई सिक्ने अवसर प्रदान गदै आइरहेको छ ।

**एक उत्कृष्ट विद्यार्थीको केस/मामला अध्ययन**

यस विद्यालय को कक्षा ८ मा अध्ययन गरिरहेकी तेह्र वर्षीय आर्याले एकदम राम्रो सिकाइ उपलब्धि हासिल गरेकी छिन् । उनले कक्षामा प्रथम स्थान प्राप्त गरेकी छिन् । ७ जनाको दलित परिवारको बालिकाले हासिल गरेको यस उपलब्धिलाई एउटा उदाहरणको  रुरूमा लिइएको छ । उनको यस

उपलब्धिका कारक तत्वहरू देहाय बमोजिमका छन् ।

- **पारिवारिक सहयोग :** आर्याको अभिभावकहरू फलामका औजार बनाई आफ्नो जीविकोपार्जन गरिरहेको भए तापनि उनीहरू बालक र बालिका दुबैको शिक्षाप्रति सचेत हुनु नै उनको सफलताको मुख्य कारण हो । सफा र हसिलो देखिने तथा अङ्ग्रेजीमा समेत बोल्न सक्ने आर्या जन्मजात प्रतिभाशाली बालिकाको रूपमा लिन सकिन्छ । गृह कार्य गरेपछि रात्रिको खानापश्चात् मात्र टिभि हेर्ने उनको बानीले आफ्नो अध्ययनलाई सहज बनाएको छ । अभिभावकहरूले पनि थोरै समय मात्र घरायसी काममा लगाई उनलाई अध्ययनका लागि सहज वातावरण तयार गरिदिएका छन् । घरमा सिकाउने अभिभावक नभए तापनि कहिलेकाहीँ काकाको छोरीले अध्ययनमा सहयोग गरेको आर्या भन्छिन् ।
- **विद्यालयीय सहयोग :** आर्याको सफलतामा विद्यालयको प्रधान भूमिका छ । वरिपरिका संस्थागत विद्यालयसित प्रतिस्पर्धा गरी आफ्नो अस्तित्व कायम गरी राख्न यो विद्यालयले अङ्ग्रेजी माध्यमबाट पढाइ हुने कार्यनीति बनाएको छ । यसको अर्थ सामुदायिक विद्यालयले पनि संस्थागत विद्यालय  सरहको गुणस्तरयुक्त शिक्षा दिने प्रयास गरेको कारणले शिक्षकहरूले यथाशक्य प्रयास गरेकोले सिकाइ उपलब्धि  राम्रो बनाउन सहयोग पुगेको हो । आर्याले प्रोत्साहन स्वरूप छात्रवृत्ति पाएकी छिन् र यसले उनलाई सिक्न अझै प्रोत्साहित गरेको छ । विद्यालयमा विद्यार्थीलाई सामान्य दण्ड (शारीरिक दण्ड होइन गाली गर्ने र सम्झाउने) दिने मात्र गर्दछ ।
- **विद्यार्थीको क्षमता र सिकाइ उपलब्धिसम्बन्धी ज्ञान :** सिकाइ उपलब्धि  उच्च हुनुमा विद्यार्थीको सिक्ने क्षमता र मिहिनेतले महत्वपूर्ण भूमिका खेल्दछ । आर्या सिक्ने क्षमता भएकी र मिहिनेती दुबै गुण भएकी विद्यार्थी हुन् । उनीसँग सिकाइ उपलब्धि सम्बन्धी ज्ञान पनि भएकाले सिकाइ उपलब्धि राम्रो पार्न सहयोग गरेको हो ।
- **निष्कर्ष :** बालिकाको शिक्षाप्रति दलित अभिभावकहरूको मनोवृत्ति एकदम सकारात्मक भएको तथ्य आर्याको सफलताले देखाउँछ । सामुदायिक विद्यालयमा पनि अङ्ग्रेजी  माध्यमबाट शिक्षा प्रदान गर्ने प्रावधानले उनले सिकाइ उपलब्धि राम्रो हुनुमा महत्वपूर्ण भूमिका खेलेको छ ।

### एक कमजोर विद्यार्थीको केस अध्ययन

सात जना विद्यार्थी भएको कक्षा ७ का विद्यार्थीमध्ये १३ वर्षीय अपर्णा कक्षामा सातौँ स्थानमा नै पर्दछिन् । अर्को शब्दमा उनी कक्षामा सबभन्दा ढिलो सिक्ने विद्यार्थीमा पर्दछ र उनको सिकाइ उपलब्धि न्यून नै छ । यसो हुनुका कारणहरू तल उल्लेख गरिएका छन् ।

- **पारिवारिक कारण :** छ जना सदस्य भएको अरुणाको परिवारमा बाबु गाडी चलाउनु हुन्छ भने आमा गृहिणी हुनुहुन्छ । उनको परिवारले भैंसी र बाखा पाल्ने काम  पनि गरिरहेको छ । यसर्थ पानी ल्याउने, घर सफा गर्ने र खाना पकाउन आमालाई सहयोग गर्ने कार्य सकेपछि मात्र उनले अध्ययनका लागि समय लगाउँछ । आमाबुबा छोरीको पढाइप्रति त्यति सचेत देखिंदैनन् । आफ्नो छोरीको पढाइ विद्यालय कै जिम्मामा छोडिदिएका छन् ।
- **विद्यालयीय कारण :** विद्यालयसम्बन्धी विवरण माथि केस १ मा उल्लेख गरिसकेको छ । प्रधानाध्यापक तथा शिक्षकहरूले उपचारात्मक शिक्षण गरेको जानकारी दिइएको छ । यस्तो प्रयासको बाबजुद पनि अपर्णाको सिकाइ उपलब्धि  न्यून भएको छ । यस्का दुईओटा प्रमुख कारणहरू औल्याउन सकिन्छ । उनको कक्षामा जम्मा सात जना मात्र विद्यार्थी छन् । व्यक्तिमुखी शिक्षण गरेर सघन सहयोग गर्न सकिन्थ्यो । यसो नभएको देखिन्छ । सिकाइ उपलब्धि  कमजोर हुनुमा उनको सिक्ने क्षमता कम हुनु पनि अर्को तत्व हो ।
- **विद्यार्थीको क्षमता र सिकाइ उपलब्धिसम्बन्धी ज्ञान :** अपर्णालाई सिकाइ उपलब्धिसम्बन्धी ज्ञान पनि छैन । परीक्षामा विभिन्न विषयहरूमा कति कति अङ्क पाए त्यसको ज्ञान उनीसँग थिएन ।
- **निष्कर्ष :** आफ्नो छोरीको शिक्षाप्रति अभिभावकको ध्यान पुगेको छैन । विद्यार्थीको सिकाइ प्रगतिबारे अभिभावकलाई जानकारी दिएर सिकाइ उपलब्धि  राम्रो पार्ने प्रयास पुगेको देखिंदैन ।

## ३.२ श्री जीवनपुर विद्यालय, काभ्रेपलान्चोक

**सन्दर्भ**

केस अध्ययनका लागि छनोट गरिएको विद्यालयको नाम श्री जीवनपुर विद्यालय हो। यो विद्यालयको स्थापना स्थानीय शिक्षा प्रेमीहरूको पहलमा विक्रम सम्वत् २०२२ मा भएको हो। दार्जलिङबाट शिक्षक ल्याई सुरु गरेको यो विद्यालय सुरुमा घरको कोठामा सञ्चालन गरिएको थियो र तत् पश्चात् २०२५ सालमा छाप्रो बनाई सञ्चालन भयो । विद्यालयले २०२९ सालमा प्राथमिक विद्यालय स्तरको स्वीकृति पायो तर शिक्षक दिइएन। २०३० सालमा यस विद्यालयले प्राथमिक तहको २ जना शिक्षकको दरवन्दी पायो र कक्षा ३ सम्म सञ्चालन भयो। २०४० सालमा कक्षा ५ चल्यो। २०५२/२०५३ मा स्थानीय सहयोगमा निम्न माध्यमिक कक्षा सञ्चालन गरियो । २०५५ सालमा देउसी भैलो खेली ३ लाख सङ्कलन भयो र निम्न माध्यमिक तहको स्वीकृति प्राप्त भई क्रमश कक्षा थपिदै लगियो । प्रधानाध्यापकको भनाइअनुसार हाल विद्यालयले शिक्षक तलब छात्रवृत्तिलगायतका विषयहरूमा जिल्ला शिक्षा कार्यालयबाट वार्षिक रूपमा प्राप्त गर्ने आर्थिक अनुदान करिब रु २५,००,०००/- रहेको छ। स्थापनाको सुरुमा विद्यालयको सेवा क्षेत्र साघुँरिएका कारण विद्यार्थी सङ्ख्यामा कमि थियो । विद्यालयको सेवा क्षेत्रमा बसोवास गर्ने मुख्य जाति जनजातिहरूमा ९० प्रतिशत तामाङ र ५ प्रतिशत दलित र नेवारहरूको बसोबास रहेको छ। विद्यालयमा ती जातिका बालबालिकाको प्रतिनिधित्वको सङ्ख्यात्मक हिसाबले सबैभन्दा पनि बढी तामाङ् र कम नेवार र दलितहरूको छ। हाल विद्यालयको सेवाक्षेत्रभित्र सातओटा सामुदायिक विद्यालयहरू सञ्चालित छन् । ती विद्यालयहरु करिब २ घण्टा, २० मिनेट,२० मिनेट, १:३० घण्टा, १:३० घण्टा र ३ घण्टाको दूरीमा रहेका छन्। ती विद्यालयहरूसँग प्रतिस्पर्धा गर्नु भन्दा पनि विद्यालयको विद्यार्थी सङ्ख्या कम हुनु विद्यालयका लागि चुनौती छ।

यस विद्यालयलाई केस अध्ययनको रूपमा छानिनुको मुख्य कारण यस विद्यालयको कक्षा ८ का विद्यार्थीहरूको वि.स. २०१३ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले लिएको **विद्यार्थीको उपलब्धिको राष्ट्रिय परीक्षण**को परीक्षामा नेपाली विषयमा औसत सिकाइ उपलब्धि ४० भन्दा कम प्रतिशत प्राप्त गरेका थियो । यस जिल्लामा सोही परीक्षामा एक अर्को विद्यालयको सोही कक्षाका विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि ७९ प्रतिशत थियो। दुबै विद्यालय सामुदायिक विद्यालय भए तापनि यस विद्यालयको सिकाइ उपलब्धि न्यून हुनाका कारक तत्वहरू पहिचान गर्नु उपयोगी र सान्दर्भिक हुने भएकोले यो अध्ययन गरिएको हो ।

## उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य यस विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि न्यून हुनुको कारक तत्वहरूको खोजी गरी अन्य विद्यालयहरू सरह सिकाइ उपलब्धि उन्नत गर्ने उपायहरू प्रस्तुत गर्नु रहेको छ । यसरी नै विद्यार्थीको सिकाइ उपलब्धि कम हुनुमा के के तत्वहरूले भूमिका खेलेका छन् भन्ने बारे लेखाजोखा गर्नु अर्को उद्देश्य हो ।

## विधि

तथ्याङ्क सङ्कलनका साधनहरूमार्फत् अध्ययन टोलीका सदस्यहरू नै विद्यालयमा पुगी आवश्यक गुणात्मक तथा परिमाणात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो । शैक्षिक गुणस्तर परीक्षण केन्द्रका प्रमुख नै पनि विद्यालयमा अध्ययन अवलोकनमा सरिक हुनुभएको थियो । (विधि सम्बन्धी विस्तृत विवरण परिच्छेद दुईमा दिइसकिएको छ ।)

## नतिजा

सङ्कलित तथ्याङ्कको आधारमा यस विद्यालयको न्यून सिकाइसित सम्बद्ध तत्वहरूको पहिचान गरियो जुन देहाय बमोजिम विश्लेषण तथा व्याख्या गरिएका छन् ।

- ***विद्यालयप्रति समर्पित प्रधानाध्यापकको सोच***

प्रधानाध्यापक विद्यालयप्रति धेरै सकारात्मक (अन्तर्वार्ताको आधारमा) रहेको पाइन्छ । त्यसको बावजुद हालै विद्यालयको शैक्षिक स्तर तल रहेको छ । भविष्यमा शिक्षणसिकाइको गुणस्तर माथि उठाउन प्रधानाध्यापक प्रतिबद्ध रहेका छन् । उनी भन्छन् : "म स्थानीय हुँ । मेरो विद्यालय प्रति माया छ । विद्यालयका लागि नै व्यस्त हुँदा मैले धेरै अवसरहरू गुमाएको छु ।" तर अहिलेको अवस्थाले प्रधानाध्यापकको समर्पण व्यवहारिक रुपमा भएको जस्तो देखिदैन ।

प्रधानाध्यापको भावि योजना यसप्रकार छ ।

- कक्षा १ र २ मा कक्षा शिक्षण लागू गर्ने र कक्षा शिक्षकलाई प्रोत्साहन दिने
- राम्रो काम गर्ने शिक्षकका लागि पुरस्कार प्याकेजको सुरुआत गर्ने
  - जिल्लास्तरमा बढी अङ्क प्राप्त गरेको विषय शिक्षकलाई नगद पुरस्कार र प्रशंसापत्र दिने
  - नियमित रूपमा बढी हाजिर हुने शिक्षकलाई नगद पुरस्कार र प्रशंसापत्र दिने
  - अतिरिक्त क्रियाकलापमा सहभागिता र सक्रियताका लागि शिक्षकलाई नगद पुरस्कार र

प्रशंसापत्र दिने ।

- शिक्षकहरूसँग असल मित्रको रूपमा व्यवहार गर्नेः जस्तै उनीहरूप्रति सकारात्मक सोच राख्ने, लगनशील बनाउने, उनीहरूका गुनासा सुन्ने, सही बाटोमा हिंड्न सिकाउने र प्रजातान्त्रिक शैली अपनाउने ।
- परीक्षालगायत विभिन्न सूचनाहरूको विश्लेषण गर्ने, विद्यार्थीको सिकाइ उपलब्धि को औसत निकाली औसतभन्दा कम अङ्क आउने विद्यार्थीलाई शिक्षण सुधार योजना बनाई उपचारात्मक शिक्षण गर्ने ।
- अभिभावकसित निरन्तर सम्पर्क राख्न मोवाइल नम्बर लिन सुरु गरिएको छ र विद्यार्थीमा कुनै समस्या देखिनासाथ अभिभावक सम्पर्क गरी समस्या समाधान गर्ने ।
- अभिभावक भेटघाटलाई नियमित गर्ने
- नेपाली भाषामा नेपाली र अन्य विषय अङ्ग्रेजी माध्यममा पढाउने ।

प्रधानाध्यापकको भनाइअनुसार उनले विद्यार्थीको सिकाइ उपलब्धि उच्च बनाउन उच्च चासो राखेको देखिन्छ र त्यस सम्बन्धमा शिक्षकलाई सदैव सचेत गराएका छन् । यस प्रकारको चासोले सिकाइ उपलब्धि उन्नत गर्न सहयोग पुऱ्याउनु पर्ने हो तर कार्यान्वयनमा सम्बन्धित व्यक्तिहरू त्यति चनाखो देखिदैनन् ।

- ***शिक्षक व्यवस्थापन र शिक्षकको भूमिका***

विद्यालयमा आइ.एड., वि.एड., एम.एड. गरेका शिक्षक १० जना छन् । तीमध्ये एकजनाको तलब दाता ले बेहोरेको छ । कक्षाकोठा र विद्यार्थी सङ्ख्याको आधारमा बालकेन्द्रित विधिबाट पढाउन उपयुक्त छन् । तर पनि शिक्षण सिकाइ प्रक्रिया परम्परा छाडेर विद्यार्थी केन्द्रित विधि अपनाउन सकिएको छैन । शिक्षक धेरै बोल्ने, विद्यार्थीले सुन्ने, अलिअलि प्रश्न गर्ने जस्ता तरिकाबाट शिक्षण गराउने परम्परा कायमै छ । कमजोर बालबालिकाको पहिचान गर्न सक्ने तर सम्बोधन गर्न नसक्ने महसुस शिक्षकहरू गर्छन् । शिक्षकबीच परीक्षाको नतिजा विश्लेषण गर्ने गरेको, बेला बेलामा औपचारिक तथा अनौपचारिक रूपमा शिक्षक बैठक बस्ने गरेको तथा शैक्षिक सुधारको लागि छलफल गर्ने गरेको कमै पाइएको छ ।

- ***कक्षा वातावरण तथा अध्यापनसम्बन्धी अभ्यासहरू (Pedagogical Practices)***

विधिको सम्बन्धमा प्रश्न गर्दा शिक्षकहरूले परम्परागत विधिको प्रयोग हुने गरेको बताए । विद्यार्थीहरू सिकाइप्रति उत्सुक छैनन् । अग्रजहरू नपढेरै धेरै कमाउने भए हामी किन पढ्ने भन्ने सोचाइ

विद्यार्थीहरूको रहेको छ । एकातिर घरमा पढ्ने वातावरण छैन भने अर्कातिर विद्यालय सिकारु उन्मुख हुन सकेको देखिदैन । विद्यार्थीहरू समूहमा छुट्टिएर काम गर्न रुचाउँदैनन् । विद्यार्थीहरू आफूले जानेका विषयमा पनि भन्न चाहँदैनन् । विद्यार्थी पोर्टफोलियो केही शिक्षकले मात्र राख्नु भएको छ । समय नभएको कारणले विषयगत विधि प्रयोग गर्न नसकेको उहाँहरू बताउनु हुन्छ ।

विषयबस्तु अनुसारको विधि प्रयोग गर्न नसक्नुको मुख्य कारण समय नभएको भन्ने शिक्षकहरूको भनाइ रहेको छ । तपाई रिफ्लेक्टिभ प्राक्टिसनर (Reflective Practitioner) बन्न खोज्नु भएको छ भन्ने प्रश्नमा सबैले बन्न खोजेको कुरा बताउनु भयो र व्यवहारमा बन्न सकेको देखिंदैन । विद्यार्थीको आधार नै कमजोर छ । भाषाले सिकाइमा समस्या ल्याएको छ । विद्यार्थीहरू घरमा तामाङ् भाषा बोल्छन् तर विद्यालयमा नेपाली र अङ्ग्रेजी बोल्दा कठिनाइ भएको छ ।

- ***परीक्षा तथा मूल्याङ्कन : निरन्तर मूल्याङ्कन प्रणाली तथा कक्षोन्नति नीति***

निरन्तर मूल्याङ्कन प्रणाली र सिकाइ उपलब्धि को बारेमा प्रश्न गर्दा ६ देखि ८ सम्मका विद्यार्थीलाई क, ख र ग रेजा प्रणालीको आधारमा निरन्तर मूल्याङ्कन प्रणाली प्रयोगमा आउनु पर्नेमा त्यो भएन । विद्यार्थीको सिकाइ उपलब्धि आशाजनक छैन । विद्यार्थीको विषयगत सिकाइ उपलब्धि अगाडि प्रस्तुत गरिएको छ । NASA को रिपोर्टको बारेमा शिक्षकहरू अनभिज्ञ हुनुहुन्छ । उदार कक्षोन्नतिको राम्रो प्रयोग भएको छैन र पोर्टफोलियो फायल छैन ।

- ***विद्यालयको कार्यतालिका र सोको कार्यान्वयन***

विद्यालयको दैनिक कार्यतालिका प्रधानाध्यापक/शिक्षकको कार्यालयमा रहेको छ । कार्यतालिका पाठ्यक्रममा उल्लिखित विषयगत कार्यभारअनुसार बनेको छ । मातृभाषाको रूपमा तामाङ भाषालाई इच्छाधीन विषयको रूपमा राखिएको छ । शिक्षकको कार्यभारमा सन्तुलन मिलाएको छ । शिक्षकले कार्यतालिकाको पूर्ण पालना गरेका छन् । कार्यतालिका शिक्षकको पहुँचमा राखिएको छ, विद्यार्थीका लागि कक्षामा टाँसिएकोले हेर्नका लागि उनीहरूलाई कुन पिरियडमा कुन विषयको पढाइ हुने भन्ने कुरा थाहा छ । सबै शिक्षकको सहभागितामा कार्यतालिका बनाइएको छ । शिक्षकको अनुपस्थितिमा सिकाइ सुनिश्चित गर्ने व्यवस्थाका सम्बन्धमा पुस्तकहरू र शैक्षिक सामग्री पर्याप्त भएकाले राम्रो हुने थियो ।

- ***वार्षिक कक्षा सञ्चालन दिन***

विद्यालय खुलेको जम्मा दिन २२०, पढाइ भएको दिन सरदर १९० छ । सबै विद्यार्थीको सरदर

उपस्थिति पनि १६० दिनको हाराहारीमा रहेको विद्यार्थी उपलब्धि तालिकाबाट देखिन्छ ।

- ***विद्यालय  व्यवस्थापन समितिको सक्रियता***

शिक्षा ऐन तथा नियमावलीअनुसार विद्यालय  व्यवस्थापन समिति गठन भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरूले विद्यालयको विकासमा वातावरण तयार गर्नका लागि योगदान दिन खोज्नु भएको छ । जस्तै सहयोग नपाउँदा स्रोत सङ्कलन गरेर, शिक्षकलाई शिक्षण कार्यमा परिचालन गराएर, विद्यालयको भौतिक सुधारका लागि आवधिक, नियमित र आकस्मिक बैठक गरेर आदि ।

विद्यालय व्यवस्थापन समितिको कार्यहरूमध्ये विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने एक हो । यो कार्य विद्यालय व्यवस्थापन समितिले कसरी गरिरहेको छ भन्ने प्रश्नमा स्थानीय स्रोत, शिक्षक, दाताबाट शैक्षिक सामग्री सङ्कलन गर्ने गरेको र शैक्षिक सामग्री विद्यालयमा पर्याप्त रहेको कुरा उहाँहरू बताउनु हुन्छ ।  शिक्षाको गुणस्तर कायम गर्न शिक्षक अभिभावक संघ गठन गर्ने विद्यालय व्यवस्थापन समितिको अर्को कार्य .हो । यो कार्य कसरी सम्पन्न गरिएको पाउनु भएको छ भन्ने प्रश्नमा शिक्षकले प्रयत्न त गरेका छन् तर स्थानीय साँस्कृतिक कार्यले बाधा पुगेको छ । अभिभावकहरू नियमित रूपमा आफ्नाबालबालिकालाई विद्यालयमा पठाउँदैनन् । विद्यालय  पठाए पछि आफ्नो दायित्व सकिएको अनुभव अभिभावको रहेको, संस्थागत र सरकारी विद्यालयमा अभिभावकको भेदभाव रहेको, सरकारी विद्यालय प्रति अभिभावकको चासो कम रहेको, अभिभावकलाई पत्र पठाउँदा पनि विद्यालयमा नआउने गरेको पाइएको छ । यसमा एक पक्षमात्र दोषी नभएको, आफ्नो विद्यालय आफैं बनाउँ भन्ने भावनाको कमि, स्थायी शिक्षकहरू विद्यार्थीसँग धेरै घुलमिल भएको देखिँदैन । शिक्षकलाई विद्यालय  व्यवस्थापन समितिबाट पनि प्रोत्साहन भएन । शिक्षकको कक्षामा रहने समय कम भयो । शिक्षकको नियमिततामा कमि भयो । व्यवस्थापन समिति विद्यालयको शैक्षिक अवस्थाबारे सन्तुष्ट छैन । निरन्तर मूल्याङ्कन भनेको विद्यार्थीको हाजिरी मात्र हो भन्ने सोचाइ रहेको छ । शिक्षक सिकाइका लागि प्रतिबद्ध र इमान्दार हुनुपर्छ । अभिभावकलाई उर्जा दिने काम गर्नुपर्छ । बालश्रम बढेको छ, विद्यालयमा ड्रपआउट भई अन्य पेसामा जाने प्रवृत्ति बढेको छ । डन प्रवृत्तिको विकास र बुद्धचित्तको दाना रुङ्नमा विद्यार्थी जाने हुनाले पनि पढाइमा नकारात्मक असर परेको देखिन्छ । स्थानीय र एउटै समुदायका शिक्षक मात्र राख्ने प्रयासले पनि पढाइमा नकारात्मक असर परेको कुरा प्रअ तथा विव्यसका पदाधिकारीले महसुस गरी तमाङ बाहेक अन्य समुदाय तथा बाहिरका शिक्षकहरु समेत भएमा सिकाइ माथि उठ्ने अनुभव गरी शिक्षक खाली हुँदा बाहिरका शिक्षक राख्ने प्रयास विव्यसबाट भएको पाइयो ।

विद्यालय  व्यवस्थापन समितिको सक्रियतामा वेल्जियम बस्ने नेपालीबाट रु ५५,०००⁄ को सामग्री सहयोग, सामुदायिक विद्यालय हरूको व्यवस्थापन समितिको अध्यक्षबाट ३७,०००⁄ नगद, CCS बाट ६ कोठे भवन, भूकम्प पछि शिक्षा कार्यालयबाट रु २,५०,०००⁄ को सहयोग, TLC बाट रु एकलाख नगद र रु एकलाखको सामान प्राप्त भएको छ ।

- ***शिक्षक अभिभावक संघको सहयोग***

शिक्षक अभिभावक सङ्घले शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने कार्य नियमित रूपमा भइरहेको छ । सिकाउनेले सिकाउनु पर्छ र सिक्नेले सिक्नु पर्छ भन्ने मान्यता व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक सङ्घको रहेको छ । यसको अर्थ एकातिर शिक्षकको लगनशीलता प्रति व्यवस्थापन समिति तथा अभिभावकहरु विश्वस्त छैनन् भने अर्कोतिर अभिभावकको पनि नपुगेको कुरामा सहमत छन् ।

- ***शैक्षिक गुणस्तर सुधारमा सरोकारवालाहरूको चासो***

विद्यालयमा भएका विभिन्न बैठकमा सरोकारवालाहरूले  शैक्षिक गुणस्तर सुधार प्रति चासो देखाएको कम छ । गत वर्ष ११ पटक भएको विद्यालय  व्यवस्थापन समितिको बैठक, १२ पटक भएको शिक्षक–प्रधानाध्यापक बैठक, १ पटक भएको शिक्षक–प्रधानाध्यापक–विद्यालय  व्यवस्थापन समितिको संयुक्त बैठकमा शैक्षिक गुणस्तर  सुधारसम्बन्धी छलफल कमै मात्र भएको कुरा सरोकारवाला आफैले जानकारी दिएका छन् । यसरी विद्यार्थीहरूको सिकाइ उपलब्धि  राम्रा पार्नका लागि भन्दा भौतिक र आर्थिक पक्षमा सरोकारवाला सबै सचेत भई क्रियाशील भएकै देखिन्छ ।

- ***विद्यार्थी सहयोग कार्यक्रम***

विद्यार्थीको सिकाइ उपलब्धिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्न विद्यालयमा देहायका सहयोग कार्यक्रम सञ्चालन भइरहेको छ ।

**तालिका ३.२ : विद्यार्थी सहयोग कार्यक्रम**

| कार्यक्रमको नाम | कार्यक्रम सञ्चालनबाट भएको उपलब्धि |
|---|---|
| १) छात्रवृत्ति | गरिब विद्यार्थीले शिक्षा प्राप्त गर्ने अवसर पाएका |
| २) घर भेटघाट | विद्यार्थी नियमित गराउनका लागि |
| ३) रेमेडियल शिक्षण | कमजोर विद्यार्थीको सिकाइमा सुधार ल्याउने प्रयास भएको भनिएको छ । |

● ***परिवारको साँस्कृतिक पुँजी अर्थात गैर आर्थिक सम्पति***

विद्यार्थीको परिवारका सदस्यहरूको शिक्षा, बोलिचालिको शैली, भेषभुषाले उनीहरूको सिकाइ उपलब्धिमा कुन किसिमले प्रभाव पारेको छ भन्ने प्रश्नमा प्रधानाध्यापकको भनाइ यसप्रकार रहेको छ : नर्सरी, केजि र कक्षा १,२, ३ मा उक्त प्रभाव विद्यार्थीको सिकाइमा पनि परेको छ । कक्षा ४ माथि विद्यालयको वातावरण कै भर रहेको छ । अभिभावकहरूमा शिक्षाप्रतिको जागरुकता नबढेको कारण उनीहरूको बालबालिकाको भविष्यप्रति चिनतनशील छैनन् । परिवारको साँस्कृतिक पुँजीलाई ध्यानमा राखेर अध्यापन गर्न के गर्नु पर्ला भन्ने प्रश्नमा प्रधानाध्यापकको विचार यस प्रकार छ : समावेशी वातावरण हुनुपर्छ र अब धेरै नै लागि पर्नु आवश्यक छ ।

● ***विद्यार्थीहरूको जन्मजात गुणहरू***

बालबालिकाहरू केही गुणहरूसहित जन्मेका हुन्छन् । तिनीहरूमध्ये सिक्ने क्षमता एक हो । सिक्ने क्षमताको सन्दर्भमा तपाईको विद्यालयमा विद्यार्थीहरूको स्थिति कस्तो छ भन्ने प्रश्नमा यो सामान्य पक्ष रहेको कुरा उहाँहरूले बताउनु भयो । यो जहाँ पनि हुन्छ । परिवारको सामाजिक अवस्था, राम्रो स्थिति, राम्रो चालचलन, असल व्यवहार, परिवारमा हुने आदर सत्कार आदि राम्रो भएको अवस्थामा विद्यार्थीको सिक्ने क्षमता बढी भएको कुरामा शिक्षकहरू विश्वस्त हुनुहुन्छ । यहाँ केटीहरूमा बालविबाह गर्ने प्रचलन र केटाहरूमा ड्राइभर बन्ने चाहना प्रबल रहेको छ । यदि ढिलो सिक्ने र छिटो सिक्ने विद्यार्थी मिलाएर समूह बनाउने, छिटो सिक्नेलाई बढी काम दिने, व्यक्ति विशेषलाई बढी ध्यान दिने तथा सबैको सक्रिय सहभागिता बढाउनु आवश्यक हुन्छ भन्ने कुरा शिक्षकले गरेमा सिकाइमा सफलता पाउन सकिने थियो । सिकाइ असक्षमता (Learning disability) र सिकाइ कठिनाइ (Learning difficulty) भएका विद्यार्थीहरू छुट्याउन सकेको उहाँहरूको भनाइ छ । विद्यालयमा बालविकासमा १ जना र कक्षा ४ मा १ जना अपाङ्गता भएका बालबालिका छन् ।

विद्यार्थीको सिकाइ उपलब्धिलाई माथि उठाउनका लागि विद्यार्थीलाई नै सक्रिय गराउनु पर्ने, विद्यालय व्यवस्थापन समितिले विद्यार्थीको सिकाइप्रति चासो राख्नु पर्ने, शिक्षकहरूले टिम भावनामा रही काम गर्नु पर्ने, सिकाइ प्रधान कक्षाकोठा व्यवस्थापन हुनुपर्ने, विद्यालयको भौतिक पूर्वाधार राम्रो हुनुपर्ने र विद्यार्थीहरूलाई सल्लाह सेवा प्रदान गरिनुपर्ने जस्ता कार्यहरू अनिवार्य रहेको छ ।

**मुख्य प्राप्तिहरू**

● विद्यार्थीको सिकाइस्तर अपेक्षित रूपमा हुन सकेको छैन । यो कुरा स्वयम् शिक्षक, प्रधानाध्यापक र व्यवस्थापन समितिको स्वीकारोक्ति रहेको छ ।

- शिक्षकहरूमा टोली कार्य/भावना (Team work/spirit) को कमी रहेको छ र केही शिक्षकहरूमा शिक्षणप्रति सकारात्मक भावनाको विकास गर्न बाँकी छ ।
- कक्षाकोठाको शिक्षणमा बालकेन्द्रित र सिर्जनात्मक विधिको अभाव छ ।
- विद्यार्थीको सबै पक्षको अभिलेख (निरन्तर मूल्याङ्कनको अभिलेख) राख्ने गरिएको छैन ।
- शिक्षक र प्रधानाध्यापकले कक्षाकोठाको शिक्षण सिकाइमा पर्याप्त ध्यान दिन सकेका छैनन् ।
- माथिल्लो निकायबाट निरन्तर मूल्याङ्कनको सबल पक्षको वकालत गर्न नसकेको देखिन्छ ।

**एक उत्कृष्ट विद्यार्थीको केस/मामला अध्ययन**

ङवाङ कक्षा ५ मा अध्ययन गर्छन् । उनी कक्षाका पहिलो केटा (First Boy) हुन् । उनको उमेर अहिले ९ वर्ष पुगेको छ । उनका ५ जना दिदीहरू छन् । ती क्रमशः कक्षा ७, ८, १०, ११, र १२ मा अध्ययनरत छन् र विद्यालयको परीक्षामा उत्तीर्ण पनि हुँदैआएका छन् ।

कान्छा ङवाङ सबै दिदीहरूका एकमात्र प्यारा भाइ हुन् । उनलाई सबै दिदीहरूले माया गर्छन् । पढ्नमा हौसला दिन्छन् र पढ्नमा सहयोग पुऱ्याउँछन् । त्यसो त उनका लागि चाहिने सिकाइ सामग्रीको व्यवस्था गर्नमा आमा बाबु पनि पछाडि परेका छैनन् । उनका बाबु निम्न आय समूहको परिवारका भए तापनि सीमित रूपमा खेतीपाती गरेका छन् र केही सीप हासिल गरी ससाना निर्माण कार्य गरी आयआर्जन गर्दै आएका छन् । यसले आफ्ना छोराछोरीको शिक्षा आर्जनमा सहयोग पुगेको छ । उनका बाबु विद्यालय व्यवस्थापन समितिमा सदस्य छन् । विद्यालयमा बराबर आउँछन् र उनको पढाइप्रति चासो राख्छन् । यसले गर्दा ङवाङको पढाइलाई थप बल मिलेको छ । ङवाङका सबै दिदीहरू पनि सामुदायिक विद्यालयमा नै अध्ययन गर्छन् । संस्थागत विद्यालयमा जस्तो पढाउनका लागि धेरै खर्च नलागे पनि Opportunity Cost गुमाएर सामुदायिक विद्यालयमा पठाउनु यो परिवारका लागि चुनौती रहेको छ ।

ङवाङले घरको काममा समय खर्च गर्नु पर्दैन । उनले घरमा ससाना कामहरू जस्तैः गाई, भैंसीलाई घाँस पराल हाल्ने, आमा तथा दिदीलाई उनीहरूको काममा अलिकति सघाउने मात्र हो । यसपछि उनी सबै समय पढाइमा नै व्यस्त रहन्छन् । कक्षाको पढाइप्रति उनको रुचि बढी छ । उनी पढाएको कुरा छिट्टै बुझ्छन् । सायद यसैले होला उनी प्रथम भएको । घरमा टेलिभिजन छ तर उनको यसप्रति धेरै अभिरुचि छैन । गाउँमा पर्ने अन्यत्र सामाजिक कार्यहरूमा उनी कम जाने गर्छन् । जसले गर्दा उनको पढाइ राम्रो छ । भविष्यमा डाक्टर बन्ने चाहना राखेका ङुप्साङले यस्तै वातावरण र अवसर पाएमा उनको चाहना पूरा नहोला भन्न सकिन्न ।

**एक कमजोर विद्यार्थीको मामला अध्ययन उनकै शब्दमा**

मेरो नाम प्रमोद हो र म कक्षा ५ मा पढ्छु । मेरो ठेगाना पोखरी नारायण स्थान गाउँपालिका वडा नम्वर ६ गिम्दी हो । म कक्षा १, २, र ३ मा घर नजिकको विद्यालयमा पढ्थें । त्यस विद्यालयमा मेरो कक्षामा जम्मा विद्यार्थी ३ जना मात्र थिए र पहिलो विद्यार्थी थिए । लडेर मलाई ठूलो चोट लाग्यो । यसले गर्दा मलाई घाउ भयो विद्यालयमा नियमित उपस्थित हुन सकिन जसले गर्दा म पढाइमा धेरै पछाडि परें । म शिक्षकले पढाएको कुरा बुझ्दिन अनि  शिक्षकहरू पनि मलाई वास्ता गर्नुहुन्न । अनि मेरो पढाइप्रति रुचि पनि  छैन । मेरो पढाइप्रति रुचि नभएको कक्षा ४ बाट हो ।

हुनत घरमा कक्षा ७ र ९ मा पढ्ने दिदीहरू छन् । उनीहरूले सिकाउँछन् तर मेरो मन सिक्नतर्फ जाँदैन । काकाले पनि पढ्नुपर्छ भनेर भन्नुहुन्छ । अरुले जे जस्तो गरे पनि पढ्न नसक्नुमा मैले आफ्नो क्षमतालाई दोष दिन्छु । घरमा म कम पढ्छु । पानी लिन अलि टाढा जानु पर्ने र मलाई खेल्न धेरै मन पर्ने भएकाले पनि घरमा पढाइ कमै मात्र हुन्छ । मेरा लागि कापी कलम पनि समयमा प्राप्त हुँदैन । टिभि हेर्न मलाई धेरै मनपर्छ तर अहिले घरको टिभि बिग्रिएको छ त्यसैले हेर्न पाइन्न ।

कक्षा ४ मा जब म आँप चोर्न गएं र  फुटबल खेल्न थालें त्यसपछि मेरो पढाइ विग्रियो ।  एकजना नयाँ आएको सरले मलाई पेटीले कुट्नुहुन्छ तर मलाई दुख्दैन । सरले कुट्नु हुन्छ भनेर मलाई डर लाग्छ अनि म कहिले कहिले विद्यालयबाट भाग्छु ।

## ३.३ श्री हिमालय विद्यालय

### सन्दर्भ

श्री हिमालय विद्यालय रुकुम जिल्लाको पूर्व उत्तर स्थित दुर्गम क्षेत्रमा पर्दछ । यो विद्यालय सदरमुकामबाट ४२ कोष टाढा र समुन्द्र सतहबाट २३५० मिटर उचाइमा अवस्थित छ । जिल्लाको भौगोलिक दृष्टिकोणले सबभन्दा ठूलो क्षेत्रफल भएको गाउँ पालिकामा रहेको एकमात्र उच्च माध्यमिक विद्यालय हो । यस विद्यालय पुथा हिमालयको क्षेत्रमा रहेको र यस क्षेत्रमा बसोबास गर्नेमा करिब ८०% मगर र २०% दलित छन् । यस विद्यालय को सेवा क्षेत्र ठूलो छ । विकट पहाडी क्षेत्र भएकोले धेरै विद्यार्थीहरू पैदल आउनु पर्ने र केही विद्यालय नजिक डेरा लिएर बस्नु पर्ने बाध्यता छ ।

यस विद्यालयमा नर्सरी, एल.केजी. र यु.केजी. मा १३७ जना विद्यार्थी अध्ययनरत छन् । कक्षा १ देखि १० सम्म ४८७ र कक्षा ११ र १२ मा जम्मा ४३ जना अध्ययनरत छन् । सबै कक्षाको सिकाइ उपलब्धि स्तर ४० भन्दा माथि छ । शिक्षक विद्यार्थी अनुपातमा प्रा.वि. तहमा १:४४, नि.मा.वि. तहमा १:५३.६६ र मा.वि. तहमा १:२७.२५ रहेका छन् । पहाडी दूर्गम विद्यालय भइकन पनि विद्यार्थी सङ्ख्या धेरै हो ।

यस विद्यालयलाई केस अध्ययनको रूपमा छानिनुको मुख्य कारण यस विद्यालयको कक्षा ८ को विद्यार्थीहरूले वि.स. २०१३ मा शैक्षिक गुणस्तर परीक्षण केन्द्रले लिएको कक्षा ८ का **विद्यार्थीको उपलब्धिको राष्ट्रिय परीक्षण**को परीक्षामा गणितमा औसत सिकाइ उपलब्धि न्यून रहेको थियो । यस जिल्लामा सोही परीक्षामा एक अर्को विद्यालयको सोही कक्षाका विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि उच्च (६० प्रतिशत) थियो । दुवै विद्यालय सामुदायिक विद्यालय भए तापनि यस विद्यालयको सिकाइ उपलब्धि यस विद्यालयमा न्यून हुनाका कारक तत्वहरू पहिचान गर्नु उपयोगी र सान्दर्भिक हुने भएकोले यो अध्ययन गरिएको हो ।

### उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य यस विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि न्यून हुनाका कारक तत्वहरूको खोजी गरी अन्य विद्यालयहरू सरह सिकाइ उपलब्धि उन्नत गर्ने उपायहरू प्रस्तुत गर्नु रहेको छ । यसरी नै विद्यार्थीको सिकाइ उपलब्धि कम हुनुमा के के तत्वहरूले भूमिका खेलेका छन् भन्ने बारे लेखाजोखा गर्नु हो ।

## विधि

तथ्याङ्क सङ्कलनका साधनहरूमार्फत् अध्ययन टोलीका सदस्यहरू नै विद्यालयमा पुगी आवश्यक गुणात्मक तथा परिमाणात्मक तथ्याङ्क सङ्कलन गरिएको थियो । (विधि सम्बन्धी विस्तृत विवरण परिच्छेद दुईमा दिइसकेको छ ।)

## नतिजा

सङ्कलित तथ्याङ्कको आधारमा यस विद्यालयको न्यून सिकाइसित सम्बद्ध तत्वहरूको पहिचान गरियो जुन देहायबमोजिम विश्लेषण तथा व्याख्या गरिएको छ ।

- ***विद्यालय प्रति प्रधानाध्यापकको सोच***

प्रधानाध्यापक विद्यालयप्रति धेरै सकारात्मक रहेको पाइन्छ । प्रधानाध्यापकप्रति शिक्षकहरूको विचार पनि सकारात्मक भएको पाइन्छ । विद्यार्थीको सिकाइ उपलब्धि उच्च बनाउन प्रधानाध्यापकले उच्च चासो राखेको छ र तत्सम्बन्धी जानकारी शिक्षकलाई सदैव सचेत गराइएको छ । यसका साथै उत्तीर्ण वा अनुत्तीर्ण हुनाका साथै सिकाइ उपलब्धि बारेको जानकारी विद्यार्थीहरूमा प्रदान गरिएको छ । यस प्रकारको चासोले सिकाइ उपलब्धि उन्नत गर्न सहयोग पुऱ्याइरहेको छ ।

प्रधानाध्यापकले परीक्षाको नतिजा विश्लेषण गरेर अगाडि बढाउन, समयमा कार्य सम्पादन गर्न लगाउन, अध्यावधिक तथ्याङ्क उपलब्ध गराएर सबै विषय पारदर्शी भई शिक्षकलाई सहयोग गर्ने गरेको पाइयो ।

- ***शिक्षक व्यवस्थापन र शिक्षकको भूमिका***

यस विद्यालयमा कार्यरत १५ शिक्षक मध्ये ११ जना सरकारी सहयोगमा र ४ जना निजी स्तरमा राखिएका छन् । दुर्गम स्थानमा विज्ञान शिक्षक आउन नमान्ने र हाल कार्यरत नि.मा.वि. शिक्षक राम्रो भएकोले निजलाई थप महिनाको रु १०,०००।- रकम दिएर राखेको छ । धेरै जसो शिक्षक स्थानीय र केही मात्र बाहिरको भएकोले विद्यालयलाई राम्रो गर्ने भावना भएको पाइन्छ ।

स्तरीय शिक्षाको लागि र अभिभावकको ध्यानाकर्षण गर्न यस विद्यालयमा नर्सरी देखि कक्षा ५ सम्म अङ्ग्रेजी माध्यमबाट पठन पाठन सुरु गरेको छ । अङ्ग्रेजी माध्यमबाट कक्षा ५ सम्मको पढाउने व्यवस्था गरे पनि कक्षा ५ का विद्यार्थीहरूले समेत सामान्य अङ्ग्रेजी माध्यमबाट बोल्न नसकेको, शिक्षक आफै अङ्ग्रेजीमा राम्रोसँग शिक्षण गराउन नसक्ने अवस्थाका छन् । विद्यालयले कक्षा १ देखि ५ सम्म अङ्ग्रेजी माध्यमबाट पढाइ हुने भएकाले जनक शिक्षा सामग्री केन्द्रबाट प्रकाशित भएका अङ्ग्रेजी माध्यमको किताब प्रयोग गर्ने गरेको छ ।

सबै शिक्षकहरूको सहयोगले कोर्ष पूरा नभएका विद्यार्थीहरूका लागि विहान कक्षा सञ्चालन गरेर सहयोग गर्ने गरेको, सार्वजनिक विदामा पनि कक्षा सञ्चालन गर्ने गरेको र गरिब तथा जेहेन्दार विद्यार्थीको सहयोगको लागि विद्यार्थी राहत कोष स्थापना गरेको जानकारी प्राप्त भयो । त्यस्तै गरी अतिरिक्त क्रियाकलापमा हाजिरी जवाफ प्रतियोगिता, हिज्जे प्रतियोगिता, भलिवल प्रतियोगिता, गीत प्रतियोगिता, नृत्य प्रतियोगिता, निबन्ध प्रतियोगिता सञ्चालन गर्ने गरेको जानकारी प्राप्त भयो ।

- ***कक्षा वातावरण तथा अध्यापनसम्बन्धी अभ्यासहरू (Pedagogical Practices)***

कक्षाकोठा तथा विद्यार्थी सङ्ख्या बालकेन्द्रित विधिबाट पढाउन उपयुक्त छन् । फर्निचरको व्यवस्था समूह कार्य गर्न मिल्ने गरी राखिएका छन् । तर पनि शिक्षण सिकाइ प्रक्रिया भने परम्परा छाडेर विद्यार्थी केन्द्रित विधि अपनाउन सकेको छैन । अध्ययनको दौरानमा यस विद्यालयमा ४ ओटा कक्षा शिक्षण अवलोकन गरिएको थियो । कक्षा अवलोकनको सिलसिलामा यस विद्यालयमा शिक्षणलाई विद्यार्थी उन्मुख बनाउने प्रयास कम भइरहेको पाइएको छ । कक्षा अवलोकनको क्रममा सस्वर वाचन, ड्रिल, कक्षा अभ्यास र प्रश्नोत्तर शिक्षकले प्रयोग गर्ने शैक्षणिक विधिहरू हुन् । यसका साथै शिक्षकहरूसित भएका अन्तरवार्ताबाट शिक्षकहरूले शिक्षक केन्द्रित विधिहरू (जस्तै व्याख्यान, प्रदर्शन, प्रश्नोत्तर) बढी प्रयोग गरेका छन् । शिक्षक धेरै बोल्ने, विद्यार्थीले सुन्ने, अलिअलि प्रश्न गर्ने जस्ता तरिकाबाट शिक्षण गराउने परम्परा कायमै छ । विषयअनुसारको प्रविधि प्रयोग गर्न नसक्नुको मुख्य कारण समय नभएको भन्ने शिक्षकहरू भनाइ रहेको छ । तर उहाँहरू सबैले रिफ्लेक्टिभ प्राक्टिसनर (Reflective Practitioner) बन्ने प्रतिबद्धता व्यक्त गरेका छन् । कक्षाभित्र केही हदसम्म आनन्ददायक किसिमले सिकाउने र सिक्ने विधि (Joyful Learning) र अभ्यास गराउने विधि प्रयोग गरिरहेको शिक्षकहरूले जानकारी दिए । यसका साथै कण्ठ गर्ने बानीलाई निरुत्साहित गरी अर्थपूर्ण सिकाइ गर्न अझै बाँकी रहेको छ । यसका साथै कक्षाको सरसफाइ, कालोपाटीसम्म विद्यार्थी र शिक्षकको पहुँच, कक्षाकोठामा प्रदर्शित चित्र तथा पोष्टर थोरै अवस्थामा रहेका छन् ।

कमजोर बालबालिकाको पहिचान गर्न सक्ने तर उनीहरूको समस्या सम्बोधन गर्न नसक्ने महसुस शिक्षकहरू गर्छन् । टाढाको अक्षर नदेख्ने र कम सुन्ने बालबालिकालाई कक्षाको अगाडिको बेन्चमा राख्न चाहिँ सकेको छ । शिक्षकबीच परीक्षाको नतिजा विश्लेषण गर्ने गरेको, बेला बेलामा औपचारिक तथा अनौपचारिक रूपमा शिक्षक बैठक बस्ने गरेको तथा शैक्षिक सुधारको लागि छलफल गर्ने गरेको पाइयो ।

- ***परीक्षा तथा मूल्याङ्कन : निरन्तर मूल्याङ्कन प्रणाली तथा कक्षोन्नति नीति***

विद्यार्थीको सिकाइ उपलब्धि हेर्ने हो भने सबै तहमा ४०% भन्दा माथि रहेको तथ्याङ्कले देखाउँछ । त्यस्तै कक्षा ८ को जिल्ला स्तरीय परीक्षाको नतिजा हेर्ने हो भने कक्षा ८ मा सबैजसो विद्यार्थी उत्तीर्ण भएको र एस.एल.सी परीक्षामा पनि ५०% भन्दा बढी पास भएको पाइन्छ ।

यस विद्यालयले  निरन्तर विद्यार्थी मूल्याङ्कन तथा उदार कक्षोन्नति नीति अपनाई कक्षा चढाउने कार्य गरेको छैन । अपितु कक्षामा नियमित मौखिक तथा लिखित परीक्षा लिने, तीन पटक टर्मिनल परीक्षा लिई कक्षा चढाउने कार्य गरेको छ । परीक्षा नतिजाको विश्लेषण गरी विद्यार्थी तथा शिक्षकहरूलाई पृष्ठपोषण दिने अभ्यासले सिकाइ उपलब्धि प्रति सबैलाई सचेत गराइएको पाइएको छ । निरन्तर मूल्याङ्कन प्रणाली नअपनाए तापनि शिक्षकहरूले आफूले शिक्षणको दायित्व लिनुका साथै विद्यार्थीको सिकाइ उपलब्धि को जवाफदेहिता समेत लिएका छन् ।

- ***विद्यालयको कार्यतालिका र सोको कार्यान्वयन***

कक्षा १ देखि ५ सम्म अङ्ग्रेजी माध्यमबाट पढाइ हुने भएकाले जनक शिक्षा सामग्री केन्द्रबाट प्रकाशित अङ्ग्रेजी माध्यमको पाठ्यपुस्तक प्रयोग गर्ने गरेको छ । सबै कक्षामा पाठ्यक्रम विकास केन्द्रको पाठ्यक्रम अनुसारको पाठ्यभार मिलाएर कार्यतालिका बनाई पठन पाठन गरिएको छ ।

- ***वार्षिक कक्षा सञ्चालन दिन***

विद्यालय  वर्षमा २२६ खुल्छ र वार्षिक कक्षा सञ्चालन दिन औसतमा १७६ दिन पुगेको छ । कक्षा सञ्चालन दिन कम भएको हुनाले पढाइ पूरा गर्न नसक्नु स्वाभाविक नै हो ।

- ***विद्यालय  व्यवस्थापन समितिको सक्रियता***

सिकाइ उपलब्धि  उकास्न अत्यावश्यक पूर्वाधार जस्तै विद्यालयको योजनाको विकास र कार्यान्वयन, भौतिक संरचना निर्माण र आर्थिक स्रोत जुटाउने कार्यमा  सदस्यहरूको योगदान उल्लेख्य रहेको छ । प्रधानाध्यापकको भनाइअनुसार विद्यालय  व्यवस्थापन समितिका अध्यक्षको दातासितको पहुँच र विद्यालयको विकास प्रतिको समर्पणले अप्रत्यक्ष रूपमा विद्यार्थीको सिकाइ उपलब्धि राम्रो पार्न यथेष्ट सहयोग पुगेको छ ।

विद्यालय  व्यवस्थापन समितिको कार्यहरूमध्ये विद्यालयको शैक्षिक स्तर बृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने एक हो । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/सदस्यहरूको भनाइअनुसार स्थानीय स्रोत, शिक्षक, दाताबाट शैक्षिक सामग्री सङ्कलन गरिएको

छ र शैक्षिक सामग्री पर्याप्त मात्रामा भएको विद्यालय  अवलोकनको क्रममा देखिएको छ । यसरी नै शिक्षा नियमावली २०५९ अनुसार विद्यालय  व्यवस्थापन समितिले  शिक्षक अभिभावक संघ गठन गरेको छ ।

- ***शिक्षक अभिभावक संघको सहयोग***

शिक्षक अभिभावक संघको कार्यकारी समितिले विद्यालय शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने कार्य नियमित रूपमा भइरहेको छ ।

- ***शैक्षिक गुणस्तर सुधारमा सरोकारवालाहरूको चासो***

विद्यालयमा भएका विभिन्न बैठकमा सरोकारवालाहरूले शैक्षिक गुणस्तर सुधार प्रति चासो देखाएका छन् । वर्ष ११ पटक भएको विद्यालय  व्यवस्थापन समितिको बैठक, १२ पटक भएको शिक्षक–प्रधानाध्यापक बैठक, १ पटक भएको शिक्षक–प्रधानाध्यापक–विद्यालय व्यवस्थापन समितिको संयुक्त बैठकमा सीमित मात्रामा शैक्षिक गुणस्तर सुधारसम्बन्धी छलफल तथा निर्णय भई कार्यान्वयन भएको कुरा सरोकारवालाले जानकारी दिएका छन् ।

- ***विद्यार्थी सहयोग कार्यक्रम***

विद्यार्थीको सिकाइ उपलब्धि लाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पार्न यस विद्यालयमा विद्यार्थी सहयोग कार्यक्रम सञ्चालन भइरहेको छ । ती कार्यक्रम र तिनीहरूको प्रभाव तालिका सङ्ख्या १ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.३ : विद्यार्थी सहयोग कार्यक्रम**

| कार्यक्रमको नाम | कार्यक्रमको उपलब्धि |
|---|---|
| १) छात्रबृत्ति | गरि गरिब विद्यार्थीले शिक्षा प्राप्त गर्ने अवसर पाएको |
| २) विद्यार्थी राहत कोष | गरिब तथा जेहेन्दार विद्यार्थीमा सहयोग पुगेको |
| ३) सार्वजनिक विदामा कक्षा सञ्चालन हुने गरेको | सिकाइ कठिनाइ भएका विद्यार्थीको सिकाइमा सुधार भएको |
| ४) बिहानी कक्षा सञ्चालन | कमजोर विद्यार्थीलाई सहयोग र कोर्ष पूरा गर्न मदत मिल्ने । |

- ***परिवारको साँस्कृतिक पुँजी अर्थात गैर आर्थिक सम्पति***

विद्यार्थीहरू विभिन्न जात/जाति, धर्म, सामाजिक–आर्थिक स्थितिबाट आएका छन् । यस विद्यालयमा

विशेषतः मगर (८० प्रतिशत) र दलित (२० प्रतिशत) परिवारका बालबालिकाहरू अध्ययनरत छन् । विद्यार्थीहरू घरमा मगर भाषा बोल्ने, बाहिर अलि अलि नेपाली भाषा बोल्ने, कक्षा शिक्षण अङ्ग्रेजी भाषा प्रयोग गर्दा भाषागत रूपमा अल्मलिएको देखिन्छ । धेरै जना परिवारको पेसा खेती भएको र आर्थिक रूपमा कमजोर भएको कारणले विद्यार्थीहरूले घरको काममा सघाउनु पर्ने, पठन पाठन कार्यमा घरबाट सहयोग नमिल्ने, कापी, कलम, सरसफाई, लुगा, जुत्ता आदिमा घरबाट त्यति सहयोग नमिल्ने गरेको पाइयो । गाउँ घरको सामाजिक संस्कार, चाल चलन, कुरिती, परम्परा पनि शिक्षण सिकाइको अनुकूल वातावरण छैन । बाल-विवाह, बहु-विवाह गर्ने, कामको लागि विदेशिने, हुने खानेको छोरा छोरी सहरमा पढाउने, यार्सा (जीवन बुटी) टिप्न १ महिना विद्यालय नै बन्द गरेर शिक्षकहरू सबै बालबालिका समेत लेखतिर जाने जस्ता कारणले पनि विद्यालयको सिकाइ वातावरणलाई असर परेको छ । तर यार्चागुम्बा र ढोरपाटन सिकार क्षेत्रबाट विद्यालयलाई नियमित आर्थिक सहयोग प्राप्त हुने गरेको छ ।

**केही समस्याहरू**

- यस  हिमालय विद्यालय रुकुम जिल्लाको दुर्गम स्थानमा भएकोले योग्य र विषयगत शिक्षक आउन नमान्ने भएकोले थप सहुलियत दिएर शिक्षक राख्नु पर्ने बाध्यता भएको छ ।
- विद्यालय सञ्चालनको लागि अनुमति दिने तर पूरा दरबन्दी नदिने कारणले सबै कक्षा नियमित सञ्चालन गर्नको लागि विद्यालयले स्रोत सङ्कलन गरी निजी रूपमा शिक्षक नियुक्ति गरी कक्षा सचालन गर्नु पर्ने बाध्यता भएको छ ।
- जेष्ठ महिना यार्सा गुम्बा (जीवन बुटी) टिप्ने सिजन भएको कारणले विद्यालय नै बन्द गरी सबै यार्सा टिप्न जाने भएकोले एक महिना विद्यालय बन्द हुन्छ । त्यस्तै बाहिरका शिक्षक पनि दसैंमा घर गएर तिहार पछि मात्र फर्कने भएकोले यो समयमा पनि विद्यालय  बन्द हुन्छ । जाडो समयमा ज्यादै ठण्डी हुने र हिँउ पनि पर्ने भएकोले विद्यालय खोले पनि विद्यालयको पठन पाठनमा असर पर्दै आएको छ ।
- शिक्षाको स्तर उकास्न तथा स्थानिय समुदायको माग अनुसार कक्षा ५ सम्म अङ्ग्रेजी माध्यमबाट कक्षा शिक्षण हुँदै आएको छ । तर अङ्ग्रेजी  माध्यमबाट शिक्षण गराउन शिक्षकहरू आफै सक्षम देखिदैनन् । अवलोकनको क्रममा कक्षा ५ मा अङ्ग्रेजी  शिक्षण गर्दा नेपाली माध्यमबाट पढाएको पाइयो ।

- विद्यालयमा पढ्न आउने बालबालिकाहरू टाढा टाढाबाट पनि आउनु पर्ने बाध्यता भएको कारणले त्यसको असर पढाइमा पर्ने देखिन्छ ।
- स्थानीय अभिभावकहरूको आर्थिक अवस्था निम्न स्तरको भएको र खेती मजदुरी गरी बाँच्नु पर्ने बाध्यता भएकोले विद्यार्थीको शिक्षण - सिकाइमा घरबाट सहयोग र अनुकूल वातावरण दिन सकेको देखिदैन ।
- स्थानीय समुदाय ८०% मगर र बाँकी दलित भएको कारणले घर घरमा जाँड रक्सी बनाउने र खाने गर्नाले त्यसको असर पनि विद्यार्थीहरूमा प्रतिकूल असर परेको मान्न सकिन्छ ।
- बाल विवाह तथा बहु विवाहको कुसंस्कारको सञ्जालबाट पनि यस क्षेत्र घेरिराखेको पाइन्छ ।

**एक उत्कृष्ट विद्यार्थीको केस/मामला अध्ययन**

निता हिमालय विद्यालयको कक्षा ९ को प्रथम छात्रा हुन् । उनी १५ वर्ष भइन । उनको परिवारमा आमा, बुबा र दुई भाइ छन् । बुबा खेती र ज्यामी काम गर्ने र आमा खेती साथ साथै घरको काम गर्ने गर्छिन् । आर्थिक अवस्था कमजोर भएको कारणले बुबा आमा खेती मजदुरी गर्नु बाध्यता छ । बस्नको लागि एउटा घर छ, तर एउटै कोठामा खाना पकाउने र सुत्नु पर्ने अवस्थाको छ । निताले पनि खाना पकाउन दाउरा सङ्कलन गर्ने र घरको काममा आमालाई सघाउनु पर्ने अवस्था छ । उनी बिहान ६ बजे उठ्ने र बेलुका १० बजे सुत्ने गर्छिन् । सबै सुतेपछि पढ्ने र परीक्षाको बेलामा आमाले काममा नलगाइकन पढ्न मौका दिने गरेको र पढ्नको लागि प्रोत्साहन गर्नु हुने रहेछ । आमाले पढ्न नपाएकोमा पछुताउँदै छोरीलाई पढाउने र ठूलो मान्छे बनाउने रहर रहेछ ।

विद्यालयमा पढ्ने वातावरण र शिक्षकहरूले राम्रो पढाउने गरेकोले आफू कक्षा ५ देखि हालसम्म कक्षामा प्रथम हुन सकेको बताउँछिन् निता । सामाजिक विषय सजिलो र अङ्ग्रेजी  र गणित विषय गाह्रो हुने गरेको अनुभव बताउँछिन् । उनले छिटो विहे नगर्ने, ध्यान दिएर पढ्ने, मिहनेत गर्ने, र भविष्यमा डाक्टर बन्ने सपना बुनेकी छिन् ।

हातमा मोबाइल छैन, घरमा टिभि छैन, गाउँमा धेरै घुम्ने ठाउँ छैन । गाउँका सबै जसो आफ्ना नातेदारहरू नै बढी भएकोले सामाजिक रूपबाट उनी सुरक्षित ठान्दछिन् ।

**एक कमजोर विद्यार्थीको केस/मामला अध्ययन**

अपेक्षा श्री हिमालय विद्यालयको कक्षा ६ मा अध्ययन गर्ने विद्यार्थी हुन् । कक्षा ६ अनुत्तीर्ण भएर पनि उनको कक्षाको ४४ जना विद्यार्थी मध्ये उनको रोल नम्बर ३२ रहेको छ । उनको परिवारमा बुबा,

आमा, एक भाइ, एक दाइ र दुई दिदीहरु छन् । बुबाको पसल छ, आमा रक्सी बनाउनु हुन्छ र बेच्नु हुन्छ । आमाले दिनमा २ ग्यालेन अर्थात ६४ बोतल रक्सी बनाउनु हुन्छ र दिदीहरूले बेच्नु हुन्छ । प्रति बोतल रक्सी ८०।- रूपैयामा मैकोटमा बिक्री हुने र यार्सा टिप्ने ठाउँमा प्रति बोतल रु. ३००।- मा बिक्री हुने बताउँछिन् । अपेक्षाले पनि आमालाई घरको काममा सघाउने गरेकी छन् ।

चितवनमा नर्सरी र बुर्तिबाङ्गमा कक्षा २ सम्म अङ्ग्रेजी पढेकोले उनलाई अङ्ग्रेजी सजिलो र नेपाली र गणित गाह्रो लाग्छ । आफू किन फेल भए र कमजोर भए भन्ने बारे उसलाई थाहा छैन । आर्थिक रूपमा गाउँमा अलि सम्पन्न भए पनि घरमा पढ्ने वातावरण नभएको र पढ्नको लागि प्रोत्साहन गर्ने गरेको पाइएन ।

## ३.४ श्री सरोवर विद्यालय, रुकुम

**सन्दर्भ**

श्री सरोवर विद्यालय, प्रदेश ६, रुकुम जिल्लाको पूर्वी सिमानाको पुर्तिमकाँडा गाउँपालिकामा अवस्थित छ। विद्यालय सेवा क्षेत्रमा जम्मा जनसङ्ख्या १,७९६ छ। यो सेवा क्षेत्रको कुल जनसङ्ख्याको आधारमा जाति जनजाति र विद्यार्थी विवरण निम्नअनुसार छ :

**तालिका ३.४: जनसङ्ख्या  र विद्यालयमा बालबालिकाको वितरण**

| जाति/जनजाति (जनसङ्ख्या) | प्रतिशत | विद्यालयमा विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| क्षेत्री | १८.१५% | ६८ | २०% |
| जनजाती मगर | ४८.७२ | १८८ | ५५% |
| दलित | ३३.१२ | ८३ | २५% |
| जम्मा | १०० | ३२९ | १००% |

यस सेवा क्षेत्रमा तुलनात्मक ढङ्गले हेर्दा दलितहरूको स्कुल जाने सङ्ख्या भन्दा मगरहरूको स्कुल जाने सङ्ख्या धेरै कम देखिन्छ। शिक्षक एवं अभिभावक भन्छन् : पढेका सबै जनजाति जागिरमा छन् तैपनि मगर समुदायमा पढाउनु पर्छ भन्ने चेतनाको अझै पनि कमी छ। दोस्रो कारण बाबुहरूले छोराहरू १२/१४ वर्षको भएपछि आफूसँग भारततिर काम गर्न लैजान्छन्।

यस विद्यालयमा कक्षा १० सम्म पढाइ हुन्छ। कक्षा ५ सम्म स्थायी स्वीकृति छ। निम्न माध्यमिक विद्यालय  र माध्यमिक विद्यालय  कक्षाहरू सञ्चालन गर्ने अनुमति प्राप्त छ।

विद्यालयमा आधारभूत भौतिक पक्षको व्यवस्था यस प्रकार छ : विद्यालय  हातको क्षेत्रफल - २२८५ वर्गमिटर, भवन सङ्ख्या ५, कक्षाकोठा सङ्ख्या १२, कोठा सङ्ख्या १२, प्रति विद्यार्थी ६.९४ वर्गमिटर पर्दछ। विद्यालयमा फर्निचर, खानेपानी, शौचालय र विद्यालय प्राङ्गणको राम्रो व्यवस्था छ। खेल मैदान, घेरावारा, करेसाबारी/बगैंचा र दिवाखाजाको व्यवस्था छैन। दुई तले नयाँ भवनको निर्माण भइरहेको छ। जसमा ६ कोठा हुनेछन्।

**उद्देश्य**

यस अध्ययनको मुख्य उद्देश्य हो विद्यार्थीको सिकाइउपलब्धि राम्रो हुनु नहुनुमा मुख्य कारक तत्वको

खोजी गरी विद्यार्थीको सिकाइउपलब्धि राम्रो गर्न के के तत्वको भूमिका रहन्छ भनी लेखा जोखा गर्नु हो ।

**विधि**

अनुसन्धानकर्ता आफैं प्रत्यक्ष विद्यालयमा पुगी परिच्छेद दुईमा उल्लेख भए अनुसारका तथ्याङ्क तथा जानकारीहरू सङ्कलन गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

**नतिजा**

उपलब्ध तथ्य एवं जानकारीको आधारमा प्राप्त नतिजाको विश्लेषण एवं प्रस्तुति यस प्रकार गरिएको छ :

- ***प्रधानाध्यापकको व्यवस्थापन एवं सोच***


प्रधानाध्यापक सँगको छलफलबाट निम्नलिखित निष्कर्ष निकालिएको थियो ।

- निरन्तर मूल्याङ्कन र कक्षोन्नतीलाई अझै सही ढङ्गले अर्थ बुझाउन सकिएको छैन ३, ५ र ८ मा सबै विद्यार्थी उत्तीर्ण छन् ।
- निरन्तर मूल्याङ्कन एउटा औपचारिकता जस्तो भएको छ । परीक्षा भने पछि बुझ्छन् । शिक्षकले विषयगत औसत निकाल्छन् र प्रामाणिक विचलनमा अलमलिन्छन् ।
- यहाँ नासाको परीक्षण भएको थियो । त्यसको सिकाइ उपलब्धि ७१ थियो । अहिले औसत ४० तिर झरेको छ । यो हिसाबले सिकाइ उपलब्धि घट्दो क्रममा छ ।
- शिक्षणमा भाषण विधि, छलफल र प्रश्नोत्तर मात्र गरिन्छ ।
- शिक्षकहरूले पाठ्यपुस्तक सिकाउने भन्दा सिध्याउने काम गर्छन् ।
- यहाँ Reflective Practice त्यति चलनमा छैन ।
- सबै विद्यार्थीले सिक्न सक्छन् : यदि पुरा वैयक्तिक रूपमा समय र ध्यान दिन सक्यो भने । घर परिवारबाट कमै सहयोग हुन्छ । सबै शिक्षक र विद्यालयको भरमा सिक्छन् ।
- विद्यालयमा अपाङ्गता भएका कमै छन्/छैनन् भन्दा पनि हुन्छ । सिकाइ कठिनाइ थुप्रैमा छ उनीहरूको मानसिक कारणले भन्दा पनि सिकाउने सुरुमा शिक्षकको क्षमता, विद्यार्थीलाई दिईने ध्यानको कमि र परिवारको सहयोगको कमिको कारणले
- सबै कक्षामा अङ्ग्रेजी माध्यममा पढाउने योजना छ ।
- नयाँ भवन पूरा भए पछि कक्षा-कोठाहरू अझ व्यवस्थित हुनेछन् ।

- ▪ सोलारबाट विद्युत र इन्टरनेटको सुविधा छ ।
- ▪ कम्प्यूटर ट्रेनिङ्ग दिनु पर्नेछ । शिक्षकलाई अङ्ग्रेजी  भाषाको तालिमको दिनु पर्ने छ ।

- ***प्रधानाध्यापकको व्यवस्थापनको मूल्याङ्कन***

विद्‌यार्थीहरूको सिकाइ उपलब्धि  सुधारका लागि प्रधानाध्यापकले खेलेको नेतृत्वदायी भूमिकाबारे बुझ्न शिक्षकहरूलाई तलको लेखाचित्र (ग्राफ)को आधारमा जानकारी प्राप्त गरिएको थियो ।




**चित्र सङ्ख्या ३.१ : प्रधानाध्यापकको सिकाइ उपलब्धि प्रति चासो**

प्रधानाध्यापकको सिकाइ उपलब्धि  सुधारका लागि उनको नेतृत्व एवं व्यवस्थापकीय शैली मूल्याङ्कन गराउँदा माथिको ग्राफमा ८/२ (शिक्षक प्रति चासो/सिकाइ उपलब्धि  प्रति चासो) प्राप्त भएको छ । यो मूल्याङ्कन प्रधानाध्यापकसँग ५ वर्ष भन्दा बढी समयदेखि काम गरिरहेका ३ जना शिक्षकसँग मूल्याङ्कन गर्न लगाई त्यसको औसतमा यो ग्राफ तयार गरिएको थियो ।

परिणामअनुसार प्रध्यानाध्यापक शिक्षककप्रति बढी चासो राख्ने देखिए पनि पढाइप्रति कम चासो राख्ने देखिन्छन् । उनी बढी नरम खालका भएकोले शिक्षकलाई दबाब दिएर काममा लगाउन सक्दैनन् ।

- *शिक्षक व्यवस्थापन र शिक्षकको भूमिका*

सरोवर विद्यालयमा कार्यरत १४ शिक्षक कर्मचारी मध्ये ६ जना सरकारी दरबन्दीबाट छन् । ६ मध्ये ३ स्थायी र ३ राहत कोटाबाट छन् । २ जना सहयोगी सरकारी छन् । ४ जना शिक्षक निजी खर्चबाट र १ जना बालविकास र १ जना सामुदायिक अध्ययन केन्दको परिचालक छन् । शिक्षक विद्यार्थी अनुपात प्राथमिक तहमा १: ५०, निम्न माध्यमिक तहमा १:४२ (राहत ३ जना) र माध्यमिक तहमा १:२३ (दरबन्दि नभएको सबै निजी स्रोत) छ ।

**तालिका ३.५ : विषयगत शिक्षकको उपलब्धता र विद्यार्थीको उपलब्धिस्तर (विद्यालयको नतिजाका आधारमा)**

| विषय | विषयगत शिक्षक | | | | | | विषयगत उपलब्धि स्तर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | भएको | | | नभएको | | | | | |
| | | | | | | | | | |
| नेपाली | √ | √ | | | | √ | ४९.९० | ६०.१९ | ३९.७० |
| गणित | | | √ | √ | √ | | २०.०४ | २७.७३ | ३३. |
| विज्ञान | | √ | | √ | | | ३३.७३ | ५७.०९ | ४६.७६ |
| सामाजिक | | | | √ | √ | √ | ४०.३२ | ६३.२६ | ४९.८४ |
| अङ्ग्रेजी | | √ | √ | √ | | | ३९.१९ | ५८.०९ | ५५.०७ |
| स्वा.ज.शि. | | √ | √ | | | | | | ६३.७७ |
| ऐ.प्रथम | | √ | √ | | | | | | ५४.५७ |
| ऐ.द्वितीय | | | √ | | √ | | | | ५७.३ |

विषयगत उपलब्धि यसप्रकार छ : नेपालीमा - प्रा.वि.मा ४९, नि.मा.वि मा ६० र मा.वि.मा ३९ छ । गणितमा क्रमशः २०, २७, ३३ छ । विज्ञानमा क्रमशः ३३, ५७, ४६ छ । सामाजिकमा ४०, ६३ र ४९ छ भने अङ्ग्रेजी मा ३९, ५८ र ५५ छ । सबै भन्दा कम उपलब्धि गणितमा छ । यसरी सिकाइ उपलब्धि कम हुनुको कारणबारे शिक्षकहरूसँग भएको समूह छलफलले निकालेको निष्कर्ष यसप्रकार छ :

- सिकाइ उपलब्धिलाई परीक्षाको हिसाबबाट मात्र हेरिएको छ ।
- एक शिक्षकले दिनको ६ पिरियड पढाउनु पर्छ ।
- निजी शिक्षक छनोट गर्दा योग्य शिक्षक पाइन्छन् तर भनेजति तलब दिन सकिँदैन ।
- विषयवस्तु नजानेको खण्डमा र नयाँ विधि प्रयोग गरी पढाउने सम्बन्धमा शिक्षकलाई खास प्राविधिक सहयोग छैन ।
- धेरै समय शिक्षणमै बित्छ । गृहकार्य संधै हेरिंदैन । तैयारीको काम पनि खास गरिंदैन ।

- निम्न माध्यमिक तहको पाठ्यक्रम छ । तर प्राथमिक र माध्यमिक तहको पाठ्यक्रम नै छैन ।
- कम्प्यूटर जान्ने शिक्षक ३/४ जना छन् । स्कुलमा सौर्य उर्जाबाट बत्ती बाल्ने, कम्प्यूटर चलाउने, प्रिन्त गर्ने र इन्टरनेट चलाउने सुविधा छ । तर शिक्षणमा त्यस्को न्यून मात्रामा मात्र प्रयोग हुन्छ ।
- विद्यार्थीमा सिक्ने उत्प्रेरणा कम छ र घरमा अध्ययन बानी छैन ।
- शिक्षकले थप शिक्षा र प्राविधिक सहयोग नपाउने जस्ता समस्या शिक्षकले भोगिरहेका छन् ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन सिकाइमा सहयोग पुऱ्याउनको लागि हो भन्ने बुझिएको छैन । यो पनि परीक्षाको एक अङ्गको रूपमा बुझिएको छ ।
- उदार कक्षोन्नितको पनि सहि अर्थ बुझिएको छैन । नपढाए पनि पास गरे हुन्छ वा कक्षा चढाए हुन्छ भन्ने बुझिएको छ ।

- ***कक्षा वातावरण तथा व्यवस्थापनसम्बन्धी अभ्यासहरू***

निम्न माध्यमिक र माध्यमिक विद्यालय तहमा पर्याप्त मात्रामा फर्निचर र ह्वाइटवोर्डहरू छन् । प्राथमिक तहमा कक्षा १, २, ३ मा कार्पेट लगाएको भुँईमा बस्ने व्यवस्था गरिएको छ भने अन्य कक्षामा डेस्क बेञ्च छन् । अध्यापन विधिमा भाषण, प्रश्नोत्तर र छलफल विधि अपनाइन्छ ।

विद्यार्थीसँग कक्षामा गरिएको छलफलबाट प्राप्त सिकाइ उपलब्धि सम्बन्धि निष्कर्ष निम्नअनुसार रहेको छ :

- गृहकार्य गरेर ल्याए पनि चेक हुँदैन । कहिलेकाहीँ मात्र हुन्छ ।
- जान्ने विद्यार्थीहरूले नबुझेको कुरा सोध्छन् । नजान्नेहरू चुप भएर बसी रहन्छन् ।
- कक्षा १/३ तिर लेख्ने कपि र पेन्सिल नै हुँदैन ।
- शिक्षकले शैक्षिक सामग्रीको प्रयोग गर्दैनन् ।
- नजानेमा गाली गर्छन, हप्काउँछन् ।
- जान्नेलाई मात्र सोध्छन् । नजान्नेलाई त्यति ध्यान दिदैनन् ।
- घर परिवार र शिक्षकको पढाइसम्बन्धी कुनै कुरा हुँदैन ।
- एस.एल.सी. को लागि कोचिङ्ग हुन्छ, अरुको लागि हुँदैन ।
- निरन्तर मूल्याङ्कनको कुरा सुनेका छन् तर यो के हो थाहा छैन ।
- परीक्षा हुन्छ भन्दा डर लाग्छ । तर फेल त्यति भएका छैनन् । त्यसो हुँदा नपढे पनि पास हुने हो कि जस्तो लाग्छ ।

- ***परीक्षा तथा मूल्याङ्कन***

प्रधानाध्यापक, शिक्षकहरू र विद्यार्थीसँग भएको छलफल एवम् अन्तरक्रियाअनुसार परीक्षाले विद्यार्थीको सिकाइ उपलब्धिमा खास केही असर पारेको छैन । निरन्तर मूल्याङ्कन विद्यार्थीलाई कसरी सिकाउने भन्ने सम्बन्धमा हो भने अन्तिम परीक्षा विद्यार्थीले के सिके भन्ने लेखाजोखाको लागि हो । तर त्यहाँ निरन्तर मूल्याङ्कन पनि परीक्षाको रूपमा प्रयोग गरेको पाइयो ।

निम्न माध्यमिक र माध्यमिक तहमा सक्षमतामा आधारित पाठ्यक्रम लागू भइसकेको छ । तर सक्षमता के हो ? सिकाइ उपलब्धि (Learning Outcome) के हो त्यसमा शिक्षक विद्यार्थी सबै अनभिज्ञ नै रहेको पाइयो । निम्न माध्यमिक विद्यालयको पाठ्यक्रमको पनि खास प्रयोग भएको पाइएन - सक्षमतामा आधारित सिकाइको लागि वा सिकाइ उपलब्धिको लागि ।

उदार कक्षान्नतिको पनि सही सदुपयोग भएको पाइएन । विद्यार्थी, शिक्षक र अभिभावक सबैले विद्यार्थी फेल गर्न नपाइने नपढे पनि कक्षा चढाउनु पर्ने नीति सरकारले ल्यायो भनेको पाइयो ।

- ***विद्यालयको वार्षिक कार्यक्रम र सोको कार्यान्वयन***

वार्षिक कार्यतालिका/कार्यक्रमअनुसार कार्यक्रम निरन्तर सञ्चालन गरिएको छ । विशेषतः दैनिक कार्यतालिका पाठ्यक्रममा उल्लिखित विषयगत कार्यभारअनुसार बनेको छ, यो शिक्षक विद्यार्थी सबैको पहुँचमा राखिएको छ, शिक्षकको कार्यभारमा सन्तुलन मिलाएको छ र शिक्षकले कार्यतालिकाको पूर्ण पालना गरेको छ, । बालज्योति माध्यमिक विद्यालयमा वार्षिक कार्यक्रम बनाई सो अनुसार कार्यान्वयन गरिएको छ । तर शिक्षकको अनुपस्थितिमा सिकाइ सुनिश्चित गर्ने व्यवस्था मिलाइएको छैन ।

- ***वार्षिक कक्षा सञ्चालन दिन***

गत वर्ष जम्मा विद्यालय खुलेको दिन २२३ थियो भने जम्मा पढाइ भएका दिन १९१ थिए ।

- ***विद्यालय व्यवस्थापन समितिको सक्रियता***

गत वर्ष ७ पटक भएको बैठकमा भौतिक संरचना निर्माण, वार्षिक कार्ययोजना निर्माण, जन श्रमदान र विद्युत जडान विषयमा छलफल भई निर्णय गरिएको थियो । ती निर्णय नियमानुसार कार्यान्वयन गरिएको थियो । तर सिकाइ उपलब्धि बारे छलफल भएको देखिँदैन । व्यवस्थापन समितिसँग भएको छलफलको निष्कर्ष यस प्रकार छ :

  - विद्यार्थीमा पढ्नु पर्छ, मिहेनत गर्नु पर्छ भन्ने धारणाको अझै राम्रोसँग विकास भएको छैन ।

- अझै योग्य शिक्षकको अभाव छ। योग्य शिक्षक पाइन्छन् तर निजी स्रोतबाट तलवको व्यवस्था गर्न गाह्रो छ।
- हामीलाई शिक्षा ऐन, नियमको कुरा थाहा छैन । हाम्रो काम शिक्षकलाई सल्लाह दिने, अभिभावकलाई सचेत गर्ने र विद्यालय लाई श्रोत जुटाउने हो।
- समुदायबाट आर्थिक सहयोग र श्रम जुटाएर निजी स्रोतका शिक्षकको तलब दिने, स्कुल भवन बनाउने, फर्निचर बनाउने काम भएको छ।
- कक्षा १ मा अङ्ग्रेजी पढाउने शिक्षकको अभाव छ। सबै अङ्ग्रेजी सिक्न चाहन्छन्।
- शिक्षकलाई अङ्ग्रेजी र कम्प्यूटर तालिमको आवश्यकता छ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समितिको सक्रियता राम्रो छ । सबै सदस्यहरू र गाउँलेहरूको पूर्ण सहयोग प्राप्त भएको छ।

- ***शिक्षक अभिभावक संघको सहयोग***

२०७२ सालमा शिक्षक अभिभावक संघको गठन भएको छ। महिलाको सङ्ख्या ३ छ र यो वर्ष ७ पटक बैठक बस्यो । भौतिक संरचनाको विकास र सुधार, विद्यालय योजनाको अनुगमन र जनश्रम बारे छलफल भयो। तर विद्यार्थीको सिकाइ र शिक्षणसम्बन्धी छलफल भएको पाइएन।

शिक्षक अभिभावक संघसँग भएको छलफलबाट प्राप्त निष्कर्ष यस प्रकारको छ :

- शिक्षक अभिभावक संघको बैठक अलग्गै बस्दैन। व्यवस्थापन समितिको बैठकसँग गाभिएको हुन्छ।
- धेरै जसो छलफल विद्यालयको साधन जुटाउनेमा सीमित हुन्छ। पढाइ/सिकाइ सम्बन्धमा कम छलफल हुन्छ।
- शिक्षक अभिभावक संघले विद्यार्थी भर्ना, स्कुलको सफाइ, श्रमदान जुटाउने, नीति निर्माणमा विशेष भूमिका खेलेको छ।
- विद्यार्थी अनुशासन कायम राख्नमा मदत पुऱ्याएको छ।
- विद्यार्थीहरूलाई काम गरी खान सक्ने बनाउनु पर्ने, त्यही नै गाह्रो भयो।

- ***शिक्षक प्रधानाध्यापक बैठक***

गत वर्ष शिक्षक र प्रधानाध्यापक बैठक ५ पटक भएको थियो। ती बैठकमा बालमैत्री कक्षा व्यवस्थापन, कक्षामा शैक्षिक सामग्री व्यवस्थापन, परीक्षासम्बन्धी र कोचिङ कक्षा सञ्चालन सम्बन्धमा निर्णय भएको थियो र ती निर्णय कार्यान्वयन गरिएको थियो।

- ***अभिभावकसँगको छलफल***

अभिभावकसँग पनि छलफल गरिएको थियो, यसबाट प्राप्त निष्कर्ष यस प्रकार छ :

- घरमा केटाकेटीहरू मोबाईल मात्र चलाउनमन पराउँछन् ।
- बेलुकी पढ्नलाई नियमित बत्ती हुँदैन । मट्टीतेल कहिले पाइन्छ, कहिले पाईदैन, कहिले किन्ने पैसा हुँदैन ।
- केटाकेटीहरूले घरको काम पनि गर्नु पर्ने पढ्नु पनि पर्ने ।
- केटाकेटीहरूले विद्यालयमा पढेका होलान, सिकेको होलान भन्ने हामीलाई विश्वास छ  तर हामी केही जान्दैनौं ।
- स्कुलमा जाँच पास गर्नु पर्दैन भनेको सुनेर पढ्न छाडेका छन् । (शिक्षकले निरन्तर मूल्याङ्कनको अर्थ बुझाउन सकेका छैनन् ।)
- शिक्षक अभिभावक संघको बैठक धेरै जसो विद्यालय  व्यवस्थापन समितिको बैठकसँग गाभेर गर्ने गरेको पाइयो ।

- ***शैक्षिक गुणस्तर सुधारमा सरोकारवालाहरूको चासो :***

गत वर्ष शिक्षक र प्रधानाध्यापक बैठक ५ पटक; शिक्षक, प्रधानाध्यापक र विद्यालय  व्यवस्थापन समितिको संयुक्त बैठक ५ पटक र अभिभावक संघ बैठक ७ पटक बसी बालमैत्री कक्षा सञ्चालन, शैक्षिक सामग्री व्यवस्थापन र परीक्षा सम्बन्धी निर्णयहरू गरी कार्यान्वयन गर्‍यो ।

विद्यालय  अभिभावक भेला २ पटक भयो । सो भेलामा बालबालिका भर्ना, शैक्षिक उपलब्धिको समीक्षा, सामाजिक लेखा परीक्षण र योजना तर्जुमा सम्बन्धी छलफल, अन्तरक्रिया र समीक्षा एवं सुझाव दिने काम भएको माईन्युट बुकबाट देखिन्छ ।

विद्यालय  व्यवस्थापन समितिको माईन्यूट, शिक्षक-अभिभावक संघको माईन्यूट, निरीक्षण पुस्तिका आदिको अध्ययन गर्दा शैक्षिक गुणस्तरसम्बन्धी छलफल निर्णय भएको कही पनि देखिएन ।

- ***विद्यार्थी सहयोगका कार्यक्रम***

विद्यार्थी सहयोगको लागि कोचिङ कक्षा र स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरेको देखिन्छ । कोचिङ कक्षा विद्यार्थीलाई गाह्रो भएका विषय अङ्ग्रेजी, गणित र विज्ञान विषयमा दिइने गरेको छ । त्यस्तै स्वास्थ्य सुधारमा खोप, स्वास्थ्य परीक्षण, व्यक्तिगत सरसफाइ, विद्यालय  सफाइ र सामुदायिक सफाइ गर्ने गरेको पाइयो ।

**सिकाइ उपलब्धिमा तात्विक सुधार हुन नसक्नुका कारणहरू**

समग्रमा यस विद्यालयमा सिकाइ उपलब्धि मा तात्विक सुधार हुन नसक्नुका कारणहरू यस प्रकारका छन् :

- पाठ्यक्रमको प्रयोग नहुनु - पाठ्यपुस्तकमा मात्र भर पर्नु ।
- सिकाइ उपलब्धि  र पढाइसँग सम्बन्ध नहुनु ।
- पाठ्यपुस्तकमा सिकाइ उपलब्धि  उल्लेख नहुनु ।
- सिकाइ उपलब्धि  नै प्रयोग नभए पछि निरन्तर मूल्याङ्कन अर्थहीन हुने ।
- निरन्तर मूल्याङ्कनको गलत अर्थ लगाइनु ।
- शिक्षकहरूले नै निरन्तर मूल्याङ्कनको मर्म नबुभ्नु ।
- सिकाइमुखी भन्दा परीक्षामुखी शिक्षा प्रणाली हुनु ।
- विद्यालयमा सिकाइसम्बन्धी व्यवस्थापन कमजोर हुनु ।
- भएको शैक्षिक सामग्रीको प्रयोग नहुनु ।
- अभिभावकमा शिक्षा सम्बन्धी चेतना बोधको कमी हुनु ।
- विद्यालयमा पढनेमा केटा भन्दा केटीको सङ्ख्या ठूलो छ । केटालाई प्राईभेट स्कूलमा पठाएर होइन । केटालाई काममा लगाउन भारततिर लगेकोले ।
- यहाँको समुदाय तुलनात्मक रूपमा आर्थिक रूपले विपन्न छ । मगर र दलितहरूको बाहुल्य छ ।

**एक उत्कृष्ट विद्यार्थीको केस/ मामला अध्ययन**

रीता कक्षा ५ मा पढाइ लेखाइमा सबभन्दा राम्रो गर्ने विद्यार्थी हुन् । उनी कक्षा १ देखि ५ सम्म प्रथम छन् । उनीले हरेक विषयमा राम्रो अङ्क प्राप्त गरेकी छिन् । उनी बोलीवचन र व्यवहारमा पनि कुशल छिन् । उनी शिक्षक र विद्यार्थी साथीहरूसँग राम्रो व्यवहार गर्छिन् । उनी हरेक दिनमा घरमा सहयोग गर्ने काम पनि गर्छिन् ।

यमुना एउटा साधारण किसान परिवारमा जन्मेकी र हुर्केकी हुन् । उनका बावुआमा दुवैले पढेका छैनन् । उनीहरू किसान हुन् । खेती नगर्ने बेलामा उनका बाबु मजदुर गर्दछन् । उनका ५ दिदीबहिनी र दुई दाजुभाइ छन् । तर सबै विद्यालय  पढ्छन् । उनी सानैदेखि दिदीहरूसँग पढ्थिन् । विद्यालय  गए तापनि दिदीहरूको सहयोग ठूलो थियो । दिदीहरू सबैले उनलाई माया गर्थे । दिदीहरूले अक्षर

चिनाए/लेख्न सिकाए/पढ्न सिकाए । अब उनले दिदीहरूसँग सिक्नु पर्दैन/विद्यालयको पढाइ नै उनको लागि काफी छ । उनले कक्षामा कुनै कुरा बुझिनन् जानिनन् भनी सोधी हाल्छिन् । सबै कुरा नजानेसम्म शिक्षकलाई पाठ बढाउन दिन्नन् । उनलाई सबभन्दा मन पर्ने विषय हो अङ्ग्रेजी । सबभन्दा मन पर्ने सर अङ्ग्रेजी पढाउने हुनुहुन्छ । अङ्ग्रेजी पछि सामाजिक, नेपाली र विज्ञान मन पर्छ । गणित सबभन्दा कम मन पर्ने विषय भए तापनि उनी त्यसमा पनि पहिला नै छन् ।

उनलाई खेलकुद गीत, नृत्यमा रुचि छ । खेलमा ब्याडमिन्टन सबभन्दा बढी मन पर्छ तर कर्क किन्ने पैसा छैन । उनी हिज्जे प्रतियोगिता (स्पेलिङ्ग टेष्ट), हाजिरी जवाफ आदिमा सधैं भाग लिन्छिन् । पढाइ खेलकुदको अलावा घरको काम घाँस काट्ने, खेती लगाउने, खेती थन्क्याउने काममा पनि परिवारलाई सहयोग गर्छिन् ।

**एक कमजोर विद्यार्थीको केस/ मामला अध्ययन**

कमल कक्षा ५ मा पढाइमा सबभन्दा पछि परेका विद्यार्थी हुन् । उनी कक्षा १ देखि ५ सम्म नै पछि पर्दै आएका छन् । सबै विषयमा कमजोर छन् । शारीरिक स्वरूप, अनुहारको रौनक, आँखा, सुनाई क्षमता हेर्दा सामान्य देखिन्छन् । शारीरिक र मानसिक रूपले कमजोर देखिंदैनन् । तर पढाइमा पछि परेका छन् । अरु प्रति गरिने उने व्यवहार पनि ठीकै छ । उनी घरको काममा सहयोग गर्छन् । उनको घर विद्यालयदेखि २०० मिटरको दूरीमा छ ।

कमल एउटा साधारण किसान परिवारमा जन्मी हुर्केका हुन् । उनका बाबुआमा दुवैले पढेका छैनन् । उनीहरू किसान हुन् । आफ्नो खेती - किसानीबाट खान पुग्दैन । बाबुआमा समय मिलाएर मजदुरी पनि गर्छन् । कमलको एक दाजु छन् । कमल कान्छा हुन् । उनका दाजु विद्यालय पढ्दैनन् । कक्षा पढाइको बारेमा उनीसँग मित्रवत ढङ्गले कुरा गर्दा उनी भन्छन् “सरले मेडमले पढाएको बुझिदैन । सबैले गाली गर्नु हुन्छ । कैले म सँग कापी हुँदैन, कहिले कलम हुँदैन । होमवर्क गर्न जान्दिन । घरमा सिकाउने कोही छैन ।” विद्यालय पनि नजिकै छ सरसँग सोध्दैनौ - बिहान - बेलुका ? भन्दा उनी भन्छन् “ विद्यालय नजिक छ, तर सर मेडम घर गै हाल्नु हुन्छ । विद्यालयमा कोही बस्दैनन् । मलाई सिकाइ दिनुहोस् भनेको पनि छैन ।” कक्षामा नजानेको कुरा सोध्दैनन् । सबभन्दा पछि बस्न मन पराउँछन् । एक दुई साथी बाहेक धेरै सित कुरा गर्न मन पराउँदैनन् । विद्यालयको पढाइ रमाइलो मान्दैनन् । “कतिखेर हिँड्न पाए जस्तो हुन्छ” उनी भन्छन् । उनी खेलकुदमा भाग लिन्छन् । घरको काममा मदत गर्छन् । विद्यालयको हाजिरी अनुसार उनी विद्यालयमा धेरै गएल हुन्छन्।

**सिकाइ उपलब्धि सुधारका लागि सुझावहरू**

- सिकाइ उपलब्धि सुधार गर्न कक्षाकोठामा शिक्षक विद्यार्थी बीचको अन्तरक्रियामा सबैले सहयोग गर्नु पर्ने देखिन्छ । यसमा प्रधानाध्यापक र निरीक्षक/स्रोत व्यक्तिको भूमिका प्रमुख छ ।
- सबै शिक्षकसँग आफूले पढाउने विषयको पाठ्यक्रम आफूसँगै हुनु अनिवार्य छ नत्र सक्षमतामा आधारित शिक्षा, सिकाइ उपलब्धि, निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिको सही कार्यान्वयन हुनै सक्दैन ।
- शिक्षकको सक्षमतामा आधारित शिक्षा, सिकाइ उपलब्धि, निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिको सही अर्थ र प्रयोग बुझ्नु अनिवार्य छ नत्र शिक्षण पेसा अझै गलत ढङ्गले अगाडि बढिरहने नै छ ।
- सरकारी बजेट एवं स्थानीय स्रोतलाई शैक्षिक सामग्री जुटाउनुमा बढी प्राथमिकता दिनु पर्दछ । खास गरी कक्षा १ देखि ३ सम्म सिसाकलम र कपी जुटाउनु अनिवार्य छ । विना शैक्षिक सामग्री सिक्नु सिकाउनु अति गाह्रो छ ।
- प्रधानाध्यापक र निरीक्षक/स्रोत व्यक्तिको मुख्य काम भनेको हरेक पिरियड पढाइ भयो कि भएन, कसरी हरेक दिन सबै कक्षा चल्न सक्छन्, कक्षाभित्र सबै विद्यार्थीले सिकेका छन् कि छैनन् भनी हेर्नु र विद्यार्थी शिक्षकलाई सिक्ने सिकाउने काममा सहयोग गर्नु हो । यस्तो भएको नदेखिएकाले सुधार आवश्यक छ ।
- यदि शिक्षकले सक्षमतामा आधारित शिक्षा, सिकाइ उपलब्धि, निरन्तर मूल्याङ्कन, उदार कक्षोन्नतिको सही अर्थ बुझेको छैन वा बुझ पचाउने काम भएको छ भने, यदि कक्षा कोठामा न्यूनतम सिक्ने सामग्री छैनन् भने, यदि विद्यालयमा कक्षा हरेक दिन चलेको छैन भने, यदि सबै विद्यार्थीले आफ्नो क्षमताअनुसार ढिलो वा चाडो कक्षाकोठामा सिक्न पाएका छैनन् भने, प्रधानाध्यापकदेखि शिक्षा मन्त्रालय सम्मको शिक्षा प्रशासन र लगानीको असफलता भनी प्रशासन सुधार गर्नु अत्यन्त जरुरी छ नत्र धनी गरिबको खाडल अझै बढेर जाने छ ।

यी माथि लेखिएका कुराहरू दशकौं सम्म पनि नबुझिनु, बुझ्न नचाहेको हो वा बुझाउन नसकिएको हो, शिक्षा प्रशासनका जिम्मेवार व्यक्तिहरूले गम्भिरतापूर्वक सोच्नु आवश्यक छ ।

# परिच्छेद चार

# क्रस केस विश्लेषण तथा प्राप्तिहरू

यस परिच्छेदले चारओटै केस अध्ययनलाई आपसमा अन्तरसम्बन्धित गर्दै प्रस्तुत गर्ने प्रयास गर्दछ । यस क्रममा प्रथमतः सिकाइ उपलब्धि  राम्रो भएको काभ्रे जिल्लाको एक र रुकुम जिल्लाको एक गरी दुईओटा विद्यालय  र सिकाइ उपलब्धि  कमजोर भएको काभ्रे जिल्लाको एक र रुकुम जिल्लाको एक गरी दुईओटा विद्यालयको केस अध्ययनबारे बेग्लाबेग्लै वर्णन गर्दछ । त्यसपछि यस परिच्छेदमा चारओटै विद्यालयको समष्टिगत विश्लेषण र प्राप्ति प्रस्तुत गरिएको छ ।

## ४.१ काभ्रे र रुकुम जिल्लाको सिकाइ उपलब्धि  राम्रा भएको विद्यालय को क्रस केस प्राप्ति

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेको NASA 2013 को अध्ययन अनुसार कक्षा ८ को औसत सिकाइ उपलब्धिको आधारमा केस अध्ययनका लागि छनोट भएको श्री ज्योति विद्यालय , काभ्रे (नेपालीमा औसत अङ्क ७० प्रतिशत) र श्री सरोवर विद्यालय , रुकुम (गणितमा औसत अङ्क ७१ प्रतिशत) राम्रा विद्यालयको रूपमा लिइएको थियो । सम्बन्धित जिल्लाको सम्बन्धित स्रोतव्यक्तिको र सम्बन्धित विद्यालय को प्रधानाध्यापकको भनाइअनुसार तथा विद्यालयको अभिलेखअनुसार काभ्रे जिल्लाको श्री ज्योति विद्यालय  राम्रो विद्यालयको रूपमा पाइएको छ । तर रुकुम जिल्लाको श्री सरोवर विद्यालयलाई राम्रो विद्यालयको रूपमा लिन मिल्ने बलियो आधार देखिएन । तथापि यी दुईओटा विद्यालयको केस अध्ययनको आधारमा देहायका क्रस केस प्राप्तिहरू निकालिएका छन् ।

### प्रधानाध्यापकको सिकाइ उपलब्धि प्रति चासो

विद्यार्थीहरूको सिकाइ उपलब्धि  सुधारका लागि प्रधानाध्यापकले नेतृत्वदायी भूमिका खेल्नु पर्ने तथ्य श्री ज्योति विद्यालय, काभ्रेका प्रधानाध्यापकको सिकाइ उपलब्धि  प्रतिको चासो र उही समयमा शिक्षकप्रतिको चासोमा भर पर्ने कुरा स्पष्ट हुन्छ । तलको लेखाचित्र (ग्राफ)मा यस विद्यालयको प्रधानाध्यापकको स्थान देखाइएको छ, जुन एकदम राम्रो श्रेणीमा पर्दछ । प्रधानाध्यापकको सिकाइ उपलब्धि प्रतिको बलियो चासोले शिक्षकहरू र विद्यार्थीहरूको सिकाइ उपलब्धि प्रतिको चासोलाई बलियो बनाउने स्वाभाविक नै हो । सिकाइ उपलब्धिप्रतिको बलियो चासोका साथै शिक्षकहरूको सन्तुष्टिलाई पनि उत्तिनै ध्यान पुऱ्याउनु पर्ने हुन्छ, जुन कुरा यस विद्यालयका प्रधानाध्यापकले थप राहत कोटाका लागि गरिरहेको प्रयासबाट स्पष्ट हुन्छ । यही लेखाचित्रमा श्री सरोवर विद्यालय, रुकुमका

प्रधानाध्यापकको सिकाइ उपलब्धि प्रतिको चासो र उही समयमा शिक्षकप्रतिको चासो देखाइएको छ। उहाँ शिक्षकप्रतिको चासोलाई बढी जोड दिने तर विद्यार्थीको सिकाइ उपलब्धिलाई कम चासो राख्ने कारणले गर्दा हालै आएर सिकाइ उपलब्धि ओरालो लागेको छ।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उच्च | ९ | १,९ | | | | | | | | ९,९ |
| | | | रुकुम१ | | | | | | रुकुम२ | |
| | | | | | | | | काभ्रे२ | | काभ्रे१ |
| **शिक्षकप्रति** | | | | | | | | | | |
| **चासो** | | | | | | ५,५ | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| न्यून | | | | | | | | | | |
| | १ | १,१ | | | | | | | | ९,१ |

न्यून सिकाइ उपलब्धि **प्रति चासो** उच्च

***चित्र सङ्ख्या ४.१ : प्रधानाध्यापकको सिकाइ उपलब्धि प्रति चासो***

दष्ट्रव्य : काभ्रे १ = श्री ज्योति विद्यालय ; रुकुम १ = श्री सरोवर विद्यालय ; काभ्रे २ श्री जीवनपुर विद्यालय; रुकुम २ = श्री हिमालय विद्यालय

## शिक्षक व्यवस्थापन तथा भूमिका

श्री ज्योति विद्यालय, काभ्रेमा ५० प्रतिशत वि.एड. शैक्षिक योग्यता भएका शिक्षकहरू छन्। यस विद्यालयमा शिक्षक योग्य र सिर्जनशील छन्। श्री सरोवर विद्यालय, रुकुममा ९० प्रतिशत शिक्षकहरूसित वि.एड. योग्यता छ। तर गणित र विज्ञान विषयको शिक्षकको अझै अभाव छ। दुवै विद्यालयमा सरकारी दरवन्दि अपर्याप्त भएकोले निजी स्रोतबाट शिक्षकको व्यवस्था गरिएको छ। काभ्रेको विद्यालयमा प्रधानाध्यापकको निर्देशनमा शिक्षकहरू स्वःपरिचालित र स्वःउत्प्रेरित छन्। सिकाइ उपलब्धिमा शिक्षकले खेलेको भूमिका उल्लेख्य छ। रुकुमको विद्यालयमा शिक्षकहरू सम्बन्धमा

धेरै गुनासा छन् । उनीहरूले सिकाइ उपलब्धि  राम्रा पार्न मिहिनेत गरेको देखिंदैन ।

**कक्षा वातावरण तथा अध्यापनसम्बन्धी अभ्यासहरू (Pedagogical Practices)**

कक्षाकोठाको वातावरण श्री ज्योति विद्यालय काभ्रेमा सन्तोषजनक नै छ । शिक्षकहरूले व्यक्ति विद्यार्थीलाई ध्यान दिएर अध्यापन गर्ने गरेको पाइएको छ । यसले विद्यार्थीको सिकाइ उपलब्धि राम्रो पार्न प्रसस्त सहयोग पुगेको छ । तर श्री सरोवर विद्यालय, रुकुमको अध्यापनसम्बन्धी अभ्यासहरू सन्तोषजनक देखिंदैन । लक्षित समूह छलफलको सिलसिलामा विद्यार्थीहरूले शिक्षकको शिक्षण अभ्यासमा नौलो नभएको गुनासो व्यक्त गरेका छन् ।

**परीक्षा तथा मूल्याङ्कन : निरन्तर मूल्याङ्कन प्रणाली तथा उदार कक्षोन्नति नीति**

श्री ज्योति विद्यालय, काभ्रेमा सरकारले उपलब्ध गराएको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली फाराम भरेर उदार कक्षोन्नति नीतिअनुरूप मात्र कक्षा चढाउने गरेको छैन । यस विद्यालयले विद्यार्थीले सिके वा सिकेनन् भनेर विद्यार्थी र शिक्षक दुबैलाई पृष्ठपोषण प्रदान गर्न नियमित रूपमा मौखिक प्रश्नोत्तर र परीक्षा लिने गरेका छन् । त्यसको आधारमा निरन्तर मूल्याङ्कन फाराम भरी कक्षा चढाउने  गरेको छ । अर्कोतर्फ विद्यार्थीले किन सिक्न सकेनन् भन्ने सम्बन्धमा श्री सरोवर विद्यालयको एउटा केस यहाँ प्रस्तुत गरिएको छ । शिक्षक अन्तर्वार्ता र समूह छलफलको आधारमा यस विद्यालयमा शिक्षकहरूमा  सिकाइ उपलब्धिको स्पष्ट अवधारणा रहेको देखिएन । सिकाइ उपलब्धि बारे नबुझिकन र त्यसलाई ध्यानमा नराखिकन अध्यापन गरेकोले निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति नीति राम्ररी कार्यान्वयन गरेको पनि पाइएन । यही क्रममा शिक्षकहरूले सिकाइ उपलब्धि  अध्यापनसित मिलाएर अगाडि बढाउन सकेनन् । अध्यापनको लागि विद्यालयमा उपलब्ध शैक्षिक सामग्री प्रयोग गरिएको पाइएन । यस विद्यालयमा शिक्षकहरूले पाठ्यक्रमको प्रयोग नगरी पाठ्यपुस्तकमा मात्र भर परेको देखियो ।

सिकाइ उपलब्धि कमजोर हुनुमा विद्यार्थीहरूले पनि शिक्षकहरूको दोष देखाएका छन् । विद्यार्थीसित भएको छलफलमा उनीहरूले गुनासो व्यक्त गरे कि शिक्षकले गृहकार्य कहिलेकाहीँ मात्र जाँच्ने गर्दछन्, छिटो सिक्ने विद्यार्थीले नबुझेको कुरा सोध्दछन् तर ढिलो सिक्ने चुप लागेर बस्दछन् । शिक्षकले पनि छिटो सिक्ने विद्यार्थीलाई सोध्दछन् तर नजान्नेलाई ध्यान दिंदैनन् र अझै नजान्नेलाई गाली गर्दछन् र हप्काउँछन् । शैक्षिक सामग्री प्रयोग नगर्ने गुनासो समेत विद्यार्थीले व्यक्त गरेका छन् । तथापी परीक्षामा त्यति असफल भएका छैनन् । त्यसकारण नपढेपनि उत्तीर्ण हुने जस्तो भनेर विद्यार्थी सोच्दछन् । कक्षा अवलोकनको क्रममा कक्षा कक्षा १ देखि ३ मा विद्यार्थीसित लेख्नका लागि कपी र सिसाकलम नै

नभएको पाइयो ।

अर्कोतिर अभिभावकहरु आफ्नो बालबालिका विद्यालयमा पढेका वा सिकेका छन् भनेर विश्वास गर्दछन् । निरन्तर मूल्याङ्कन प्रणालीको उचित प्रयोग नभएकोले अभिभावकले विद्यालयमा परीक्षामा उत्तीर्ण हुनु पर्दैन भनेको सुनेर विद्यार्थी पढ्न छाड्ने गरेको जानकारी दिन्छन् । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले सिकाइ उपलब्धि राम्रो गर्न योगदान दिएको देखिएन ।

### विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको योगदान

काभ्रेको श्री ज्योति विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरूले विद्यालयको विकासका लागि र विद्यालयमा सिकाइ वातावरण तयार गर्न नियमित रूपमा बैठक गरी सक्रिय भूमिका खेलेको देखिन्छ । यसरी नै शिक्षक अभिभावक संघले शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा यस सम्बन्धमा अन्तरक्रिया गर्ने कार्य गरेको छ । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको यसता कार्यले गर्दा शिक्षकहरूको शिक्षण कार्यमा सहयोग पुग्न गएको छ । यसरी नै रुकुमको श्री सरोवर विद्यालयको विद्यालय व्यवस्थापन समितिले शिक्षकलाई सल्लाह दिने, अभिभावकलाई सचेत गर्ने र समुदायबाट आर्थिक स्रोत जुटाएर निजी स्रोतको शिक्षकको लागि तलब दिने कार्य गरिरहेको छ ।

### विद्यार्थी सहयोग कार्यक्रम

काभ्रेको श्री ज्योति विद्यालयले सञ्चालन गरिरहेको खाजा कार्यक्रमले विद्यार्थी नियमित भएको र स्वास्थ्य राम्रो हुने, छात्रबृत्तिको व्यवस्थाले गर्दा गरिब विद्यार्थीले पढन पाएको, उपचारात्मक शिक्षणले ढिलो सिक्ने विद्यार्थीलाई सिक्न सजिलो भएको र घर भेटघाट कार्यक्रमले विद्यार्थी नियमित भएको छ । यी सहयोग कार्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्दछ । तर रुकुमको श्री सरोवर विद्यालयमा विद्यार्थी सहयोग कार्यक्रम सीमित मात्र छ । यस विद्यालयमा एस. एल. सि. परीक्षा दिने विद्यार्थीका लागि कोचिङ्ग कक्षा सञ्चालन गरिरहेको छ ।

## ४.२ काभ्रे र रुकुम जिल्लाको सिकाइ उपलब्धि न्यून भएका विद्यालयको ऋस केस प्राति

शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेको NASA 2013 को अध्ययन अनुसार कक्षा ८ को औसत सिकाइ उपलब्धिको आधारमा केस अध्ययनका लागि छनोट भएको श्री जीवनपुर विद्यालय , काभ्रे ( नेपालीमा औसत अङ्क २९ प्रतिशत) र श्री हिमालय विद्यालय, रुकुम (गणितमा न्यून औसत अङ्क) न्यून सिकाइ उपलब्धि भएका विद्यालयको रूपमा लिइएको थियो । विद्यालयको अभिलेखअनुसार काभ्रे जिल्लाको श्री जीवनपुर माध्यमिक विद्यालय न्यून सिकाइ उपलब्धि भएको विद्यालयको रूपमा

पाइएको छ । तर रुकुम जिल्लाको श्री हिमालय विद्यालय  न्यून सिकाइ उपलब्धिको विद्यालयको रूपमा लिन सम्बन्धित स्रोतव्यक्ति र सम्बन्धित विद्यालयको प्रधानाध्यापक तयार छैनन् । अर्थात NASA 2013 को अध्ययनको नतिजाप्रति उनीहरूको सहमत देखिदैनन् । विद्यालयको अभिलेखअनुसार निम्न माध्यमिक तहमा विद्यार्थीहरूको गणितको सिकाइ उपलब्धि (४९.९८ प्रतिशत) सन्तोषजनक पनि छैन । तथापि यी दुईओटा विद्यालयको केस अध्ययनको आधारमा देहायका क्रस केस प्राप्तिहरू निकालिएका छन् ।

**प्रधानाध्यापकको सिकाइ उपलब्धि प्रति चासो**

श्री जीवनपुर विद्यालय, काभ्रेका प्रधानाध्यापक सक्रिय र सक्षम र उनमा सिकाइ उपलब्धि तथा शिक्षकप्रतिको चासो पनि उच्च रहेको छ भनी प्रधानाध्यापक स्वयम्ले भने तापनि यस विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धि न्यून भएको हुनाले प्रअको भनाई पुष्टि भएको देखिएन । यसो हुनुको मुख्य कारण प्रधानाध्यापकले विद्यालयलाई दिएको समय अपर्याप्त हुनु र शिक्षकहरू बीच समन्वय कायम गर्न नसक्नु देखिएको छ । अर्थात् प्रधानाध्यापक विद्यार्थीको सिकाइ उपलब्धि राम्रा पार्न पूर्ण रूपमा समर्पित हुन सकेको छैन । अब यसतर्फ केही ध्यान काम गर्छु भनेको पाइयो ।

चित्र सङ्ख्या ४.१ मा देखाइएअनुसार श्री हिमालय विद्यालय, रुकुमको प्रधानाध्यापकको सिकाइ उपलब्धि  र शिक्षकप्रति चासो उच्च नै देखिन्छ । सिकाइ उपलब्धि  उच्च बनाउनका लागि प्रधानाध्यापक धेरै सकारात्मक छन् र प्रधानाध्यापकको कार्य प्रति शिक्षकहरू सकारात्मक नै छन् ।

**शिक्षक व्यवस्थापन र शिक्षकको भूमिका**

काभ्रेको श्री जीवनपुर विद्यालय मा ९० प्रतिशत शिक्षक वि.एड. उत्तीर्ण छन् । योग्यताको आधारमा शिक्षकहरू योग्य छन् र शिक्षक विद्यार्थी अनुपात राष्ट्रिय मापदण्ड भन्दा पनि कम छ । तर विद्यार्थीको सिकाइ उपलब्धि  कमजोर छ । यसो हुनुको मुख्य कारणहरू शिक्षकहरू बीच सहयोगात्मक भावना र सामूहिक निर्णयको कमी हुनु, स्थानीय शिक्षकलाई विद्यालयको काममा समर्पित गर्न नसक्नु नै रहेका छन् । श्री  हिमालय विद्यालय रुकुम जिल्ला दुर्गम स्थानमा अवस्थित भए तापनि शिक्षहहरूको व्यवस्था राम्ररी नै गरेको पाइन्छ । यस विद्यालयमा नर्सरी देखि ५ कक्षासम्म अङ्ग्रेजी  माध्यममा कक्षा सञ्चालन गरिएको भए तापनि अङ्ग्रेजी  माध्यममा पढाउन सक्ने शिक्षकको व्यवस्था गर्न गाह्रो भएको छ । अध्यापन अङ्ग्रेजी  माध्यमबाट गर्ने भएकोले शिक्षकहरूले सोहीअनुसार मिहिनेत गर्ने गरेको पाइएको छ ।

**कक्षा वातावरण तथा अध्यापनसम्बन्धी अभ्यासहरू (Pedagogical Practices)**

कक्षाकोठाको वातावरण जीवनपुर विद्यालय, काभ्रेमा सन्तोषजनक नै छ । तर विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्नका लागि शिक्षकहरूले ध्यान दिएर अध्यापन गर्ने गरेको पाइएको छैन । यसकारणले पनि विद्यार्थीको सिकाइ उपलब्धि राम्रो पार्न नसकिएको हो । तर श्री हिमालय विद्यालय, रुकुममा शिक्षकहरूले परम्परागत प्रक्रिया छाडेर बालकेन्द्रित विधि प्रयोग गर्ने गरेको पाइएको छैन ।

**परीक्षा तथा मूल्याङ्कन : निरन्तर मूल्याङ्कन प्रणाली तथा उदार कक्षोन्नति नीति**

जीवनपुर विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति नीति राम्ररी प्रयोग गरिएको पाइएन । परिणामस्वरूप विद्यार्थीले सिके वा सिकेनन् भन्नेतिर ध्यान नपुऱ्याई कक्षा चढाउने कार्य गरिएको देखिन्छ । यसले गर्दा माथिल्लो कक्षामा पुग्दा सिकाइ उपलब्धि कम हुने सम्भावना बढी देखियो । यसले गर्दा यस विद्यालयबाट कक्षा ८ उत्तीर्ण गरी गएका विद्यार्थीहरू अन्य विद्यालयमा कक्षा ९ मा असफल भएको गुनासो आयो । श्री हिमालय विद्यालय, रुकुममा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रयोग नगरी पुरानो अभ्यासअनुसार ३ पटक टर्मिनल परीक्षा लिई कक्षा चढाउने कार्य गरिरहेको छ । यसको अर्थ यहाँ सिकाइ उपलब्धि बारे धेरै शिक्षक अनभिज्ञ हुने स्वाभाविकै छ ।

**विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको योगदान**

काभ्रेको श्री जीवनपुर विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरूले विद्यालयको विकास र विद्यालयको शैक्षिक स्तर वृद्धिका लागि आवश्यक सामग्री सङ्कलन गरेर, स्रोत सङ्कलन गरेर र शिक्षकहरूलाई प्रभावकारी शिक्षण गर्नका लागि प्रोत्साहन दिएर योगदान दिइरहेका छन् । तथापि अपेक्षित प्रगति देख्न सकिएको छैन । विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले शिक्षक, विद्यार्थी र अभिभावकले सिकाइ उपलब्धि हासिल गर्न चुक्नुमा तीनै पक्षप्रति गुनासो व्यक्त गर्दछन् । यसरी नै रुकुमको श्री हिमालय विद्यालयको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ सक्रिय भएकोले भौतिक र शैक्षिक सुधारमा सहयोग पुगको छ । व्यवस्थापन समितिले गरेका प्रमुख कार्यहरूमा सक्षम शिक्षकहरूको नियुक्ति, नर्सरीदेखि प्राथमिक तहसम्म अङ्ग्रेजी माध्यमबाट पढाइको कार्यान्वयन, सूचना तथा सञ्चार प्रविधिको ल्याव स्थापना र सञ्चालन तथा आर्थिक स्रोत सङ्कलन पर्दछन् ।

**विद्यार्थी सहयोग कार्यक्रम**

काभ्रेको श्री जीवनपुर विद्यालयमा छात्रवृत्ति, घर भेटघाट कार्यक्रम र उपचारात्मक शिक्षणको व्यवस्था छ । तर यी कार्यक्रम प्रभावकारी नभएकोले सिकाइ उपलब्धिमा खासै प्रभाव पार्न सकेको देखिंदैन ।

रुकुम जिल्लाको श्री हिमालय विद्यालयमा कोर्ष पूरा नभएमा विहान र विदाको दिनमा पनि पढाइ गर्ने कार्य भएको छ र विद्यार्थी राहत कोषमार्फत् गरिब तथा जेहेन्दार विद्यार्थीलाई केही सहयोग पुगेको छ । यी सहयोग कार्यक्रम पर्याप्त देखिंदैनन् ।

**परिवारको साँस्कृतिक पुँजी अर्थात गैर आर्थिक सम्पति**

रुकुमको श्री हिमालय विद्यालय अवस्थित क्षेत्रमा ८० प्रतिशत मगर जनजातिको बाहुल्यता छ । उनीहरू घरमा मगर भाषा बोल्दछन् । त्यसैले उनीहरूको सिकाइमा भाषाको समस्या परेको छ । विद्यालयको सेवा क्षेत्रका कतिपय परिवारको घरायसी व्यवसाय रक्सी बनाउनु र बेच्नु हो । यस काममा विद्यार्थीहरूलाई पनि प्रयोग गर्ने हुनाले त्यसले उनीहरूको पढाइमा प्रत्यक्ष प्रभाव परेको गुनासो व्यक्त गरिएको छ । यसरी नै परम्परागत काम तथा आम्दानी स्रोतको रूपमा वर्षमा एक पटक यार्सा सङ्कलनमा विद्यार्थी तथा  शिक्षक लाग्दछन् । यस कार्यले पनि विद्यार्थीको सिकाइमा प्रभाव परिरहेको छ । बालविवाहको अभ्यास पनि विद्यार्थीको सिकाइ असर पार्ने अर्को तत्वको रूपमा देखा परिरहेको छ ।

काभ्रे जिल्लाको श्री जीवनपुर विद्यालय अवस्थित समुदायमा बसोवास गर्ने तामाङ्ग जनजातिका कोही बालकालिकाहरू पैसा कमाउने कामलाई प्राथमिकता दिने गरेका छन् । उनीहरू कतिपयले बुद्ध चित्त वृक्ष रुङ्नमा र अरुले डन भई गुण्डागर्दि गरी पैसा कमाइरहेको देखेर विद्यार्थीको मनोवृत्ति पनि पैसा कमाउने तिर लागेको देखा परेकोले पनि समग्रमा सिकाइ उपलब्धि  सुधार गर्न गाह्रो भएको हो । यसका साथै तामाङ्ग बालबालिकाहरूलाई अभिभावकहरूले सामाजिक तथा धार्मिक कार्य जस्तै धेवा र वैवाहिक कार्यक्रममा पठाउने भएकोले विद्यालयमा अनुपस्थित हुन्छन् । यस्ता क्रियाकलापले उनीहरूको सिकाइ उपलब्धिलाई नकारात्मक प्रभाव परेको छ ।

श्री सरोवर विद्यालय, रुकुममा अध्ययन गरिहेका मगर विद्यार्थीको लागि भाषा एउटा समस्याको रूपमा रहेको छ । मगर समुदायमा पढाउनु पर्छ भन्ने चेतनाको कमी पनि अझै देखिन्छ । अभिभावकहरूले छोरा १२, १४ वर्ष भएपछि भारत लग्ने भएकोले विद्यार्थीको पढाइप्रति अभिरुचि कम हुने स्वाभाविकै हो । तर श्री ज्योति विद्यालय, काभ्रेमा अध्ययन गर्ने विद्यार्थीको  अभिभावकहरू अध्ययनमा समावेश गरिएका अन्य विद्यालय को सेवा क्षेत्रको तुलनामा अगाडि भएकोले विद्यार्थीका लागि उपयुक्त वातावरण तयार गरिदिएका छन् ।

**३. थप क्रस केस प्राप्ति**

यस उपशीर्षकअन्तर्गत विविधता व्यवस्थापन र शिक्षक व्यवस्थापनसम्बन्धी प्राप्तिहरू प्रस्तुत गरिएका

छन् ।

**विविधता व्यवस्थापन**

नेपाल बहुभाषिक, बहुसाँस्कृतिक र बहुजातीय देश भएकोले विद्यालयमा विविधतालाई व्यवस्थापन गर्नु पर्ने स्वाभाविकै हो । विविधतालाई विभिन्न किसिमले व्यक्त गरिएका छन् । यस अध्ययनमा विविधताका तीन वर्गीकरणलाई आधार मानी विश्लेषण तथा व्याख्या गरिएको छ : डेमाग्राफिक विविधता, संगठनात्मक विविधता र सामाजिक–संज्ञानात्मक विविधता (Shin and Park, 2014) । डेमाग्राफिक विविधताअन्तर्गत उमेर, लिङ्ग, जाति, जनजाति, बैवाहिक स्थिति, पारिवारिक उत्तरदायित्व पर्दछन् भने संगठनात्मक विविधतामा समूह गतिशिलता (Group dynamics) जस्तै शिक्षकको कार्य, कार्यजेष्ठता, तहगत संरचना आदि  समावेश भएको हुन्छ । सामाजिक तथा संज्ञानात्मक विविधतामा साँस्कृतिक तथा  धार्मिक मूल्य र विश्वास, भाषा, परम्परा, राजनीतिक आस्था र व्यक्तित्व विशेषता पर्दछन् । केस अध्ययनमा लागि छानिएका विद्यालयमा यी तीन प्रकारका विविधताले कम वा बढी प्रभाव पारेको पाइएको छ ।

केस अध्ययनमा परेका श्री सरोवर विद्यालय, रुकुममा क्षेत्री, जनजातिमा मगर र दलित छन्, श्री जीवनपुर विद्यालय काभ्रेमा तामाङ्ग, नेवार र दलितका बालबालिका अध्ययनरत छन्, श्री हिमालय विद्यालय  रुकुममा मगर र दलित विद्यार्थी छन् भने श्री ज्योति विद्यालय, काभ्रेमा ब्राह्मण, क्षेत्री, नेवार र दलित विद्यार्थीहरू अध्ययन गरिरहेका छन् । यी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूले नेपालीका साथै आआफ्नो मातृभाषा बोल्दछन् र कतिपयलाई अन्य भाषा बोल्न सुरुको कक्षामा गाह्रो पर्दछ ।

विविधताको तीनओटै वर्गीकरणलाई ध्यानमा राख्दा चारओटै विद्यालयमा शिक्षकहरूले विद्यार्थीको बहुजाति र लैङ्गिक आयामलाई सम्बोधन र सहयोग गर्ने कार्य सामान्य जस्तै देखिए तापनि गहन रूपमा हेर्दा विविधतालाई उचित रूपमा व्यवस्थापन गर्न सकेको देखिंदैन । उदाहरणका लागि विद्यालयमा जाति जनजाति, भाषा, धर्म, परिवारको सामाजिक तथा आर्थिक स्थितिको आधारमा परीक्षाको नतिजाको विश्लेषण गरेको पाइदैन । सिकाइ उपलब्धिलाई यस प्रकारले विश्लेषण नगरेसम्म विविधतालाई सम्बोधन गरी विद्यार्थीको सिकाइलाई सहज बनाउन सहयोग पुऱ्याउन सकिंदैन । यसका साथै केस अध्ययनमा परेका विशेषतः मगर बालबालिका अध्ययन गर्ने रुकुममा विद्यालयमा बहुभाषिक शिक्षा लागू गरी मातृभाषामा शिक्षा दिने कार्य अपनाएको पाइएको छैन ।

रुकुमका शिक्षक भन्दछन् : यस क्षेत्रमा पढेका सबै जनजातिका मानिस जागिरमा छन् तैपनि मगर

समुदायमा पढाउनु पर्छ भन्ने चेतनाको अझै कमी छ । यसो हुनुमा छोरा १२/१४ वर्ष भएपछि बुबाहरूसित भारतमा काममा लैजान्छन् । यसर्थ विषम विन्दुमा (At the extreme) अभिव्यक्त गर्दा विद्यार्थीहरूले बोकेका मूल्य, मनोवृत्ति र विश्वासको आधारमा विद्यार्थीको सिकाइ आवश्यकतालाई सम्बोधन गर्ने र सहयोग गर्ने कुरा धेरै टाढाको विषय भएको छ ।

**शिक्षक व्यवस्थापन**

केस अध्ययनमा परेका चारओटै विद्यालयमा कार्यरत शिक्षकको विवरण तालिका ४.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१: केस अध्ययनमा परेका विद्यालय का शिक्षकका प्रकार**

| विद्यालय को नाम | नियुक्तिको प्रकार | | | जम्मा |
|---|---|---|---|---|
| | स्थायी | राहत | निजी स्रोत | |
| जीवनपुर विद्यालय, काभ्रे | ४ | ५ | १ | १० |
| ज्योति विद्यालय, काभ्रे | ३ | ३ | ५ | ११ |
| सरोवर विद्यालय, रुकुम | ३ | ३ | ४ | १० |
| हिमालय विद्यालय, रुकुम | ७ | ५ | ४ | १६ |

तालिका ४.१ मा देखाएअनुसार चारओटै विद्यालयमा स्थायी, राहत र निजी स्रोतका शिक्षक कार्यरत छन् । शिक्षकको कार्य प्रदर्शन बायोग्राफिकल विशेषताहरू (लिङ्ग, उमेर, बैवाहिक स्थिति, कार्य अनुभव) र बौद्धिक क्षमतामा भर पर्नुपर्छ । तर हाम्रो विद्यालयमा यी तत्वहरूको आधारमा शिक्षकको कार्य प्रदर्शनको लेखाजोखा कमै मात्र हुने गर्दछ । प्रधानाध्यापकको भनाइअनुसार कुनै विद्यालयमा स्थायी शिक्षकको तुलनामा राहत र निजी स्रोतका शिक्षकले लगनशिल भएर शिक्षण गरेको पाइएको छ । रुकुमको एक विद्यालयका प्रधानाध्यापककाअनुसार निजी स्रोतबाट शिक्षक छनोट गर्दा योग्य शिक्षक पाइन्छन् तर भने जति तलब दिन सकिंदैन । उदाहरणका लागि, पुथा उमाविमा रु १०,००० बढी पारिश्रमिक दिएर विज्ञान विषयको शिक्षक राख्नु परेको छ ।

**तालिका ४.२: योग्यताको आधारमा केस अध्ययनमा परेका विद्यालयका शिक्षकका प्रकार**

| विद्यालय को नाम | योग्यता | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | SLC | PCL वा उमावि | वि.एड. | एम.एड. | अन्य | |
| जीवनपुर विद्यालय, काभ्रे | – | १ | ८ | १ | – | १० |
| ज्योति विद्यालय, काभ्रे | – | ६ | ३ | २ | – | ११ |
| सरोवर विद्यालय, रुकुम | १ | – | ८ | – | १ | १० |
| हिमालय विद्यालय, रुकुम | ६ | १ | ५ | ३ | १ | १६ |

शिक्षकको योग्यतासम्बन्धी तालिका ४.२ को आधारमा अभिव्यक्त गर्दा वि.एड. र एम.एड. भएका शिक्षकको सङ्ख्या राम्रो नै देखिन्छ । यसको बाबजुद पनि तीनओटा विद्यालयमा सिकाइ उपलब्धि सन्तोषजनक नभएको चिन्ताको विषय भएको छ । तर श्री पुथा उमाविमा अझै केही शिक्षक उपयुक्त योग्यता नपुगेका र तालिम अप्राप्त छन् । यसबाट दुईओटा अर्थ निकाल्न सकिन्छ । पहिलो, योग्य शिक्षक छनोट गर्न सकेको छैन । दोस्रो, शिक्षकहरूले आफ्नो पूर्ण क्षमता प्रयोग गरी शिक्षण नगरेको देखिन्छ अर्थात उनीहरू शिक्षण कार्यमा लगनशील काम गरेका छैनन् ।

स्थानीय र अस्थानीय शिक्षकको सम्बन्धमा काभ्रेको एक केस अध्ययनका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष/सदस्यले चाखलाग्दो जानकारी दिएको छ । सुरुमा उनीहरूले स्थानीय शिक्षक राखेमा विद्यालयमा कक्षा राम्ररी सञ्चालन गर्न सकिने र शिक्षणसिकाइ राम्रो हुने बुझाइमा स्थानीय शिक्षक राखियो । तर केही वर्षको अभ्यास पश्चात यो साँचो हुन सकेन । तसर्थ हाल आएर उक्त विद्यालयले स्थायी शिक्षक पठाउँदा गैर स्थानीय शिक्षक पठाउन जिल्ला शिक्षा कार्यालयलाई अनुरोध गरेको छ ।

## परिच्छेद पाँच

## निष्कर्ष तथा सिफारिसहरू

यस परिच्छेदले प्रथमतः चारओटा विद्यालयको क्रस केस प्राप्तीहरूको आधारमा खिचिएका निष्कर्षहरू प्रस्तुत गर्दछ । तत्पश्चात सिकाइ उपलब्धि न्यून भएका विद्यालयहरूलाई सिकाइ उपलब्धि उच्च बनाउन र सिकाइ उपलब्धि राम्रा भएका विद्यालयहरूलाई सिकाइ उपलब्धि अझै उच्च बनाउन अपनाउनु पर्ने उपायहरू सिफारिस गर्दछ ।

### निष्कर्षहरू

विद्यार्थीहरूको सिकाइ उपलब्धि (Output) विद्यालयमा गरिएको लगानी (Input) र त्यहाँ हुने प्रक्रिया (Process) मा भर पर्ने स्वाभाविक नै हो । केस अध्ययनमा परेका विद्यालयमा उपलब्ध भौतिक संरचना (भवन, कक्षाकोठा, फर्निचर, शैक्षिक सामग्री), शिक्षक सङ्ख्या, विद्यार्थी सङ्ख्याको आधारमा आगत राम्रै मान्न सकिन्छ । शिक्षक योग्यता पुगेका छन्, अधिकांश शिक्षक तालिम प्राप्त छन्, पाठ्यपुस्तक उपलब्ध भएका छन् । यसका बावजुद चारमध्ये तीन विद्यालयको सिकाइ उपलब्धि सन्तोषजनक छैन । यसको अर्थ प्रक्रियामा कमीकमजोरी भएको स्पष्ट छ । प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समितिको राम्रो टोली कार्य (Team work) नहुनु र कक्षाभित्र शिक्षणसिकाइ प्रभावकारी नहुनु सिकाइ उपलब्धि कमजोर हुनुको प्रमुख कारण हुनु पर्दछ ।

केस अध्ययनमा समावेश गरिएको जुन विद्यालयमा प्रधानाध्यापक, शिक्षक र विद्यार्थी सिकाइ उपलब्धि प्रति सचेत छन् र जुन विद्यालयले विद्यार्थीको सिकाइ र परीक्षाको नतिजाको विश्लेषण गरी पृष्ठपोषण लिएको छ र त्यसको आधारमा सुधार गरेको छ त्यस्तो विद्यालयको सिकाइ उपलब्धि राम्रो भएको छ । जुन विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति नीतिको नाममा त्यसको मूल मर्म नै नबुझिकन विद्यार्थीहरूलाई कक्षा चढाउने गरेको छ, त्यस्तो विद्यालयको सिकाइ उपलब्धि न्यून रहेको छ ।

हालको सन्दर्भमा विद्यालयको अस्तित्व जोगाउनु सामुदायिक विद्यालयका लागि ठूलो चुनौती भएको छ । यस परिस्थितिलाई बुझेर र अभिभावकको चाहनाअनुसार केस अध्ययनमा परेका दुईओटा सामुदायिक विद्यालयले विद्यार्थीहरूको सिकाइ उपलब्धि राम्रो पार्न संस्थागत विद्यालय सरहको अङ्ग्रेजी माध्यमबाट शिक्षा दिने किसिमले आफूलाई परिणत गरेको छ । यसलाई ठूलो र महत्वपूर्ण परिवर्तन (Paradigm Shift) को रूपमा लिन सकिन्छ । यस परिवर्तनले शिक्षकले प्रभावकारी किसिमले अध्यापन गर्नका लागि मिहेनत गरेका छन् । यस किसिमको पढाइका लागि विद्यालय योग्य शिक्षक

छनोट गर्न बाध्य भएको छ। सरकारको तर्फबाट शिक्षक नियुक्ति गर्न राहत कोटा वा दरबन्दि नपाएकोले योग्य शिक्षकको व्यवस्था गर्न अभिभावकहरू शुल्क तिरिरहेका छन् । सरकारले माध्यमिक तहसम्म निशुल्क शिक्षा दिने व्यवस्था गरेपनि अनुमति पाएका विद्यालय लाई राहत कोटा वा शिक्षक दरबन्दि दिन नसकेको अवस्थामा शुल्क लिनुको विकल्प भएन ।

विद्यालयमा ठूलो र महत्वपूर्ण परिवर्तन ल्याउनका लागि सिकाइ उपलब्धि राम्रो भएको विद्यालयमा दूरगामी सोंच भएको, विद्यालय प्रति समर्पित (विद्यालयका लागि पर्याप्त समय दिन सक्ने) र शैक्षणिक नेतुत्व दिन सक्ने प्रधानाध्यापक नियुक्ति गरिएको छ र यस्तो प्रधानाध्यापक भएको विद्यालयमा सिकाइ उपलब्धि राम्रो भएको छ। जेष्ठता र शैक्षिक योग्यताको आधारमा मात्र नियुक्त प्रधानाध्यापकले सिकाइ उपलब्धिमा सुधार ल्याउन सक्छ भन्ने सुनिश्चित गर्न सकिंदैन ।

“आफ्नो विद्यालय  आफै बनाउँ ।” भन्ने उत्तम विचार राख्ने विद्यालय व्यवस्थापन समितिको अध्यक्ष भएको विद्यालयमा पनि प्रधानाध्यापकको समर्पणको कमीले विद्यार्थी सिकाइ उपलब्धि  राम्रा पार्न सकिएको छैन । कुनै विद्यालयमा प्रधानाध्यापकको समर्पणको कमी र कुनै विद्यालयमा प्रधानाध्यापक नरम मिजासको भएको कारणले शिक्षकहरूको पूर्ण क्षमताको सर्वोत्तम उपयोग गर्न सकेको देखिंदैन । यसले सिकाइ उपलब्धि  उच्च बनाउने काममा सहयोग पुऱ्याउन सकेको छैन ।

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सम्पर्कवाला भएको विद्यालयमा सिकाइ उपलब्धि  उच्च बनाउन आवश्यक पुर्वाधार तयार भएको छ। पहुँचवाला अध्यक्षले भवन निर्माणका लागि स्रोत जुटाई दिएको, सूचना तथा सञ्चार प्रविधिका उपकरणको प्राप्त गर्ने तत्सम्बन्धी ल्यावको व्यवस्था गरिदिएको र सक्षम शिक्षकको व्यवस्था गरिदिएको कारणले सिकाइ उपलब्धि  राम्रो भएको छ ।

केस अध्ययनमा समावेश गरिएका चारओटै विद्यालयमा शिक्षक सहयोग कार्यक्रमको व्यवस्था गरिएको नभए तापनि विद्यार्थी सहयोग कार्यक्रमको व्यवस्था गरिएको छ । निसन्देह बढी विद्यार्थी सहयोग कार्यक्रम भएको विद्यालयको सिकाइ उपलब्धि तुलनात्मक रुपमा राम्रो भएको छ ।

सामुदायिक विद्यालयमा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्नु पर्दछ तर सिकाइ उपलब्धि राम्रो भएको विद्यालयमा अङ्ग्रेजी माध्यममा शिक्षा दिनका लागि शुल्क लिइरहेको छ ।

परिवारको साँस्कृतिक पुँजी वा गैर आर्थिक पुँजीले पनि विद्यार्थीहरूको सिकाइ उपलब्धिलाई ठूलै प्रभाव परेको छ । परम्परागत साँस्कृतिक पुँजी जस्तै सामाजिक धार्मिक रीतिरिवाज (धेवा, विवाह, चाँडपर्व) र हालै विद्यालय को सेवा क्षेत्रमा विकृतिको रूपमा विकसित अभ्यासहरू (डनको प्रभाव) र पैसा कमाउने (वोधि वृक्ष रुङ्ने र यार्सा टिप्ने) कार्यले विद्यार्थीहरूको सिक्ने अभिरुचिमा ह्रास आएको छ । यसले

सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव परेको छ । यसको विपरित अर्को विद्यालयको सेवा क्षेत्रका अभिभावकको राम्रो साँस्कृतिक पुँजी बनाएको छ ।

## सिकाइ उपलब्धि  सुधारका लागि सुझावहरू

विद्यालयहरूको केस अध्ययनको आधारमा विद्यार्थीहरूको सिकाइ उपलब्धि  उच्च पार्नका लागि नीतिगत तह, अभ्यास तह र अनुसन्धान तहका देहायका सिफारिसहरू प्रस्तुत गरिएका छन् ।

### नीतिगत सुझावहरू

विद्यालयको प्रभावकारिता र विद्यार्थीहरूको सिकाइ उपलब्धि  उच्च बनाउन देहायका नीतिगत सुझावहरू दिइएका छन् :

- विद्यालयलाई विकास गर्ने दूरगामी सोंच, विद्यालयप्रति समर्पण र शैक्षणिक नेतृत्व दिन सक्ने क्षमतालाई मूल आधार मानी सक्षम प्रधानाध्यापक नियुक्तिको लागि नाम सिफारिस गर्ने  दायित्व विद्यालय  व्यवस्थापन समितिलाई दिने ।
- स्रोत जुटाउन सक्ने, विभिन्न संस्थाहरूसँग समन्वय गरी सहयोग प्राप्त गर्न सक्ने र शैक्षणिक अभ्यासबारे जानकारी भएको अभिभावक वा समुदायका प्रभावशाली व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाउन सकिने व्यवस्था गर्ने ।
- विद्यार्थीहरूको सिकाइ उपलब्धि  उच्च पार्नका लागि विद्यार्थी सहयोग कार्यक्रम र शिक्षक सहयोग प्रणाली कार्यान्वयन गर्ने ।
- परिवर्तित शैक्षिक सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति नीतिलाई पुनर्विचार गरी परिमार्जन र परिष्कृत गर्ने ।
- नेपालको संविधान, २०७२ मा उल्लेख भएअनुसार बालबालिकाहरूलाई माध्यमिक तहसम्म निशुल्क शिक्षा उपलब्ध गराउनका लागि अनुमति प्राप्त विद्यालयहरुलाई शिक्षकको तलब भत्ता उपलब्ध गराउने । अथवा विद्यालयले निशुल्क शिक्षा लगायत विद्यार्थीका लागि थप सिकाइ सम्बन्धी कार्यक्रम चलाउन चाहेमा अभिभावकहरूकै परामर्श र स्वीकृतिमा थप शुल्क लिन पाउने व्यवस्था गर्ने ।

### अभ्यास तहको सुझाबहरू

विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउनका लागि सम्बद्ध सबै व्यक्तिहरू जस्तै प्रधानाध्यापक,

शिक्षक, विद्‌यार्थी, विद्‌यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका, स्रोत व्यक्ति/विद्‌यालय निरीक्षक र अभिभावकको सक्रिय सहयोगको आवश्यकता पर्दछ । यी सरोकारवालाहरूको सक्रिय योगदान सुनिश्चित गर्नका लागि देहायका सुझाबहरू प्रस्तुत गरिएका छन् ।

- **प्रधानाध्यापकका लागि सुझाब**

प्रधानाध्यापकको नेतृत्वले विद्‌यालयलाई प्रभावकारी बनाउन र विद्‌यार्थीको सिकाइ उपलब्धि सुधार गर्न अग्रगामी भूमिका निर्वाह गर्ने तथ्य निविर्वाद नै छ । प्रथमतः नेतृत्व सिद्धान्तलाई अभ्यासमा उतार्नु उसको पहिलो कार्य हो । सैद्धान्तिक रूपमा प्रधानाध्यापकले शिक्षकप्रतिको चासो (Concern for teachers) र विद्‌यार्थीको सिकाइ उपलब्धि प्रतिको चासो (Concern for students' achievement) दुवैमा यथेष्ट ध्यान राख्नु पर्दछ । प्रधानाध्यापक आफैले सिकाइ उपलब्धि, निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति नीतिबारे पर्याप्त जानकारी प्राप्तगरी यसबारे शिक्षक र विद्‌यार्थीलाई स्पष्ट रूपमा जानकारी गराउनु पर्दछ । यसलाई सही रूपमा कार्यान्वयन गर्नु पर्दछ । यस कार्यले आफ्नो विद्‌यालयका विद्‌यार्थी अन्य विद्‌यालयमा जाँदा राम्रो नतिजा ल्याउँछन् र समय समयमा गरिने राष्ट्रिय लेखाजोखामा राम्रो नतिजा देखाउन सक्दछन् ।

वर्तमानमा प्रधानाध्यापकले प्रजातान्त्रिक शैली अपनाई सम्पूर्ण शिक्षकहरूलाई टोली कार्य (Team work) मा संलग्न गराई Synergistic effect[1] निकाल्नु पर्दछ ।

शिक्षकको कार्य प्रदर्शन र कार्य सन्तुष्टि बीच सकारात्मक सम्बन्ध छ भन्ने कुरामा प्रधानाध्यापक सचेत हुनु पर्दछ । यसका लागि शिक्षकहरूलाई उत्प्रेरित गर्दै उनीहरूको कार्य सन्तुष्टिलाई उच्च राख्न अत्यन्त जरुरी छ । प्रधानाध्यापकले शिक्षकको कार्य संलग्नता (Job Involvemment) कत्तिको छ बुझ्न उनीहरू शिक्षण कार्यमा कत्तिको डुबेर कार्य गरेका छन् लेखाजोखा गर्नु पर्दछ ।

अभ्यास तहमा प्रधानाध्यापकले समय समयमा शिक्षकहरूले दैनिक कार्यतालिकाअनुसार कक्षा लिएका छन् छैनन् जाँच्ने, शिक्षकको कक्षा शिक्षण अवलोकन गर्ने, कक्षामा गरिएको शिक्षणसिकाइको आधारमा उनीहरूलाई सुझाव तथा पृष्ठपोषण दिने, विद्‌यार्थीको सिकाइ अपेक्षित रूपमा हुन सके नसकेको सुनिश्चित गर्ने गर्नु पर्दछ । शिक्षकहरूमा हौसला, उत्प्रेरणा, प्रोत्साहन र पुरस्कारजस्ता उपायको अवलम्बन गरी समूहगत भावनाको विकास गराउने, सामूहिक निर्णय प्रक्रियाको संलग्न गर्ने, शिक्षकका सबल र कमजोर पक्षको पहिचान गरी कमजोर पक्षमा सुधारको प्रयास गर्ने र सबल पक्षको अधिकतम प्रयोग गरी ससम्मान जिम्मेबारी बोध गराउने र जवाफदेहिता लिन लगाउने कार्य गर्नु पर्दछ ।

---
[1] Synergy means that the whole is greater than sum of its parts.

शिक्षकको साप्ताहिक कक्षा भारले गर्दा व्यक्तिगत रुपमा विद्यार्थीलाई ध्यान दिन नसक्ने बारेमा प्रश्न उठ्ने गर्दछ । यसका लागि विद्यालय तहमा गृहकार्य र परियोजना कार्य जस्ता कार्यलाई दैनिक/साप्ताहिक कार्यतालिकामा समावेश गर्ने प्रावधान राख्न सकिन्छ कि ?

शिक्षकले आफूले पढाएको विषयमा विद्यार्थीको सफलता र असफलताबारे जवाफदेहिता लिने अभ्यासको थालनि गर्नु जरुरी भैसकेको छ । यस्ले सिकाइ उपलब्धि सुधारमा पर्याप्त सहयोग पुग्ने निश्चित छ ।

- **शिक्षकका लागि सुझाब**

विद्यालय केस अध्ययनको आधारमा शिक्षकहरूमा Reflective Practice बारे कम मात्र ज्ञान भएकोले यस्को प्रयोग भएको पाइएन । यसर्थ उनीहरूलाई Reflective Practitioner हुन प्रोत्साहन गर्नु अत्यन्त जरुरी छ । यस अन्तर्गत शिक्षकले कक्षा शिक्षण कै समयमा विद्यार्थीहरूले आफूले पढाएको विद्यार्थीहरू सिके वा सिकेनन्, त्यसको पृष्ठपोषण लिनु पर्दछ । विद्यार्थीहरूले सिक्न सकेनन् भने किन सकेनन्, तत्काल नै सोची सुहाउँदो शिक्षण विधि प्रयोग गर्नु पर्दछ ।

कक्षा शिक्षणपश्चात् पनि आफूले सिकाएको विद्यार्थीले बुझ्न सकेनन् भने किन बुझ्न सकेनन् भनी विश्लेषण गरी कसरी विषयवस्तुलाई प्रस्तुत गर्दा विद्यार्थीहरूले बुझ्दछन् चिन्तन गरी सुहाउँदो विधि प्रयोग गर्नु पर्दछ । यसको प्रयोजन लागि शिक्षक सहयोग कार्यक्रम आवश्यक हुन सक्दछ ।

मूलतः सिकाइ उपलब्धिमा सुधार ल्याउनका लागि शिक्षकहरूले सिकाइ उपलब्धि कै बारे स्पष्ट हुन जरुरी छ । यसका लागि उनीहरू पाठ्यक्रम र पाठ्यक्रम सामग्रीसँग परिचित रहने, निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिबारे स्पष्ट हुने, प्रभावकारी कक्षा शिक्षणलाई आफ्नो प्रमुख उत्तरदायित्व सम्झी लगनशील हुने र आफूले पढाउने विषयमा पूर्ण रूपमा तयार रहने, र सोको प्रयोगसमेत गर्ने, बालमैत्री वातावरणमा शिक्षण गर्ने, विद्यार्थीको भापिक तथा साँस्कृतिक पक्षबारे परिचित भई शिक्षण गर्ने, विद्यार्थीका अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न प्रयासरत रहने, उदार कक्षोन्नति नीति को सही कार्यान्वयन गर्न सक्ने हुनु पर्दछ । उनीहरूलाई दिइने तालिममा यी कुराहरूलाई सम्बोधन गर्न जरुरी छ ।

- **अभिभावकका लागि सुझाव**

अभिभावकले आफ्ना बालबालिकालाई नियमित विद्यालय पठाउने, उनीहरूका लागि सिकाइ सामग्री जुटाउने, घरमा सिकाइ वातावरणको सिर्जना गर्ने, समय समयमा विद्यालयमा आई आफ्ना बालबालिकाको सिकाइप्रति चासो राख्ने, विद्यालय को भौतिक, शैक्षिक वा अन्य पक्षमा आवश्यक

सहयोग जुटाउने कार्यमा संलग्न हुनु अभिभावकको दायित्व हुन् । यी कार्यहरुप्रति उनीहरूलाई सचेत बनाउन विभिन्न कार्यक्रम आयोजना गर्नु पर्दछ ।

- **विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई सुझाव**

विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई शिक्षा ऐन तथा नियमावलीमा उल्लिखित कार्य प्रति सचेत गराउने र विद्यार्थीको सिकाइ उपलब्धि बारे जानकारी दिने र त्यसका लागि उनीहरूले गर्न सक्ने योगदानबारे जानकारी दिई आवश्यक सहयोग दिन तत्पर बनाउनु अति सान्दर्भिक र आवश्यक हुन्छ ।

- **स्थानीय निकायलाई सुझाव**

स्थानीय निकाय जस्तै गाउँपालिका र नगरपालिकाले आफूलाई प्राप्त बजेटको केही हिस्सा (सकेसम्म बढी) विद्यालयको भौतिक विकासमा, शैक्षिक विकासमा र खासगरी शिक्षक व्यवस्थाका लागि लगाउने कार्य गरेमा विद्यालयमा विषयगत शिक्षकको समस्या समाधान हुन्छ । स्थायी शिक्षकको व्यवस्था नभएसम्म विज्ञान र गणित जस्ता विषयमा यस प्रकारको स्रोतबाट शिक्षक राख्न सकेमा यी विषयमा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन उल्लेखनीय भूमिका खेल्ने छ ।

- **गैर सरकारी संस्थाबाट सहयोग प्राप्त गर्न सुझाव**

केस अध्ययनमा परेका विद्यालयहरूले विभिन्न गैर सरकारी संस्थाबाट विभिन्न किसिमका सहयोग प्राप्त गरिरहेको उदाहरण भएकोले विद्यालयले गैर सरकारी संस्था तथा दाताहरूको पहिचान गरी सहयोग जुटाउने कार्य गर्नु पर्दछ । सहयोगको क्षेत्र अझ व्यापक छ र यसको पहिचान र परिचालन गर्न सक्नुपर्छ । यसमा पारदर्शिता अपरिहार्य छ । यसले कक्षाकोठाको शिक्षणसिकाइमा टेवा पुग्छ भन्न सकिन्छ । अझै खासगरी गैर सरकारी संस्थाले कक्षाकोठामा गरिने शिक्षणसिकाइ तालिमको व्यवस्थापन र सञ्चालनमा सहयोग गरी शिक्षकको क्षमता विकासमा प्रयोग गर्नसके यो बढी फलदायी हुनेछ ।

- **क्षमता र नेतृत्व विकासका लागि विद्यार्थी सहभागिता**

शिक्षणसिकाइको मुख्य सक्रिय कर्ता भनेका विद्यार्थी हुन् । कक्षाकोठामा विद्यार्थीलाई सक्रिय सिकाइ हुनु त आवश्यक छँदैछ । कक्षाबाहिर पनि विद्यार्थीलाई परियोजना दिई उनीहरूबाट गरिएका कार्यलाई विद्यालयको प्रार्थना समयमा प्रस्तुत गराउनु र यस सम्बन्धमा सम्बन्धित शिक्षकबाट पृष्ठपोषण दिनुले विद्यार्थीको सिकाइ स्मरण र बुझाइ तहमा मात्र सीमित नरही प्रयोग, विश्लेषण, मूल्याङ्कन र सिर्जनशिल तह पुग्नगई विद्यालयबाट उत्पादित विद्यार्थीहरू अन्य छिमेकी संस्थागत विद्यालयसँग प्रतिस्पर्धा गरी उत्कृष्ट नतिजा ल्याउन सफल हुनु पर्ने देखिन्छ । साथै अङ्ग्रेजी माध्यमबाट गरिएको

अध्ययन/अध्यापन कार्यले विद्यार्थीलाई सिकाइमा अभिप्रेरित गर्न सकिन्छ । यो कार्य प्रधानाध्यापक र शिक्षकहरूको सामूहिक प्रतिबद्धता र प्रयासले सम्भव भएको हो ।

- **विद्यालयले गर्नु पर्ने आधारभूत कार्य**

कम प्रभावकारी विद्यालयको कक्षा अवलोकनको क्रममा देखिएको सानो कुराले ल्याउने ठूलो प्रभावको उदाहरण तल प्रस्तुत गरिएको छ :

साना कक्षामा विद्यार्थीसित कागज र सिसाकलम हुँदैन । भए तापनि उनीहरूले प्रयोग गर्ने कागत र सिसाकलम कमसल खालका हुन्छन् । कमसल खालको सिसाकलमले कमसल खालको कागतमा लेख्दा सिकाइ आनन्ददायक हुँदैन, दिक्क लाग्ने हुन्छ, गतल लेख्दा इरेजरले मेटाउने कार्य गर्दागर्दै कागत च्यातिन्छ । त्यस्ता सामग्रीको प्रयोगले सिकाइ उपलब्धिलाई अप्रत्यक्ष रूपमा नराम्रो प्रभाव परिरहेको हुन्छ । यस पक्षमा अभिभावक लगायत विद्यालयले विशेष ध्यान दिनु नितान्त आवश्यक छ ।

उल्लिखित उदाहरणलाई ध्यानमा राख्दा कम्तीमा कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई गुणस्तरयुक्त कपि र सिसाकलमको व्यवस्था गर्नु अत्यावश्यक देखिन्छ ।

- **स्रोतकेन्द्र र जिल्लाबाट अनुगमन तथा मूल्याङ्कन**

जिल्ला तथा स्रोतकेन्द्रको मुख्य भूमिका भनेको गुणस्तर सुधारका लागि नवीनतम प्रविधि विद्यालयमा पठाउने र पुगेनपुगेको अनुगमन गर्ने, पाठ्यक्रम र पाठ्यक्रम सामग्री र शैक्षिक सामग्री विद्यालयलाई उपलब्ध गराउने र सोको प्रयोग सही रूपमा भएन वा भएको अनुगमन गर्ने, शिक्षणसिकाइको सुधारका लागि, निरन्तर मूल्याङ्कन प्रणाली, परीक्षा र सिकाइ उपलब्धि जस्ता विषयमा शिक्षकहरूको तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने, कक्षा अवलोकन र पृष्ठपोषण सञ्चालनमा प्रधानाध्यापकलाई तालिम प्रदान गर्ने, जिल्ला तथा स्रोतकेन्द्रले विद्यालयको नियमित निरीक्षण गरी कक्षाकोठामा गरिने शिक्षणसिकाइमा टेवा पुऱ्याउन मदत गर्ने कार्य गर्नु पर्दछ ।

- **शिक्षकहरूको पेसागत सङ्घ सङ्गठनलाई सुझाव**

शिक्षकहरूको पेसागत सङ्घ सङ्गठनहरूले आफ्नो पेसागत हकहितमा मात्र सीमित नरही कक्षाकोठामा गरिने शिक्षण सिकाइको गुणस्तर उठाउनमा आफ्ना क्रियाकलाप फैलाउने गर्नु आजको माग हो र यो कार्यबाट तत्काल शिक्षाको गुणस्तरमा सुधार हुनसक्ने र विद्यार्थी तथा शिक्षकको प्रिय हुने तथा राज्यले गर्व गर्ने ठाउँ पनि रहने हुन्छ ।

उल्लिखित कुराहरू दशकौंसम्म पनि नबुझिनु, बुझ्न नचाहेको हो वा बुझाउन नसकिएको हो, शिक्षा प्रशासनका जिम्मेवार व्यक्तिहरूले गम्भिरतापूर्वक सोच्नु आवश्यक छ ।

### अनुसन्धान तहका सुझाबहरू

विद्यालयहरूमा शिक्षकहरूको शिक्षण सुधार गरी विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च बनाउन क्रियात्मक अनुसन्धान (Action research) गर्ने समय आइसकेको छ । परामर्शदाताले परामर्श मात्र दिने नभई आफै शिक्षक र विद्यार्थीसित घुलमिल भई काम गर्ने व्यवस्था मिलाउनु पर्दछ । अभ्यास-उन्मुख अर्थात् Intervention गर्ने खालको क्रियात्मक अनुसन्धान गर्ने सुझाव दिइन्छ । अर्थात् शिक्षकको शिक्षण सिप विकास गर्ने र विद्यार्थीको सिकाइ उपलब्धि बढेको प्रदर्शन गर्ने गरी क्रियात्मक अनुसन्धान गर्न सुझाब दिइएको छ । विभिन्न क्षेत्रमा बसोवास गर्ने र विभिन्न जात जनजातिका विद्यार्थीहरूको जन्मजात गुण मापनका लागि एक अध्ययन गर्नु अत्यन्त सान्दर्भिक देखिन्छ ।

### सुझाबहरू/सिफारिसहरू कार्यान्वयनका चरणहरू (Action Steps)

यस अध्ययनले दिएका सुझावहरू/सिफारिसहरूलाई कार्यान्यवन गर्न तयार गरिएको कार्यान्वयन चरण तालिका (Matrix) निम्नानुसार दिइएको छ । उक्त तालिकामा कुन सुझाब कसले, कसरी र कहिले गर्ने भन्ने सम्बन्धमा चर्चा गरिएको छ । यसका साथै उक्त तालिकामा सिफारिस गरिएका कार्यहरू भए नभएको सुनिश्चित गर्न अनुगमन सूचक पनि समावेश गरिएको छ ।

**तालिका ५.१: सिफारिस एवम् सुझावहरू कार्यान्वयनको चरण**

## क) नीतिगत सिफारिस एवम् सुझाव

| सिफारिस एवम् सुझाव | गरिने कार्य | जिम्मेवार निकाय | सहयोगी निकाय | कामको थालनी मिति | काम सम्पन्न गर्ने मिति | अनुगमन सुचक |
|---|---|---|---|---|---|---|
| प्रधानाध्यापक नियुक्तिका लागि नाम सिफारिस गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिलाई दिने । | शिक्षा विभागसँगको समन्वयमा जि.शि.का. ले कार्यक्रमसम्बन्धी पुनः स्पष्ट परिपत्र गर्ने र सोको प्रभावकारी अनुगमन गर्ने । | विद्यालय व्यवस्थापन समिति | जि.शि.का. | तत्काल | २०७३।१२। मसान्त | परिपत्रको नमुना र चलानी नंवर |
| स्रोत जुटाउन सक्ने, शैक्षणिक अभ्यासबारे जानकारी भएको अभिभावक वा समुदायका प्रभावशाली व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाउन सकिने व्यवस्था गर्ने । | वि.व्य.स. को अध्यक्ष छनोटको विषयलाई लिएर अभिभावक भेला बोलाउने । | विद्यालय प्रशासन | विद्यालय सेवाक्षेत्रभित्र रहेका राजनीतिक दलका प्रतिनिधि र सक्रिय अभिभावक | तत्काल | २०७३।१२। मसान्त | अभिभावक भेलाका सहभागी सङ्ख्या । |
| विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च पार्नका लागि विद्यार्थी सहयोग कार्यक्रम र शिक्षक सहयोगप्रणाली कार्यान्वयन गर्ने । | विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च पार्नका लागि विद्यार्थी सहयोग कार्यक्रम र शिक्षक सहयोग प्रणालीको अवधारणा तयार पार्ने । | शिक्षा विभागले पाठ्यक्रम विकास केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रबीचको समन्वयमा गर्ने | जि.शि.का. र स्रोतकेन्द्र | तत्काल | २०७३।१२। मसान्त | छुट्टाछुट्टै अवधारणा पत्र |
| विद्यार्थी मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति नीतिलाई पुनर्विचार गरी परिमार्जन र परिष्कृत गर्ने | सरल र शिक्षकले आफैं पढेर बुझ्न सक्ने सामग्री तयार पार्ने | शिक्षा विभागले पाठ्यक्रम विकास केन्द्र र | जि.शि.का. र स्रोतकेन्द्र | तत्काल | २०७३।१२। मसान्त | सामग्री सङ्ख्या |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | शैक्षिक जनशक्ति विकास केन्द्रबीचको समन्वयमा गर्ने | | | | |
| नेपालको संविधान, २०७२ मा उल्लेख भएअनुसार बालबालिकालाई माध्यमिक तहसम्म निशुल्क शिक्षा उपलब्ध गराउने कार्यको वर्गीकरण गर्ने: शिक्षक तलबका लागि नेपाल सरकारको दायित्वमा राख्ने । | निजी स्रोतबाहेकका अस्थायी, राहत, पि.सि.एफ् जस्ता दरवन्दीलाई क्रमशः स्थायी दरबन्दिमा रूपान्तरण गर्दै जान कार्यविधि वनाउने कार्ययोजनाको निर्माण गर्ने र सोका लागि लाग्ने रकमको व्यवस्था गर्ने । निशुल्क भनेको के के मा गर्ने हो ? सोको प्रष्ट व्याख्या गर्ने | शिक्षा विभाग | शिक्षा मन्त्रालय | कार्यविधि र कार्ययोजनाको निर्माण आ.व. २०७३/२०७४मा गर्ने | कार्यान्वयन ५ वर्षभित्र गर्ने | कार्यविधि र कार्ययोजना पुस्तिकाको तयारी र पुस्तिका शिक्षाको विभिन्न निकायमा पुगेको र विद्यालय मा जानकारी भएको अवस्था । |
| विद्यार्थी सिकाइ सुधारका लागि थप सिकाइ सम्बन्धी कार्यक्रम सञ्चालन गर्न व्यवस्थापन समितिले अभिभावकसमेतको परामर्श र स्वीकृतिमा थप शुल्क लिन पाउने व्यवस्था गर्ने । | गरिबको परिचयपत्र पाएका अभिभावक बाहेक विद्यार्थी सिकाइ सुधारका लागि कार्यक्रम गर्न अभिभावक भेला गर्ने | विद्यालय प्रशासन एवम् विद्यालय व्यवस्थापन समिति | विद्यालय सेवाक्षेत्रभित्र रहेका राजनीतिक दलका प्रतिनिधि र सक्रिय अभिभावक | तत्काल | २०७३।१२। मसान्त | अभिभावक भेलाका सहभागी सङ्ख्या । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**ख) अभ्यास तहका सिफारिस एवम् सुझाव**

| सिफारिस एवम् सुझाव | गरिने कार्य | जिम्मेवार निकाय | सहयोगी निकाय | कामको थालनी मिति | काम सम्पन्न गर्ने मिति | अनुगमन सुचक |
|---|---|---|---|---|---|---|
| **प्रधानाध्यापकका लागि सुझाव** नेतृत्व सिद्धान्तलाई अभ्यासमा उतार्नुका लागि सैद्धान्तिक रूपमा प्रधानाध्यापकले राख्ने गरेको शिक्षकप्रतिको चासो (Concern for teachers) र विद्यार्थीको सिकाइ उपलब्धि प्रतिको चासो (Concern for students' achievement) दुबैमा सन्तुलित गराउने । | प्र.अ.को क्षमता विकास | स्रोतव्यक्ति | जि.शि.का. | तत्काल | २०७३।१२। मसान्त | यी विषयमा आधारित प्र.अ. को क्षमता विकास प्याकेज |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रधानाध्यापकले विद्यार्थीको सिकाइ उपलब्धि , निरन्तर मूल्याङ्कन प्रणाली र उदार कक्षोन्नति नीतिबारे पर्याप्त जानकारी राख्न र सोबारे शिक्षक र विद्यार्थीलाई स्पष्ट रूपमा जानकारी गराई सही रूपमा कार्यान्वयन गराउन निजको क्षमता अभिवृद्धि गर्नुपर्ने । | प्र.अ.को क्षमता विकास | स्रोतव्यक्ति | जि.शि.का. | तत्काल | २०७३।१२। मसान्त | ्यी विषयमा आधारित प्र.अ. को क्षमता विकास प्याकेज |
| बर्तमानमा प्रधानाध्यापकले प्रजातान्त्रिक शैली अपनाई सम्पूर्ण शिक्षकहरूलाई टोली कार्य (Team work) मा संलग्न गराई Synergistic effect निकाल्नु सक्षम बनाउने । शिक्षकको कार्य प्रदर्शन र कार्य सन्तुष्टिबीच सकारात्मक सम्बन्ध छ भन्ने कुरामा प्रधानाध्यापकले शिक्षकहरूलाई उत्प्रेरित गर्दै उनीहरूको कार्य सन्तुष्टिलाई उच्च राख्न शिक्षकको कार्य संलग्नता (Job Involvemment) बुझ्ने र उनीहरूको मूल्याङ्कन गर्ने । | प्र.अ.को क्षमता विकास | स्रोतव्यक्ति | जि.शि.का. | तत्काल | २०७३।१२। मसान्त | यी विषयमा आधारित प्र.अ. को क्षमता विकास प्याकेज |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रधानाध्यापकले समय समयमा शिक्षकहरूले दैनिक कार्यतालिकाअनुसार कक्षा लिएका छन् छैनन् जाँच्ने, शिक्षकको कक्षा शिक्षण अवलोकन गर्ने, कक्षामा गरिएको शिक्षणसिकाइको आधारमा उनीहरूलाई सुझाव तथा पृष्ठपोषण दिने, विद्यार्थीको सिकाइ अपेक्षित रूपमा हुन सकेनसकेको सुनिश्चित गर्ने शिक्षकहरूमा हौसला, उत्प्रेरणा, प्रोत्साहन र पुरस्कारजस्ता उपायको अवलम्बन गरी सामूहिक भावनाको विकास गराउने, सामूहिक निर्णय प्रक्रियामा संलग्न गर्ने, शिक्षकका सबल र कमजोर पक्षको पहिचान गरी कमजोर पक्षमा सुधारको प्रयास गर्ने र सबल पक्षको अधिकतम प्रयोग गरी ससम्मान जिम्मेबारी बोध गराउने र जवाफदेहिता लिन लगाउने कार्य गर्ने । | प्र.अ.को क्षमता विकास | स्रोतव्यक्ति | जि.शि.का. | तत्काल | २०७३।१२। मसान्त | यी विषयमा आधारित प्र.अ. को क्षमता विकास प्याकेज |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| शिक्षकको साप्ताहिक कक्षा भारले गर्दा व्यक्ति विद्यार्थीलाई ध्यान दिन नसक्ने गुनासो शिक्षकहरूमा रहेकाले गृहकार्य र परियोजना कार्य जस्ता कार्यलाई दैनिक/साप्ताहिक कार्यतालिकामा समावेस गर्ने प्रावधान राख्न, | प्र.अ.को क्षमता विकास | स्रोतव्यक्ति | जि.शि.का. | तत्काल | २०७३।१२। मसान्त | यी विषयमा आधारित प्र.अ. को क्षमता विकास प्याकेज |
| शिक्षकले आफूले पढाएको विषयमा विद्यार्थीको सफलता र असफलताबारे जवाफदेहिता लिने अभ्यासको थालनि गर्ने । | प्र.अ.को क्षमता विकास | वि.व्य.स. र स्रोतव्यक्ति | जि.शि.का. | तत्काल | २०७३।१२। मसान्त | यी विषयमा आधारित प्र.अ. को क्षमता विकास प्याकेज |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **शिक्षकका लागि सुझाव**<br><br>शिक्षकलाई Reflective Practitioner हुन प्रोत्साहन गर्नका लागि शिक्षकले कक्षा शिक्षण कै समयमा विद्यार्थीहरूले आफूले पढाएको विषयमा सिके वा सिकेनन्, त्यस्को पृष्ठपोषण लिने, सिक्न सकेनन् भने किन सकेनन्, तत्काल नै सोची सुहाउँदो शिक्षण विधि प्रयोग गर्ने, कक्षा शिक्षण पश्चात पनि आफूले सिकाएको विद्यार्थीले बुझ्न सकेनन् भने किन बुझ्न सकेनन् विश्लेषण गरी कसरी विषय बस्तुलाई प्रस्तुत गर्दा विद्यार्थीहरूले बुझ्दछन् चिन्तन गरी सुहाउँदो विधि प्रयोग गर्ने । | शिक्षक सहयोग कायक्रम | प्र.अ. | स्रोतव्यक्ति र जि.शि.का. | तत्काल | २०७३।१२। मसान्त | कार्यक्रमको विकास र प्रयोग |
| शिक्षकहरू पाठ्यक्रम र पाठ्यक्रम सामग्रीसँग परिचित रहने, निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नतिबारे स्पष्ट हुने, प्रभावकारी कक्षा शिक्षणलाई आफ्नो प्रमुख उत्तरदायित्व सम्झि लगनशील हुने र आफूले पढाउने विषयमा पूर्ण रूपमा तयार रहने, र सोको प्रयोगसमेत गर्ने, बालमैत्री वातावरणमा शिक्षण गर्ने, विद्यार्थीको भापिक तथा सांस्कृतिक पक्षबारे परिचित भई शिक्षण गर्ने, विद्यार्थीका अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न प्रयासरत रहने । | शिक्षक तालिम | प्र.अ. | स्रोतव्यक्ति र जि.शि.का. | तत्काल | २०७३।१२। मसान्त | कार्यक्रमको विकास र प्रयोग |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **अभिभावकका लागि सुझाव**<br>अभिभावकले आफ्ना बालबालिकालाई नियमित विद्यालय पठाउने, उनीहरूका लागि सिकाइ सामग्री जुटाउने, घरमा सिकाइ वातावरणको सिर्जना गर्ने, समय समयमा विद्यालय मा आई आफ्ना बालबालिकाको सिकाइप्रति चासो राख्ने । | अभिभावक सचेतना कार्यक्रम | प्र.अ. र वि.व्य.स. | स्रोतव्यक्ति | तत्काल | २०७३।१२। मसान्त | कार्यक्रमको विकास र प्रयोग |
| **विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई सुझाव**<br>विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई शिक्षा ऐन २०७२ र सो अन्तर्गत बन्ने नियमावलीमा उल्लेखित कार्य प्रति सचेत गराउने र विद्यार्थीको उच्च सिकाइ उपलब्धि बारे जानकारी दिने र त्यसका लागि उनीहरूले गर्न सक्ने योगदानवारे जानकारी दिई आवश्यक सहयोग दिन तत्पर बनाउने । | परिमार्जित शिक्षा ऐन तथा नियमाबली परिचयात्मक कार्यक्रम | जि.शि.का. र स्रोतव्यक्ति | प्र.अ. | तत्काल | २०७३।१२। मसान्त | सामग्री सङ्ख्या |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **स्थानीय निकायलाई सुझाव**<br>स्थानीय निकाय जस्तै गाउँपालिका र नगरपालिकाले आफूलाई प्राप्त बजेटको केही हिस्सा (सकेसम्म बढी) विद्यालय को भौतिक विकास, शैक्षिक विकास र खासगरी शिक्षक व्यवस्थाका लागि लाउने । | विद्यालय का लागि स्रोतको व्यवस्था गर्ने | वि.व्य.स. र प्र.अ. | स्थानीय राजनीतिक नेतृत्व | २०७३ मार्ग | २०७४ आषाढ | स्रोत रकम |
| **गैर सरकारी संस्थाबाट सहयोग प्राप्त गर्न सुझाव**<br>केस अध्ययनमा परेका विद्यालय हरूले विभिन्न गैर सरकारी संस्थाबाट मानवीय, भौतिक र शैक्षिक सामग्रीको पक्षमा सहयोग प्राप्त गरिरहेको उदाहरण भएकोले विद्यालय ले गैर सरकारी संस्था तथा दाताहरूको पहिचान गरी सहयोग जुटाउने कार्य गर्ने । | गैर सरकारी संस्थाको<br>पहिचान र सहयोग परिचालन | वि.व्य.स. र प्र.अ | थानीय राजनीतिक नेतृत्व | तत्काल | निरन्तर | सहयोगका प्रकार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **क्षमता र नेतृत्व विकासका लागि विद्यार्थी सहभागिता**<br>"शिक्षणसिकाइको मुख्य सक्रिय कर्ता  विद्यार्थी भएकाले कक्षाकोठाको अतिरिक्त कक्षा बाहिर पनि विद्यार्थीलाई परियोजना दिई उनीहरूबाट गरिएका कार्यलाई विद्यालय को प्रार्थना समयमा प्रस्तुत गराउनु र यस सम्बन्धमा सम्बन्धित शिक्षकबाट पृष्ठपोषण दिनुले विद्यार्थीको सिकाइ स्मरण र बुझाइ तहमा मात्र सीमित नरही प्रयोग, विश्लेषण, मूल्याङ्कन र सिर्जनशिल तहसम्म पुग्नगई विद्यालय बाट उत्पादित विद्यार्थीहरू अन्य छिमेकी संस्थागत विद्यालय सँग प्रतिस्पर्धा गरी उत्कृष्ट नतिजा ल्याउन सफल हुनसक्ने  साथै अँग्रेजी माध्यमबाट गरिएको अध्ययन तथा अध्यापन कार्यले विद्यार्थीको सिकाइमा अझ निखार आएको देखिन्छ । यो कार्य प्रअ र शिक्षकहरूको सामूहिक प्रतिबद्धता र प्रयासले सम्भव भएको हो ।" यो कार्यको सूचना प्रवाह अन्य विद्यालय मा गर्ने । | राम्रा र सुधारात्मक विद्यालय मा एक आपसि भ्रमण कार्यक्रमको आयोजना गर्ने । | प्र.अ. शिक्षक तथा वि.व्य.स.( समन्वय र व्यवस्थापकीय भूमिकामा) | स्थानीय निकाय, अभिभावक/ गै.स.स. ( स्रोतको व्यवस्थापनमा) | समयको अनुकूलताका आधारमा | वर्षमा १ पटक | भ्रमण पटक र सहभागी सङ्ख्या । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **स्रोतकेन्द्र र जिल्लाबाट अनुगमन तथा मूल्याङ्कन**<br>“जिल्ला तथा स्रोतकेन्द्रको मुख्य भूमिका भनेको गुणस्तर सुधारका लागि नवीनतम प्रविधि विद्यालय मा पठाउने र पुगेनपुगेको अनुगमन गर्ने, पाठ्यक्रम र पाठ्यक्रम सामग्री र शैक्षिक सामग्री विद्यालय लाई उपलब्ध गराउने र सोको प्रयोग सही रूपमा भएनभएको अनुगमन गर्ने, शिक्षणसिकाइको सुधारका लागि, निरन्तर मूल्याङ्कन प्रणाली, परीक्षा र सिकाइ उपलब्धि  जस्ता विषयमा शिक्षकहरूको तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने, कक्षा अवलोकन र पृष्ठपोषण सञ्चालनमा प्रधानाध्यापकलाई तालिम प्रदान गर्ने, जिल्ला तथा स्रोतकेन्द्रले विद्यालय को नियमित निरीक्षण गरी कक्षाकोठामा गरिने शिक्षणसिकाइमा टेवा पुऱ्याउन मदत गर्ने हो ।” विद्यालय को निरीक्षण योजनाबद्ध र आकस्मिक रूपमा गर्ने । | विद्यालय निरीक्षणलाई अनिवार्य र शिक्षणसिकाइको<br>अभिन्न अङ्गको रूपमा विकास गर्ने । | वि.व्य.स., प्र.अ. र अभिभावक | स्रोतव्यक्ति, जि.शि.का. | तत्काल | निरन्तर | निरीक्षण योजना र पटक |
| **शिक्षकहरूको पेसागत सङ्घ सङ्गठनलाई सुझाव**<br>“शिक्षकहरूको पेसागत सङ्घ सङ्गठनहरूले आफ्नो पेसागत हकहितमा मात्र सीमित नरही कक्षाकोठामा गरिने शिक्षण सिकाइको गुणस्तर उठाउनमा आफ्ना क्रियाकलाप फैलाउने गर्नु आजको माग हो र यो कार्यबाट तत्काल शिक्षाको | शिक्षकहरूको पेसागत सङ्घ सङ्गठनहरूले कक्षाकोठाको गुणस्तर सुधारमा पहल कदमी गर्ने<br>। | “शिक्षकहरूको पेसागत सङ्घ सङ्गठनहरूहरू | स्रोतव्यक्ति, जि.शि.का. | तत्काल | निरन्तर | कार्य योजना र पटक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| गुणस्तरमा सुधार हुनसक्ने र विद्यार्थी तथा शिक्षकको प्रिय हुने तथा राज्यले गर्व गर्ने ठाउँ पनि रहने हुन्छ ।" यो पहलको तुरुन्त प्रारम्भ गर्ने । | | | | | | |

# सन्दर्भ ग्रन्थ सूची


Case studies: Writing Guides. http://writing.colostate.edu/guides/research/casestudy/index.cfm

Departmment of Educaion (2014). *Flash I report 2014/2015*. Bhaktapur: Author

EDSC. (1997). *National assessment of grade 8 students*. Bhaktapur: MoE, BPEP

EDSC. (1999). *National assessment of grade 8 students*. Bhaktapur: MoE, BPEP

EDSC. (2001). *National assessment of grade 8 students*. Bhaktapur: Department of Education

EDSC. (2003). *National assessment of grade 8 students*. Bhaktapur: Department of Education

EDSC. (2008). *National assessment of grade 8 students*. Bhaktapur: Department of Education

Education Review Office. (2015). *National assessment of student achievement (NASA) 2013 (Grade 8: Mathematics, Nepali and Science)*. Bhaktapur: Author

Guangming Wang, G., D, H. & Liu, Y. (2009). Case Study on Improving High School Students with Learning Difficulties in Mathematics. Journal of Mathematics Education © *Education for All*, Vol. 2, No. 2, pp.122-133

Guthrie, L. F. & Hall, W. S. (1983). Continuity/discontinuity in the function and use of language. *Review of Research in Education* Vol. 10 (1983), pp. 55- 77. https://www.jstor.org/stable/1167135

Masumoto, M. & Brown-Welty, S. (2009). Case Study of Leadership Practices and School-Community Interrelationships in High-Performing, High-Poverty, Rural California High Schools, *Journal of Research in Rural Education, 24*(1) *California State University, Fresno*

Scheerens, J. (2000). Improving school effectiveness. Paris: International Institute for Educational Planning.

Shin, H. Y. & Park, H. J. (2013). What is the key factors in managing diversity and inclusion successfully in large international organization? Retrieved July 2016 from Cornell University, ILR School site: http://digital.commons.ilr.cornell.edu/student/45

Yin, R. K. (2014). *Case study research. Design and methods.* Singapore: Sage Publication Asia-Pacific Pte. Ltd.

# अनुसूची १

## तथ्याङ्क सङ्कलनका साधनहरू

शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि

शैक्षिक परिवर्तन प्रतिष्ठानले गरेको

उच्च तथा न्यून सिकाइ उपलब्धि सित सम्बद्ध तत्वहरू : विद्यालय  केस/मामला अध्ययन

विद्यालय  अवलोकन फाराम २०७३

क. विद्यालय को अवस्थितिः

१. विद्यालय को नामः

२. ठेगानाः  प्रदेश..................... जिल्ला................... गाविस/नपा................वडा..................टोल..........

३. विद्यालय  हाताको क्षेत्रफलः........................

४. भवन विवरणः भवन सङ्ख्या.............कुल कोठा सङ्ख्या................कक्षाकोठा सङ्ख्या..................

५ क्षेत्रफल (सरदर प्रति विद्यार्थीका लागि)

प्रावि तह (१ - ५):...............................

प्राविं तह ८..............................

६. विद्यालय का लागि आधारभूत पक्षको अवस्थाः

| क्र.सं | पक्षहरू | पर्याप्त | | प्रयोगको अवस्था | मर्मत् तथा सरसफाइ | कैफियत |
|---|---|---|---|---|---|---|
| | | भएको | नभएको | | | |
| १ | फर्निचर | | | | | |
| २ | खानेपानी | | | | | |
| ३ | शौचालय | | | | | |
| ४ | विद्यालय प्राङ्गण | | | | | |
| ५ | खेलमैदान | | | | | |
| ६ | घेरावारा | | | | | |
| ७ | करेशाबारी/बँगैचा | | | | | |
| ८ | दिवा खाजा | | | | | |

**७. विद्यालय नक्साङ्कन/ सेवाक्षेत्रको नक्सा**

**७.२ जनसङ्ख्या (जाति/जनजाति र उनीहरूका बालबालिकाको विद्यालय मा प्रतिनिधित्व)**

| क्र.सं | जाति/जनजाति | प्रतिशत | विद्यालय मा विद्यार्थी सङ्ख्या | प्रतिशत | सिकाइ उपलब्धि सरदर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## ८. अभिलेख अध्ययन

### ८.१ विद्यार्थी अभिलेख

| कक्षा | छात्रा | छात्र | जम्मा | सरदर उपलब्धि छात्रा | सरदर उपलब्धि छात्र | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**नोटः** अघिल्लो शैक्षिक सत्रको भर्ने

### ८.२ शिक्षक अभिलेख

| तह | शिक्षक विद्यार्थी अनुपात |
|---|---|
| प्रावि | ............ |
| मावि | ............. |

८.२.१ विषयगत शिक्षकको उपलब्धता

| विषय | विषयगत शिक्षक | | विषयगत उपलब्धिस्तर |
|---|---|---|---|
| | भएको | नभएको | |
| नेपाली | | | |
| गणित | | | |
| विज्ञान | | | |
| सामाजिक | | | |
| अँग्रेजी | | | |
| ........... | | | |
| ........... | | | |
| ...... | | | |

९. विव्यसको संरचना

| गठन भएनभएको | हलाको सङ्ख्या | वार्षिक बैठक सङ्ख्या | मुख्यमुख्य निर्णय | निर्णयको कार्यान्वयन |
|---|---|---|---|---|
| | | | | |

१०. शिक्षक अभिभावक सङ्घको संरचना

| गठन भएनभएको | महिलाको सङ्ख्या | वार्षिक बैठक सङ्ख्या | मुख्यमुख्य निर्णय | निर्णयको कार्यान्वयन |
|---|---|---|---|---|
| | | | | |

११. विद्यालय को वार्षिक कार्यक्रम र सोको कार्यान्वयन

| भए/ नभएको | कार्यान्वयनको अवस्था | छ | छैन |
|---|---|---|---|
| | | | |

**१२. विद्यालय को कार्यतालिका छ/छैन यदि छ भने तलको तालिकाको छ/छैन महलमा (√) लगाउने**

| **क्र.सं** | अवलोकित पक्ष | छ | छैन |
|---|---|---|---|
| | पाठ्यक्रममा उल्लेखित विषयगत कार्यभारअनुसार बनेको | | |
| | शिक्षकको कार्यभारमा सन्तुलन मिलाएको | | |
| | शिक्षकले कार्यतालिकाको पूर्ण पालना गरेको | | |
| | शिक्षक विद्यार्थी सबैको पहुँचमा राखिएको | | |
| | सबै शिक्षकको सहभागितामा बनाइएको | | |
| | शिक्षकको अनुपस्थितमा सिकाइ सुनिश्चित गर्ने व्यवस्था | | |

**१३. वार्षिक रूपमा विद्यालय सञ्चालनः जम्मा खुलेको दिन....................पढाइ भएको दिन...............**

**१४. बैठक विवरण (वार्षिक)**

| **्कार** | **पटक** | **मुख्य निर्णय** | **कार्यान्वयनको अवस्था** |
|---|---|---|---|
| **विव्यस** | | | |
| **शिक्षक, प्रअ** | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| शिक्षक/प्रअ, विव्यस | | | |
| शिक्षक अभिभावक सङ्घ | | | |
| विद्यालय / अभिभावक | | | |

१५. विद्यार्थी सहयोगका कार्यक्रम

| क्र.सं | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालनबाट भएको उपलब्धि |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

१६ सह/अतिरिक्त क्रियाकलाप

| क्र.सं | क्रियाकलापको नाम | पटक | सहभागी विद्यार्थीको सङ्ख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१७ विद्यालय निरीक्षण

| निरीक्षण गरेको मिति | मुख्य मुख्य सुझाव | सुझावको कार्यान्वयन |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

नोटः गत शैक्षिक सत्रको निरीक्षण विवरण लेख्नुहोला ।

**अवलोकनकर्ताको प्रतिक्रिया (आफूलाई लागेको अनुभव लेख्ने )**

**शिक्षक/ प्रअको दस्तखत**

**अवलोकनकर्ताको दस्तखत**

**मिति २०७३। । ।**

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि**

**शैक्षिक परिवर्तन प्रतिष्ठानले गरेको**

**उच्च तथा न्यून सिकाइ उपलब्धि सित सम्बद्ध तत्वहरू : विद्यालय केस/मामला अध्ययन**

## कक्षा अवलोकन, २०७३

१) कक्षाकोठाको भौतिक तथा शैक्षिक व्यवस्थापन पक्षको अवलोकन

भएमा छ (√ )मा र नभएमा छैन ( √ ) मा चिनो लगाउने

कक्षाः............... (सबै कक्षाकोठाको छुट्टाछुट्टै फाराम भर्ने)

| **पक्ष** | **अवलोकित पक्ष** | **छ** | **छैन** |
|---|---|---|---|
| **भौतिक** | कक्षाकोठाको सरसफाइ गरेको | | |
| | कक्षाकोठाको सरसफाइ नियमित गर्ने परिपाटी भएको | | |
| | विद्यार्थी सङ्ख्यालाई पुग्ने फर्निचरको व्यवस्था भएको | | |
| | विद्यार्थीको उच्चाइअनुसारका फर्निचर भएको | | |
| | लेख्नेपाटीको व्यवस्था भएको | | |
| | लेख्नेपाटी शिक्षक र विद्यार्थी दुवैको पहुँचमा राखिएको | | |
| | लेख्नेपाटी लेख्न योग्य भएको | | |
| | विद्यार्थीको सामान राख्ने व्यवस्था भएको | | |
| | विद्यार्थी सुरक्षित रहनसक्ने अवस्था भएको | | |
| | प्राथमिक उपचार बाकस राखिएको | | |
| | हावा तथा प्रकाशको आवत जावत भएको | | |
| | ज्यादा गर्मी, जाडो र हावा चल्ने अवस्था | | |
| | दुर्गन्ध र पोलुसन हुने अवस्था | | |
| | आवाज वा मानिसको आवत जावतले डिस्टर्व नहुने अवस्था | | |
| **अन्य केही भए** | ...................... | | |

| | | | |
|---|---|---|---|
| | .................... | | |
| | .......................... | | |
| | .......................... | | |
| | ............................. | | |
| | ............... | | |

| पक्ष | अवलोकित पक्ष | छ | छैन |
|---|---|---|---|
| **शैक्षिक** | कक्षाकोठाको सरसफाइ नियमित गर्ने परिपाटी भएको | | |
| | शिक्षक निर्मित शैक्षिक सामग्रीको उचित रखाइ | | |
| | विद्यार्थी सिर्जनात्मक कार्यको प्रदर्शन गर्ने गरेको | | |
| | विषयगत सिकाइ सामग्रीको व्यवस्था | | |
| | विद्यार्थी सिकाइ अनुकूलको वसाइ | | |

अवलोकित कक्षा सङ्ख्या...........

उपयुक्त भौतिक अवस्था रहेको कक्षाकोठा सङ्ख्या.........

उपयुक्त भौतिक अवस्था रहेको कक्षाकोठा सङ्ख्या.........

अवलोकनकर्ताको प्रतिक्रिया..........

२) शिक्षणसिकाइको अवलोकन

| | **अवलोकित पक्ष** | **छ** | **छैन** |
|---|---|---|---|
| **शिक्षकको तयारी तथा कक्षा व्यवस्थापन** | पाठ्यक्रम र पाठ्यक्रम सामग्रीको कक्षामा उपलब्धता | | |
| | शिक्षकको शिक्षण योजना भएको | | |
| | शैक्षिक सामग्रीको व्यवस्था | | |
| | अघिल्लो दिनको गृहकार्य जाँची विद्यार्थीलाई पृष्ठपोषणसहित फिर्ता दिएको अवस्था | | |
| | सिकाइअनुकूल विद्यार्थी वसाइ व्यवस्था | | |

| **पक्ष** | **अवलोकित पक्ष** | **छ** | **छैन** |
|---|---|---|---|
| **कक्षा सञ्चालन** | **कक्षाको प्रारम्भ** | | |
| | विद्यार्थीसँगको अभिवादन भएको | | |
| | विद्यार्थीको वसाइ निरीक्षण गरेको | | |
| | सिकाइ सामग्रीहरू प्रदर्शनका लागि तयार पारेको | | |
| | लेख्ने पाटी तयारी गरेको | | |
| | विद्यार्थीको उत्प्रेरणा पैदा गरेको (पूर्वपाठको पुनरावृत्ति, विषयसँग सम्बन्धित प्रासङ्गिक विषय, वा अन्य रोचक प्रसङ्गबाट) | | |
| | **कक्षाको विकास** | | |
| | विद्यार्थी केन्द्रित विधिको प्रयोग गरेको (अभिनय, परियोजना, छलफल, केसस्टडिज आदि) | | |
| | लेख्नेपाटीलाई सिकाइका लागि प्रयोग गरेको | | |
| | शैक्षिक सामग्रीको प्रयोग सान्दर्भिक रूपमा गरेको | | |
| | ाक्षकले भनेको सबै विद्यार्थीले सुन्न सक्ने र लेखेको सबैले देख्न सक्ने अवस्था रहेको | | |
| | सबै विद्यार्थीलाई सिकाइमा सहभागी गराएको | | |

| | | | |
|---|---|---|---|
| | विद्यार्थीको जिज्ञासालाई सम्बोधन गर्ने गरेको | | |
| | विद्यार्थीको कक्षा कार्यको व्यक्तिगत र समूहगत रूपमा सन्तुलन | | |
| | शिक्षकको आवाज प्रष्ट र व्यवहार विद्यार्थी मैत्री भएको | | |
| | शिक्षक विषयवस्तुमा प्रष्ट | | |
| | शिक्षकले समय समयमा पाठको मूल्याङ्कन गर्ने गरेको | | |
| | कक्षाको अनुशासन कायम राख्ने तरिका जस्तैः स्यावासी, हौसला, प्रोत्साहन, पुरस्कारको प्रयोग गर्ने गरेको | | |
| | पाठको मुख्य सन्देश विद्यार्थीमा प्रष्ट भएको | | |
| | **कक्षाको समापन** | | |
| | पाठको उद्देश्य पूरा भएनभएको मूल्याङ्कन गरेको | | |
| | समग्र कक्षाको प्रभावकारिता | | |
| | गृहकार्य वा परियोजना कार्य दिएको | | |
| | विद्यार्थीसँगको विदाई | | |

**अवलोकनकर्ताको प्रतिक्रिया** ..........................................................

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि**

**शैक्षिक परिवर्तन प्रतिष्ठानले गरेको**

**उच्च तथा न्यून सिकाइ उपलब्धि सित सम्बद्ध तत्वहरू : विद्यालय  केस/मामला अध्ययन**

## प्रधानाध्यापक र शिक्षकहरूका लागि अन्तरवार्ता प्रश्नावली

विद्यालय को नाम :

ठेगाना :

प्रधानाध्यापक वा शिक्षकको नाम :

मोवाइल नं :

मिति :

---

अन्तरवार्ता लिने व्यक्तिलाई निर्देशन

- यो अन्तरवार्ता प्रधानाध्यापकलाई छुट्टै लिनु पर्नेछ ।
- शिक्षकहरूलाई अन्तरवार्ता लिने बेलामा एक वा एक भन्दा बढी शिक्षक समावेश गरी लिन सकिने छ ।
- उत्तरदाताले दिएको उत्तर सङ्कलन गर्न Audio Tape Recorder प्रयोग गर्न सकिने छ वा छुट्टै कपिमा प्रश्नअनुसार उत्तर लेख्नु पर्नेछ ।
- उत्तर लिंदा वा लेख्दा 'हो' वा 'होइन' मात्र लेख्ने होइन, उनीहरूको भनाई नै लेख्नु पर्नेछ ।
- उत्तरदाताले उत्तर दिन नसकेमा सम्बन्धित प्रश्नमै दिइएका प्रोम्प्ट (Prompts) प्रयोग गरी उत्तर प्राप्त गर्नु पर्नेछ ।

---

### १. उदार कक्षोन्नति नीति

१.१ हालै आधारभूत कक्षाहरूमा उदार कक्षोन्नति नीति अनुरूप विद्यार्थीहरूलाई कक्षा चढाउने कार्य भइरहेको छ । यसै सन्दर्भमा तपाईको विद्यालय को विभिन्न कक्षाहरूमा विद्यार्थीहरूलाई कसरी कक्षोन्नति गर्ने गरेको छ ?

१.२ विशेषतः कक्षा ३, ५ र ८ मा विद्यार्थी उत्तीर्ण प्रतिशत कति कति छ ?

**२. निरन्तर मूल्याङ्कन प्रणाली र सिकाइ उपलब्धि**

२.१ हालै आधारभूत कक्षाहरूमा निरन्तर मूल्याङ्कन प्रणाली (कास) अपनाई विद्यार्थीहरूको सिकाइ उपलब्धि निर्धारण गर्ने प्रावधान राखेको छ। यसै सन्दर्भमा तपाईको विद्यालय मा सिकाइ उपलब्धि कसरी निर्धारण गर्ने गरेका छ ?

२.२ यदि परीक्षा लिने गरेको छ भने तपाईले अध्यापन गर्ने विषयहरूमा विद्यार्थीहरूको औसत सिकाइ उपलब्धि कति छ ? कति जना उत्तीर्ण र कति जना अनुत्तीर्ण भए ?

२.३ कक्षा ३, ५ र ८ को परीक्षाकौ नतिजाको विश्लेषण गर्ने गरेको छ ? (उत्तर दिन गाह्रो ठानेमा तल दिइएका प्रोम्प्ट (Prompts) प्रयोग गर्ने। जस्तै,

– विषयगत औसत अङ्क निकाल्ने

– प्रामाणिक विचलन निकाल्ने

– विद्यार्थीको प्राप्ताङ्कलाई ० देखि २५ प्रतिशत, २६ देखि ५० प्रतिशत, ५१ दे्खि ७५ प्रतिशत र ७६ देखि १०० प्रतिशत भित्र कति कति जना परे देखाउने।

२.४ तपाईलाई **विद्यार्थीहरूको सिकाइ उपलब्धि को राष्ट्रिय परीक्षण** (नासा) बारे केही जानकारी छ ? जानकारी छ भने कक्षा ३, ५ र ८ मा विभिन्न विषयमा विद्यार्थीहरूको औसत सिकाइ उपलब्धिबारे तपाईलाई थाहा भएको कुरा उल्लेख गर्नुहोस।

तपाईको विद्यालय का विद्यार्थीहरूको कक्षागत सिकाइ उपलब्धि नासाको तुलनामा के कस्तो छ ? उल्लेख गर्नुहोस।

**३. अध्यापनसम्बन्धी अभ्यासहरू (पेडागोगिकल प्राक्टिसेज)**

३.१ तपाई आफूले अध्यापन गर्ने विषय कुन कुन विधि प्रयोग गरेर अध्यापन गर्नु हुन्छ ?
(उत्तर दिन गाह्रो ठानेमा तल दिइएका शिक्षण विधिहरू नाम उल्लेख गरी प्रोम्प्ट (Prompts) प्रयोग गर्ने।)

शिक्षक केन्द्रीत विधिहरू

- व्याख्यान
- प्रदर्शन
- प्रश्न उत्तर
- मस्तिष्क मन्थन (Brain storming)

विद्यार्थी केन्द्रीत विधिहरू

- कार्यक्षेत्र भ्रमण (Field trip)

- सानो प्रायोजना (Mini project)
- समस्या समाधान
- समूह कार्य
- पारस्परिक सिकाई (Collaborative learning)
- भूमिका अभिनय (Role play)

सामग्री केन्द्रित र कार्य उन्मुख विधिहरू

- प्रदर्शनी
- चलचित्र वा भिडियो प्रदर्शन
- पुतली प्रदर्शन (Puppet show)
- पहेली र खेल (Puzzles and games)

३.२ विद्यार्थीहरूले बुझोस नबुझोस, तपाई अध्यापन गर्दै जानु हुन्छ ? यसबारे आफ्नो भनाई राख्नु होस ।
विषय बस्तु अनुसारको विधि प्रयोग गर्न नसक्नुको के कारण होला ?
(उत्तर दिन गाह्रो ठानेमा तल दिइएका विधिहरू नाम उल्लख गरी प्रोम्प्ट गर्ने ।
अध्यापन विधिबारे ज्ञानको कमी
समय नभएको
प्रधानाध्यापकले प्रोत्साहन नदिएको
अभिरुचि नभएको)

३.३ तपाई रिफ्लेक्टिभ प्राक्टिसनर (Reflective Practitioner) बन्न खोज्नु भएको छ ? अर्थात तपाईले सिकाउन खोज्नु भएको कुरा विद्यार्थीहरूले बुझ्न नसकेमा तपाईले कक्षाभित्रै कहिल्यै सोच्नु भएको छ तिनीहरूले किन सिक्न सकेनन् र उनीहरूले बुझ्ने गरी कसरी सिकाउन सकिन्छ ?
सोची सकेपछि सोही अनुसार सिकाउनु भएको छ ?
एउटा उदाहरण सहित उत्तर दिनु होस । (उत्तरदातालाई अप्ठ्यारो नपर्ने गरी सोध्ने ।)
यसरी नै कक्षा बाहिर आईसकेपछि तपाईले सिकाएका कुरा विद्यार्थीहरूले बुझेनन् भने किन बुझेनन् होला कहिल्यै सोच्नु भएको छ ? अव कसरी बुझ्ने गरी पढाउनु पर्दछ सोच्नु भएको छ ?
एउटा उदाहरण सहित उत्तर दिनु होस । (उत्तरदातालाई अप्ठ्यारो नपर्ने गरी सोध्ने ।)
३.४ कक्षा भित्र आनन्ददायक किसिमले सिकाउने सिक्ने विधि (Joyful learning) र अभ्यास गराउने विधि प्रयोग गर्नु भएको छ ? एउटा उदाहरण सहित उत्तर दिनु होस । (उत्तरदातालाई अप्ठ्यारो नपर्ने गरी सोध्ने ।)

३.५ .तपाईले विद्यार्थीहरूको सिकाइलाई कण्ठ गर्नेबाट अर्थपूर्ण सिकाइ तर्फ लाने प्रयाश गर्नु भएको छ ? एउटा उदाहरण सहित उत्तर दिनु होस । (उत्तरदातालाई अप्ठ्यारो नपर्ने गरी सोध्ने ।)

**४. सिकारुको जन्मजात गुण**

४.१ बालबालिकाहरू केही गुणहरूसहित जन्मेका हुन्छन् । तिनीहरूमध्ये सिक्ने क्षमता एक हो । सिक्ने क्षमताको सन्दर्भमा तपाईको विद्यालय मा विद्यार्थीहरूको स्थिति कस्तो छ ?

४.२ कस्ले छिटो र राम्ररी सिक्दछन् ?

कस्ले ढिलो सिक्दछन् वा सिक्न सक्दैनन् ?

(उत्तर दिन गाह्रो ठानेमा तल दिइएका जानकारी उल्लेख गरी प्रोम्प्ट (Prompts) प्रयोग गर्ने ।

- केटा वा केटी
- जाति जनजाति
- परिवारको सामाजिक स्थिति
- परिवारको आर्थिक स्थिति
- आमावुवाको पेशा
- आमावुवाले आफ्नो बालबालिकाहरूको सिकाइमा प्रदान गर्नेसहयोग

अन्य भए उल्लेख गर्नृहोस ।

४.३ तपाईले सिकाइ असक्षमता (Learning disability) र सिकाइ कठिनाई (Learning difficulty) भएका विद्यार्थीहरू छुट्याउन सक्नु भएको छ ?

ती विद्यार्थीहरूलाई तपाईले कसरी सम्बोधन (Handle) गर्नु भएको छ ?

४.४ यदि तपाइको विद्यालय मा अपाङ्गता भएका विद्यार्थीहरू छन् भने उनीहरूको सिकाइलाईृ कसरी सम्बोधन गर्नु भएको छ ?

**५. विद्यालय व्यवस्थापन समिति**

५.१ शिक्षा ऐन तथा नियमावली अनुसार गठित विद्यालय व्यवस्थापन समितिले कसरी कार्य गरिरहेको छ ?

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरूले विद्यालय को विकास तथा शिक्षण सुधार र विद्यालय मा सिकाइ वातावरण तयार गर्नका लागि कसरी योगदान दिइरहेका छन् ?

५.२ विद्यालय व्यवस्थापन समितिको बैठकमा विद्यालय प्रभावकारिताबारे के कस्तो छलफल हुन्छ ? ( प्रधानाध्यापक र वि.व्य.स.मा शिक्षक प्रतिनिधिसित सोध्नु पर्ने)

५.३ विद्यालय व्यवस्थापन समितिले शिक्षण सुधारमा लक्षित गरी अनुगमन गर्ने गरेको छ ?

५.४ विद्यालय व्यवस्थापन समितिको कार्यहरूमध्ये विद्यालय को शैक्षिक स्तर बृद्धि गर्न आवश्यक सामान

तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने एक हो ? यो कार्य विद्यालय व्यवस्थापन समितिले कसरी गरिरहेको छ ?

५.५ शिक्षाको गुणस्तर कायम गर्न शिक्षक अभिभावक संघ गठन गर्नै विद्यालय व्यवस्थापन समितिको अर्को कार्य .हो ? यो कार्य कसरी सम्पन्न गरिएको पाउनु भएको छ ?

**६. शिक्षक–अभिभावक संघ**

६.१ शिक्षा नियमावली, २०५९ अनुसार शिक्षक–अभिभावक संघको कार्यकारी समितिले विद्यालय मा शिक्षकको गुणस्तर कायम गर्नका लागि आवश्यक कार्य गर्ने भन्ने उल्लेख भएको छ ? यो कार्य कसरी भइरहेको छ ?

६.२ शिक्षा नियमावली, २०५९ अनुसार शिक्षक–अभिभावक संघको कार्यकारी समितिको विद्यालय को शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने एक कार्य हो ? यो कार्य कसरी भइरहेको छ ?

## ७. शिक्षकको व्यवस्था र भूमिका

७.१ विभिन्न विषयहरू अध्यापन गर्न विषयगत शिक्षकको व्यवस्था कसरी मिलाइएको छ ? विषयगत शिक्षकको कमीले विद्यार्थी र शिक्षक दुवैलाई कस्तो गाह्रो भएको पाइएको छ ?

७.२ योग्य र तालिमप्राप्त शिक्षक नियुक्ति कसरी गर्ने गरेको छ ?

७.३ शिक्षकहरूको् सहयोगका लागि शिक्षक सहयोग प्रणालीको कस्तो व्यवस्था गरिएको् छ ?

(उत्तर दिन गाह्रो ठानेमा प्रोम्प्ट (Prompts) प्रयोग गर्ने । जस्तै विशेष प्राविधिक सहयोग तथा आर्थिक प्रोत्साहन)

७.४ शिक्षकहरू देहायका कार्यमा कति सक्षम छन् ?

– शिक्षकले दिनमा कति समय काममा बिताउँछन् ? (कति समय शिक्षणमा, कति समय शिक्षणको तयारीमा, कति समय गृहकार्य र कक्षा कार्य जाँच्ने कार्यमा बिताउने गर्दछन् र पृष्ठपोषण दिने कार्यमा बिताउने गर्दछन ?)

– शिक्षकहरूले पाठ्यक्रम कतिको हेर्दछन् ?

– शिक्षकहरू पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धि सित कति परिचित छन् ?

– शिक्षणप्रति उनीहरूको मनोवृति कस्तो छ ?

– शिक्षकहरूसित सूचना तथा सञ्चार प्रविधिको कतिको ज्ञान छ ?

– शिक्षकहरू बार्षिक शैक्षिक योजना र शिक्षण सुधार योजना योजना बनाई तिनीहरूलाई कार्यान्वयन गर्दछन् ?

– शिक्षकहरू विद्यार्थीहरूको गृहकार्य र कक्षाकार्य र परीक्षाको उत्तर कपि परीक्षण गर्ने

– परीक्षा नतिजाको तयारी गर्ने र प्रकाशन गर्ने कार्यमा शिक्षकहरूलाई कसरी संलग्न गरिएको छ ?

– परीक्षा नतिजाको विश्लेषण गर्ने तथा सिकाइ सुधार गर्न पृष्ठपोषण लिने वा दिने कार्य कसरी भइरहेको छ ?

७.५ शिक्षकहरूको बैठक हप्ताको कति पटक र कुन कुन समयमा हुन्छ ? बैठकमा कस्तो विषयमा छलफल हुन्छ ? बैठकको निर्णयको कार्यान्वयनले विद्यार्थीहरूको सिकाइमा सुधार ल्याउन कत्तिको सहयोग गरेको छ ?

## ८. प्रधानाध्यापकको भूमिका

८.१ विद्यार्थीहरूको सिकाइ उपलब्धि सुधारका लागि रणनीतिक योजना बनाउन देहायका कार्य गरेको छ ?


- परीक्षाको नतिजाको विश्लेषण र अभिव्यक्त गर्न
- त्यस्को आधारमा रणनीतिक योजना तयार गर्न
- रणनीतिक योजनाको कार्यान्वयन गर्न

८.२ विद्यार्थीहरूको सिकाइ उपलब्धि सुधारका लागि प्रधानाध्यापकले खेलेको नेतृत्वदायी भूमिका कस्तो छ ? तलको लेखाचित्र (ग्राफ)को आधारमा विश्लेषण गरी उत्तर दिनुहोस् ।

उच्च

**शिक्षकप्रति चासो**

न्यून



न्यून उच्च

सिकाइ उपलब्धि **प्रति चासो**

८.३ प्रधानाध्यापकले विद्यार्थीहरूको सिकाइ उपलब्धि मा सुधार हुने गरी अध्यापन गर्न गराउन शिक्षकहरूलाई कसरी उत्प्रेरित गरेका छन् ?

८.४ अद्यावधिक तथ्याङ्कका लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको कस्तो व्यवस्था गरेको छ ? त्यस्को प्रयोग के के लागि गरिएका छन् ?

८.५ विद्यालय को प्रभावकारिताका लागि प्रधानाध्यापक कत्तिको समर्पित छन् ?

## ९. सांस्कृतिक निरन्तरता भएको/निरन्तरता नभएको

९.१ देहायका विषयमा घर–विद्यालय बीच मेल नभएको अवस्था (Home-school mismatch) बारे तपाईको के विचार छ ?

- विद्यार्थीहरूमा भाषिक क्षमताको कमी (Language deficit)
- घर–विद्यालय बीच भाषिक विभिन्नता (Linguistic difference)

– घर–विद्यालय  बीच सांस्कृतिक विभिन्नता (Cultural difference)

९.२  उल्लेखित घर–विद्यालय  बीच मेल नभएको अवस्थाले विद्यार्थीहरूको सिकाइ उपलब्धि लाई कसरी प्रभाव पारिरहेको छ ? र यसलाई न्यून गर्न के गर्नु पर्ला ?

९.३  बहुभाषिक र बहुसाँस्कृतिक कक्षामा विद्यार्थीको सिकाइ उपलब्धि  कस्तो पाउनु भएको छ ? यस्तो कक्षाहरूमा विद्यार्थीहरूको सिकाइ उपलब्धि  राम्रो पार्न के गर्नू पर्ला ?

१०. **परिवारको सांस्कृतिक पुँजि अर्थात गैर आर्थिक सम्पति**

१०.१  विद्यार्थीको परिवारका सदस्यहरूको शिक्षा, वोलिचालिको शैली, भेशभुषाले उनीहरूको सिकाइ उपलब्धि मा कुन किसिमले प्रभाव पार्न सक्दछ ?

१०.२  परिवारको सांस्कृतिक पुँजिलाई ध्यानमा राखेर अध्यापन गर्न के गर्नु पर्ला ? आफ्नो विचार व्यक्त गर्नुहोस ।

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि**

**शैक्षिक परिवर्तन प्रतिष्ठानले गरेको**

**उच्च तथा न्यून सिकाइ उपलब्धि सित सम्बद्ध तत्वहरू : विद्यालय  केस/मामला अध्ययन**

**कक्षा ३ र ५ का विद्यार्थीसित समूह छलफलका लागि मार्ग निर्देशन**

**र**

**कक्षा ८ का विद्यार्थीसित समूह छलफलका लागि मार्ग निर्देशन**

विद्यालय को नाम :

विद्यार्थीको कक्षागत नामावली :

मिति :

---

सिकाइ उपलब्धि को लागि देहायका विषयमा छलफल गर्नुहोस ।

१. पाठ्यपुस्तकको व्यवस्था र अवस्था

२. सिकाइ सामग्री : राम्रो खालको कपि तथा सिसाकलम र कलम

३. राम्रो पढाउने शिक्षक/शिक्षिकाले प्रयोग गर्ने शिक्षण विधि

४ केले तिमीहरूलाई सिक्न लगाउँछ ?

५. परीक्षाहरू

तिमीहरूलाई परीक्षा लिन्छ ?

तिमीहरूलाई परीक्षा कतिको मन पर्छ ?

६. विद्यालय  र कक्षाभित्र सिकाइ वातावरण

७. घरमा सिकाइ वातावरण तथा घरमा पढ्ने ठाउँ र समय

८. सिक्न गाह्रो विषयहरू

९. विद्यार्थीको सिकाइ कठिनाई र त्यसलाई हटाउने उपायहरू

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि**

**शैक्षिक परिवर्तन प्रतिष्ठानले गरेको**

**उच्च तथा न्यून सिकाइ उपलब्धि सित सम्बद्ध तत्वहरू : विद्यालय केस/मामला अध्ययन**

**विद्यालय व्यवस्थापन समिति र शिक्षक–अभिभावक संघका अध्यक्ष तथा सदस्यहरूसित समूह छलफलका लागि मार्ग निर्देशन**

विद्यालय को नाम :

विद्यार्थीहरूको विषयगत नामावली :

मिति :

---

१. तल्लो कक्षाबाट माथिल्लो कक्षामा चढाउन प्रयोग भइरहेको उदार कक्षोन्नति नीति र निरन्तर मूल्याङ्कन प्रणालीबारे प्रतिक्रिया

२. विद्यार्थीको सिकाइ उपलब्धि सित सन्तुष्टि र असन्तुष्टि

३. सन्तुष्टि वा असन्तुष्टिका कारणहरू

४. शिक्षक सहयोगका लागि गरेका कार्यहरू

५. विद्यार्थीहरूको सिकाइ उपलब्धि राम्रो पार्ने उपायहरू

५. शिक्षा नियमावली, २०५९ अनुसार शिक्षक–अभिभावक संघको कार्यकारी समितिले विद्यालय मा शिक्षकको गुणस्तर कायम गर्नका लागि आवश्यक कार्य गर्ने भन्ने उल्लेख भएको छ ? यो कार्य कसरी भइरहेको छ ?

६. शिक्षा नियमावली, २०५९ अनुसार शिक्षक–अभिभावक संघको कार्यकारी समितिको विद्यालय को शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने एक कार्य हो ? यो कार्य कसरी भइरहेको छ ?

७. विद्यार्थीहरूको सिकाइ उपलब्धि बारे अभिभावकको सचेतना

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि**

**शैक्षिक परिवर्तन प्रतिष्ठानले गरेको**

**उच्च तथा न्यून सिकाइ उपलब्धि सित सम्बद्ध तत्वहरू : विद्यालय  केस/मामला अध्ययन**

**व्यक्ति विद्यार्थीको केस/विशेष अध्ययनका लागि अन्तरवार्ता प्रश्नावली**

(छिटो सिक्ने विद्यार्थीका लागिं)

विद्यालय को नाम :

विद्यार्थीहरूको नाम :

कक्षा :

मिति :

---

१. तिमी कक्षामा कुन स्थानमा छौ ? पहिलो, दोस्रो, तेस्रो ...................... ।

२. यदि परीक्षा लिएको थियो भने गत वर्षको परीक्षामा कति प्रतिशत अङ्क पाएका छौ ?

३. के ले तिमीलाई यो स्थानमा ल्याउन सहयोग गऱ्यो ?

४. शिक्षकको सिकाउने शैलीले कस्तो सहयोग गऱ्यो ?

५. घरको सिकाइ वातावरणले कस्तो सहयोग गऱ्यो ?

६. परिवारका सदस्यहरूले दिएको हौसला कस्तो थियो ?

७. आफ्नै क्षमता र प्रयासले गर्दा तिमीलाई छिट्टै बुझ्न सहयोग गरेको हो ?

८. तिमी धरमा पढाइमा कति समय दिन्छौ ?

९. तिम्रो परिवारले चाहिने जति सिकाइ सामग्री उपलब्ध गराइ दिएको छ ?

१०. टिभि र मोवाइलले पढाइमा कतिको प्रभाव पारेको छ ?

११. विद्यालय मा भयरहित वातावरण छ र कक्षाकोठामा दण्डरहित सिकाइको व्यवस्था छ ?

१२. छात्रा भए, विद्यालय  छात्रा मैत्री छ ?

१३. अन्य कारण भए उल्लेख गर्नुहोस ।

(सिकाइ कठिनाइ भएको विद्यार्थीका लागिं)

विद्यालय को नाम :

विद्यार्थीहरूको नाम :

**शैक्षिक गुणस्तर परीक्षण केन्द्रका लागि**

**शैक्षिक परिवर्तन प्रतिष्ठानले गरेको**

**उच्च तथा न्यून सिकाइ उपलब्धि सित सम्बद्ध तत्वहरू : विद्यालय  केस/मामला अध्ययन**

## व्यक्ति विद्यार्थीको केस/विशेष अध्ययनका लागि अन्तरवार्ता प्रश्नावली

कक्षा :

मिति : ____________________

१. तिमी कक्षामा कुन स्थानमा छौ ?

२. तिमीलाई सिक्न गाह्रो पार्ने तत्वहरू के के हुन् ?

३. के ले तिमीलाई ढिलो सिक्ने बनायो ?

उत्तर दिन गाह्रो ठानेमा तल दिइएका जानकारी उल्लेख गरी प्रोम्प्ट (Prompts) प्रयोग गर्ने ।

- शिक्षकहरू सिकाउने शैली सिकाइ कठिनाइ भएका विद्यार्थीलाई सहयोग नगरेको
- घरमा सिकाइ वातावरण नभएको
- परिवारका सदस्यहरूले दिएको हौसला अपर्याप्त
- आफ्नै क्षमता र प्रयास कम भएको
- पढाइमा भन्दा खेल्ने बढी ध्यान दिएको
- परिवारले चाहिने जति सिकाइ सामग्री उपलब्ध नगराएको
- टिभि र मोवाइलमा बढी समय लगाएको
- विद्यालय मा भयरहित वातावरण नभएको र कक्षाकोठामा दण्डरहित सिकाइको व्यवस्था नभएको
- छात्रा भए, विद्यालय  छात्रा मैत्री नभएको

१३. अन्य कारण भए उल्लेख गर्नुहोस् ।

## अनुसूची २ अध्ययनमा संलग्न अनुसन्धानकर्ता र जिम्मेवारी

| नाम | शैक्षिक योग्यता | संलग्नता कार्य | हाल/पूर्व कार्यविवरण | अध्ययनमा मुख्य जिम्मेवारी | जिम्मेवारी |
|---|---|---|---|---|---|
| अरविन्द लाल भोमी | पिएचडी | ३० वर्ष बढी | प्राध्यापक | टोलीनेता | काभ्रे |
| अग्निप्रसाद काफ्ले | पिएचडी | ३० वर्ष बढी | सदस्य सचिव CTEVT | अनुसन्धानकर्ता | रुकुम |
| शोभियतराम विष्ट | एम.एड. | ३० वर्ष बढी | उपसचिव | अनुसन्धानकर्ता र संयोजन | काभ्रे |
| इन्द्रबहादुर श्रेष्ठ | एम.एड. | ३० वर्ष बढी | उपसचिव | अनुसन्धानकर्ता | रुकुम |

**अनुसूची ३ कार्यतालिका**

| के | कहिले |
|---|---|
| साधन निर्माण, छलफल र सुझाव सङ्कलन | २०७३ बैशाख मसान्त |
| फिल्ड कार्य/सूचना/तथ्याङ्क सङ्कलन | २०७३ जेष्ठको पहिलो हप्ता |
| सूचना/तथ्याङ्क सङ्कलन | २०७३ जेष्ठको दोस्रो हप्ता |
| प्रतिवेदन लेखन | २०७३ जेष्ठको तेस्रो र चौथो हप्ता |
| मस्यौदा प्रतिवेदन बुझाउने | २०७३ असारको पहिलो हप्ता |
| सुझाव सङ्कलन र अन्तिम प्रतिवेदन प्रस्तुत | २०७३ असारको दोस्रो हप्ता |